धनुषा जनकपुर नेपाल ०४१- ४२००९६

**उत्पादित देशको रजिष्टर नं.** PD 20184267

**नेपालमा पञ्जीकरण गरिएको नः**

0014-INS-WP-2025




**बिषादीको प्रयोग गर्नु पूर्व सूचकपत्र अध्ययन गर्नुहोस् ।**

**जीवनाशक विशादी बिष हो, औषधी होइन । अतः विषादीको प्रयोग पूर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस् ।**

**क्लोरएन्ट्रानिलिप्रोल ०.४% जी आर**

Chlorantraniliprole 0.4% GR

**बोफोर्स जी आर**

दैहिक कीटनाशक विषादी

**सिफारिस:**

| बाली | कीरा | प्रति हेक्टर वा २० रोपनीका लागि सिफारिस मात्रा (के.जी) | विषादी छरेपछि फल टिप्नु वा काट्नु अघि पर्खने अवधि |
|---|---|---|---|
| उखु | गवारो (Borer-Early Shoot Borer, Top Borer) | १८.७५ | १४७ |
| धान | पहेलो डाठको गवारो (Yellow Stem Borer), पात बेरुवा (Leaf folder) | १० | ५३ |

**प्रयोग गर्ने विधि:** यो विषादी धानमा प्रति हेक्टर १० के.जीका दरले रोपेको १५ देखि ३५ दिन भित्र सवैतिर समानरुपमा पर्ने गरी छर्ने । उखुमा प्रति हेक्टर १८.७५ के.जीका दरले विरुवा रोप्दा नालीमा वा बिरुवामा डाँठ निस्कने अवस्थामा विरुवाको फेदमा विषादी प्रयोग गर्दा यसले शुरुदेखि पहिले लाग्ने डाँठको गवारो (early shoot borer) र टप बोररका अण्डा वा प्रारम्भिक लार्भा अवस्था देखिँदै (eggs/ young larval stage) तुरुन्तै प्रयोग गर्दा कीराको राम्रो नियन्त्रण हुन्छ। । विषादीको प्रयोग पश्चात हल्का सिचाई गर्नुहोस् ।

**यो विषादी प्रयोग गर्दा देहायका सावधानी अपनाउनु पर्छ ।**

विषादी प्याकेट खोल्दा वा विषादी छर्कदा पञ्जा, रवर वुट, चश्मा ग्याँस मास्क तथा पुरा शरीर ढाक्ने सुरक्षात्मक पहिरनको प्रयोग गर्नुहोस् । मुख, आँखामा एवंम छालामा विषादीको सिधा सम्पर्क हुन नदिनुहोस् । विषादी शरिरमा पर्न दिनुहुदैन । बिषादी छरी सके पछि सर्म्पकमा आएका कपडाहरु राम्रोसगं धुनुहोस् र नुहाउनुहोस् । बिषादी छर्दा खाने, चपाउने, पिउने, धुम्रपान गर्नु हुदैन ।

**मानिसलाई यो विषादीको बिष लागेको अवस्थामा**

शरीरमा स्फूति नहुनु, आखाँमा आँसु आउनु, धमिलो दृष्टि हुनु, नाकबाट तरल बग्नु जस्ता लक्षण देखापर्दछ ।

**बिष लाग्दा अपनाउनुपर्ने प्राथमिक उपचार**

विषादीको सम्पर्क भएको लुगा हटाउनुहोस् र छालालाई साबुन र पानीले राम्ररी धुनुहोस्। यदि आँखामा विषादी सम्पर्क भएमा आँखा खुला राख्नुहोस् र कम्तिमा १५ मिनेटसम्म सफा पानीले छम्कनुहोस् र तुरुन्त डाक्टरको सल्लाह लिनुहोस्।

**एण्टिडट**

बिशेष किसिमको एण्टिडट छैन । लक्षणको आधारमा उपचार गर्ने ।

**प्रयोग गरीएका भाँडाको बिसर्जन**

विषादी राखिएको प्याकेट कहिल्यै पुनः प्रयोग (पानी, खाना, तेल राख्न) नगर्नुहोस् । विषादीको खाली खोलहरु वा अन्य विषादीयुक्त सामग्रीहरू र विषादी सफा गरेको पानीको उचित व्यवस्थापन गर्नु विषादी उत्पादक, प्रयोगकर्ताहरुको कर्तव्य हुनेछ। वातावरणीय वा पानी प्रदूषण हुन नदिनका लागि खालि कन्टेनरहरू आवासीय क्षेत्रबाट टाढाँ १/२ मिटर गहिरो खाँडलमा सुरक्षित तरिकाले नष्ट गर्नुपर्नेछ ।

**भण्डारणको अवस्था**

विषादी भएका प्याकेजहरूलाई अन्य वस्तुहरू भण्डारण गर्न प्रयोग गरिने कोठा वा परिसरबाट टाढा छुट्टै कोठा वा परिसरमा भण्डारण गर्नुपर्छ वा विषादीको मात्रा र प्रकृति अनुसार छुट्टै दराजमा ताला र चाबी लगाई राख्नुपर्छ। विषादी भण्डारण गर्नको लागि बनाइएको कोठा ढलान गरेको, नसोस्ने, प्रयाप्त उज्यालो भएको, सुख्खा, हावा चल्ने हुनुपर्छ। आधिकारीक व्यक्तिहरूको मात्र पहुँच हुने गरी विषादीको प्याकेट र कन्टेनरहरू सुख्खा ठाउँमा भण्डारण गर्नुहोस् । विषादीलाई खाना, पेय पदार्थ, पशु आहारा, औषधि, वा मलखादबाट टाढा राख्नुहोस् ।

**प्रयोग गर्नु पूर्व पर्चामा लेखिएको जीवनाशक बिषादी बारेमा संपूर्ण जानकारी पढनुहोस् र पालना गर्नुहोस् ।**

**सावधानी** बच्चाको पहुँचबाट टाढा राख्नुहोस



**सावधान, हरियो**
**(कृषि प्रयोजनका लागि मात्र)**

यो जीवनाशक बिषादीको बारेमा कुनै गुनासो भएमा प्लाण्ट क्वारेन्टाइन तथा बिषादी व्यवस्थापन केन्द्रका सूचना अधिकृतलाई ०१-५०१०१११ नं. मा फोन गर्नुहोस् । वा info@npponepal.gov.np मा इमेल गर्नुहोस्।

**बिषादीको उत्पादक र वितरकको नाम ठेगाना :**

भलरिच क्प साइन्स प्रा.लि प्लट नं १२,
गोदाम नं. १ र ३,जी.आइ.डी.सी.,सोजित्रा,
आनन्द-387240, गुजरात, भारत

**पञ्जीकरणकर्ताको नाम ठेगाना र सर्म्पक नं:**

ईस्ट बेष्ट एग्रो केमिकल्स प्रा.लिमिटेड,
मुनाल पथ महानगरपालिका २, विराटनगर मोरङ्ग, पर्सा ९८५५०२१०८९

उत्पादित देशको रजिष्टर नं. CIR-336173 |2023-CHLORANTRANILIPROLE (CR) (450)_868

नेपालमा पंजीकरण गरिएको नं.

0015-INS-GR-2025




**बिषादीको प्रयोग गर्नु पूर्व सूचकपत्र अध्ययन गर्नुहोस् ।**

**जीवनाशक विषादी बिष हो, औषधी होइन । अतः विषादीको प्रयोग पूर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस् ।**

एजाडिरक्टिन ०.०३% ई सी

Azadiractin 0.03% EC

# नीमराज ३०० पीपीएम

सम्पर्क र आन्तरिक कार्य प्रकृतिका नीममा आधारित कीटनाशक विषादी

**सिफारिस**

| बाली | कीराहरुको नाम | प्रति हेक्टर वा २० रोपनीका लागि सिफारिस मात्रा | | विषादी छरेपछि फल टिप्नु वा काट्नु अघि पर्खने अवधि | एम. एल. / प्रति लिटर पानीमा |
|---|---|---|---|---|---|
| | | यस विषादीको आवश्यक मात्रा ( एम. एल.) | विषादी घोल्न जम्मा चाहिने पानी (लि.) | | |
| कपास | लाही (Aphids), फलको गबारो कीरा (Bollworm) | २५०० | ५०० | ५ दिन | ५ |
| धान | पात बेरुवा (Leaf Folder), डाँठमा प्वाल पार्ने गवारो (Stem borer) | २००० | १००० | ५ दिन | २ |

**प्रयोग गर्ने बिधि**

विषादीको घोल बनाउँदा छर्कने ट्याकींको आधा मात्रासम्म पानी राखेर विषादीको मात्रा हाल्नुहोस् र राम्रोसँग घोल्नुहोस् । यसपछि आवश्यक पर्ने पानीको मात्रा थपेर फेरि चलाउनुहोस् । तयार भएको विषादीको घोल तुरुन्त छर्कर्नुहोस् । यो विषादी न्यापस्याक स्प्रेयरमा होलो कोन नोजलको प्रयोग गरी छनुपर्दछ ।

**यो विषादी प्रयोग गर्दा देहायका सावधानी अपनाउनु पर्छ ।**

विषादी प्याकेट खोल्दा, घोल तयार गर्दा वा विषादी छर्कदा पञ्जा, रवर वुट, चश्मा ग्याँस मास्क, टोपी तथा पुरा शरीर ढाक्ने सुरक्षात्मक पहिरनको प्रयोग गर्नुहोस् । विषादी छर्कदा छिटाहरु नाक मुखबाट भित्र प्रवेश गर्न दिनु हुदैन । साथै मुख, आँखामा एवंम छालामा विषादीको सिधा सर्म्पक हुन नदिनुहोस् । बिषादी छरी सके पछि सम्पर्कमा आएका कपडाहरु राम्रोसगं धुनुहोस् र नुहाउनुहोस् । बिषादी छर्दा खाने, चपाउने, पिउने, धुम्रपान गर्नु हुदैन ।

**मानिसलाई यो विषादीको बिष लागेको अवस्थामा**

टाउको दुख्ने, वाकवाकी, बान्ता, चक्कर लाग्ने, ऐठन वा मांसपेशीमा दवाव र छाला चिलाउने तथा जलन जस्ता लक्षण देखापर्दछ ।

**बिष लाग्दा अपनाउनुपर्ने प्राथमिक उपचार**

यदि विषादी निलेमा तुरुन्त मुखमा औलाको सहायताले पछाडिको भागमा चलाएर बान्ता गराउनुहोस् । बिरामी बेहोस भएमा बान्ता गराउने काम नगर्नुहोस् । विषादीको सम्पर्क भएको लुगा हटाउनुहोस् र छालालाई साबुन र पानीले राम्ररी धुनुहोस् । यदि आँखामा विषादी सम्पर्क भएमा आँखा खुला राख्नुहोस् र कम्तिमा १५ मिनेटसम्म सफा पानीले छम्कनुहोस् र तुरुन्त डाक्टरको सल्लाह लिनुहोस् । स्वासप्रस्वासमार्फत विषाक्तता भएमा पर्याप्त हावा खेल्ने ठाउँमा विरामीलाई राख्नुहोस् ।

**एण्टिडट**

यी विषादीको विशेष एण्टिडट छैन। लक्षणको आधारमा उपचार गर्नुहोस् ।

**प्रयोग गरीएका भाँडाको बिसर्जन**

विषादी राखिएको प्याकेट कहिल्यै पुनः प्रयोग (पानी, खाना, तेल जस्ता खानेकुरा राख्न) नगर्नुहोस् । विषादीको खाली खोलहरु वा अन्य विषादीयुक्त सामग्रीहरू र विषादी सफा गरेको पानीको उचित व्यवस्थापन गर्नु विषादी उत्पादक, प्रयोगकर्ताहरुको कर्तव्य हुनेछ । वातावरणीय वा पानी प्रदूषण हुन नदिनका लागि खालि कन्टेनरहरू आवासीय क्षेत्रबाट टाढाँ १/२ मिटर गहिरो खाँडलमा सुरक्षित तरिकाले नष्ट गर्नुपर्नेछ ।

**भण्डारणको अवस्था**

विषादी भएका प्याकेजहरूलाई अन्य वस्तुहरू भण्डारण गर्न प्रयोग गरिने कोठा वा परिसरबाट टाढा छुट्टै कोठा वा परिसरमा भण्डारण गर्नुपर्छ वा विषादीको मात्रा र प्रकृति अनुसार छुट्टै दराजमा ताला र चाबी लगाई राख्नुपर्छ। विषादी भण्डारण गर्नको लागि बनाइएको कोठा ढलान गरेको, नसोस्ने, प्रयाप्त उज्यालो भएको, सुख्खा, हावा चल्ने हुनुपर्छ । आधिकारीक व्यक्तिहरूको मात्र पहूँच हुने गरी विषादीको प्याकेट र कन्टेनरहरू सुख्खा ठाउँमा भण्डारण गर्नुहोस् । विषादीलाई खाना, पेय पदार्थ, पशु आहारा, औषधि, वा मलखादबाट टाढा राख्नुहोस् ।

**थप जानकारी का लागी**

**प्रयोग गर्नु पूर्व पर्चामा लेखिएको जीवनाशक बिषादी बारेमा संपूर्ण जानकारी पढनुहोस् र पालना गर्नुहोस् ।**

**सावधानी**

बच्चाको पहुँचबाट टाढा राख्नुहोस



**सावधान, हरियो**

**(कृषि प्रयोजनका लागि मात्र)**

यो जीवनाशक बिषादीको बारेमा कुनै गुनासो भएमा प्लान्ट क्वारेन्टाइन तथा बिषादी व्यवस्थापन केन्द्रका सूचना अधिकृतलाई ०१-५०१०१११ नं. मा फोन गर्नुहोस् । वा info@npponepal.gov.np मा इमेल गर्नुहोस् ।

विषादीको उत्पादक र वितरकको नाम ठेगाना: **नीम इन्डिया प्रोडक्टस् प्रा. लि.** सिद्धार्थ आर्केड, स्टेशन रोड, औरगांबाद, महाराष्ट्र - ४३१००५, भारत

पञ्जीकरणकर्ताको नाम ठेगाना र सम्पर्क नं. **एन एम एस एग्रो प्रा. लि.** हनुमान सेन्ट्रल, बिर्तामोड-४, झापा सम्पर्क नं.०२३ ५३१ ४७७, info@nmsagro.com.np

उत्पादित देशको रजिष्टर नं. CIR-1829/2004(242)- AZADIRACHTIN (EC)-48

नेपालमा पञ्जीकरण गरिएको नं.

0016-INS-EC-2025




**बिषादीको प्रयोग गर्नु पूर्व सूचकपत्र अध्ययन गर्नुहोस्**

**जीवनाशक विषादी बिष हो, औषधी होइन । अतः विषादीको प्रयोग पूर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस् ।**

एजाडिरक्टिन ०.३% ई सी

Azadiractin 0.3% EC

# नीमराज सुपर ३००० पीपीएम

सम्पर्क र आन्तरिक कार्य प्रकृतिका नीममा आधारित कीटनाशक विषादी

**सिफारिस**

| बाली | कीराहरुको नाम | प्रति हेक्टर वा २० रोपनीका लागि सिफारिस मात्रा | | विषादी छरेपछि फल टिप्नु वा काट्नु अघि पर्खने अवधि | एम. एल. / प्रति लिटर पानीमा |
|---|---|---|---|---|---|
| | | यस विषादीको आवश्यक मात्रा ( एम. एल.) | विषादी घोल्न जम्मा चाहिने पानी (लि.) | | |
| कपास | फलको गबारो कीरा (American bollworm) | ४००० | १००० | ५ दिन | ४ |

**प्रयोग गर्ने बिधि**

विषादीको घोल बनाउँदा छर्कने ट्याकींको आधा मात्रासम्म पानी राखेर विषादीको मात्रा हाल्नुहोस् र राम्रोसँग घोल्नुहोस् । यसपछि आवश्यक पर्ने पानीको मात्रा थपेर फेरि चलाउनुहोस् । तयार भएको विषादीको घोल तुरुन्त छर्कर्नुहोस् । यो विषादी न्यापस्याक स्प्रेयरमा होलो कोन नोजलको प्रयोग गरी छनुपर्दछ ।

**यो विषादी प्रयोग गर्दा देहायका सावधानी अपनाउनु पर्छ ।**

विषादी प्याकेट खोल्दा, घोल तयार गर्दा वा विषादी छर्कदा पञ्जा, रवर वुट, चश्मा ग्याँस मास्क, टोपी तथा पुरा शरीर ढाक्ने सुरक्षात्मक पहिरनको प्रयोग गर्नुहोस् । विषादी छर्कदा छिटाहरु नाक मुखबाट भित्र प्रवेश गर्न दिनु हुदैन । साथै मुख, आँखामा एवंम छालामा विषादीको सिधा सर्म्पक हुन नदिनुहोस् । बिषादी छरी सके पछि सम्पर्कमा आएका कपडाहरु राम्रोसगं धुनुहोस् र नुहाउनुहोस् । बिषादी छर्दा खाने, चपाउने, पिउने, धुम्रपान गर्नु हुदैन ।

**मानिसलाई यो विषादीको बिष लागेको अवस्थामा**

टाउको दुख्ने, वाकवाकी, बान्ता, चक्कर लाग्ने, ऐठन वा मांसपेशीमा दवाव र छाला चिलाउने तथा जलन जस्ता लक्षण देखापर्दछ ।

**बिष लाग्दा अपनाउनुपर्ने प्राथमिक उपचार**

यदि विषादी निलेमा तुरुन्त मुखमा औलाको सहायताले पछाडिको भागमा चलाएर बान्ता गराउनुहोस् । बिरामी बेहोस भएमा बान्ता गराउने काम नगर्नुहोस् । विषादीको सम्पर्क भएको लुगा हटाउनुहोस् र छालालाई साबुन र पानीले राम्ररी धुनुहोस् । यदि आँखामा विषादी सम्पर्क भएमा आँखा खुला राख्नुहोस् र कम्तिमा १५ मिनेटसम्म सफा पानीले छम्कनुहोस् र तुरुन्त डाक्टरको सल्लाह लिनुहोस् । स्वासप्रस्वासमार्फत विषाक्तता भएमा पर्याप्त हावा खेल्ने ठाउँमा विरामीलाई राख्नुहोस् ।

**एण्टिडट**

यी विषादीको विशेष एण्टिडट छैन। लक्षणको आधारमा उपचार गर्नुहोस् ।

**प्रयोग गरीएका भाँडाको बिसर्जन**

विषादी राखिएको प्याकेट कहिल्यै पुन: प्रयोग (पानी, खाना, तेल जस्ता खानेकुरा राख्न) नगर्नुहोस् । विषादीको खाली खोलहरु वा अन्य विषादीयुक्त सामग्रीहरू र विषादी सफा गरेको पानीको उचित व्यवस्थापन गर्नु विषादी उत्पादक, प्रयोगकर्ताहरुको कर्तव्य हुनेछ । वातावरणीय वा पानी प्रदुषण हुन नदिनका लागि खालि कन्टेनरहरू आवासीय क्षेत्रबाट टाढाँ १/२ मिटर गहिरो खाँडलमा सुरक्षित तरिकाले नष्ट गर्नुपर्नेछ ।

**भण्डारणको अवस्था**

विषादी भएका प्याकेजहरूलाई अन्य वस्तुहरू भण्डारण गर्न प्रयोग गरिने कोठा वा परिसरबाट टाढा छुट्टै कोठा वा परिसरमा भण्डारण गर्नुपर्छ वा विषादीको मात्रा र प्रकृति अनुसार छुट्टै दराजमा ताला र चाबी लगाई राख्नुपर्छ । विषादी भण्डारण गर्नको लागि बनाइएको कोठा ढलान गरेको, नसोस्ने, प्रयाप्त उज्यालो भएको, सुख्खा, हावा चल्ने हुनुपर्छ। आधिकारीक व्यक्तिहरुको मात्र पहुँच हुने गरी विषादीको प्याकेट र कन्टेनरहरू सुख्खा ठाउँमा भण्डारण गर्नुहोस् । विषादीलाई खाना, पेय पदार्थ, पशु आहारा, औषधि, वा मलखादबाट टाढा राख्नुहोस् ।

**थप जानकारी का लागी**

**प्रयोग गर्नु पुर्व पर्चामा लेखिएको जीवनाशक बिषादी बारेमा संपूर्ण जानकारी पढनुहोस् र पालना गर्नुहोस् ।**

**सावधानी**

बच्चाको पहुँचबाट टाढा राख्नुहोस



**सावधान, हरियो**

**(कृषि प्रयोजनका लागि मात्र)**

यो जीवनाशक बिषादीको बारेमा कुनै गुनासो भएमा प्लान्ट क्वारेन्टाइन तथा बिषादी व्यवस्थापन केन्द्रका सूचना अधिकृतलाई ०१-५०१०१११ नं. मा फोन गर्नुहोस् । वा info@npponepal.gov.np मा इमेल गर्नुहोस् ।

विषादीको उत्पादक र वितरकको नाम ठेगाना: **नीम इन्डिया प्रोडक्टस् प्रा. लि.** सिद्धार्थ आर्केड, स्टेशन रोड, औरगांबाद, महाराष्ट्र - ४३१००५, भारत

पञ्जीकरणकर्ताको नाम ठेगाना र सम्पर्क नं. **एन एम एस एग्रो प्रा. लि.**
हनुमान सेन्ट्रल, बिर्तामोड-४, झापा
सम्पर्क नं.०२३ ५३१ ४७७,
info@nmsagro.com.np

उत्पादित देशको रजिष्टर नं. CIR-1807/2004(242)-(AZADIRACHTIN)(EC)-46.

नेपालमा पञ्जीकरण गरिएको नं.

0017-INS-EC-2025




**बिषादीको प्रयोग गर्नु पूर्व सूचकपत्र अध्ययन गर्नुहोस्**

**जीवनाशक विषादी बिष हो, औषधी होइन। अतः विषादीको प्रयोग पूर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस्।**

ग्लाइफोसेट ४१% एस एल

Glyphosate 41% SL

# बुस्टर

सवै प्रकारको वनस्पती मार्ने (Non-selective), अंकुरण पश्चात (Post-emergence) हुनुपर्ने दैहिक झारपातनाशक विषादी

**सिफारिस**

| बाली | झारपातहरुको नाम | प्रति हेक्टर वा २० रोपनीका लागि सिफारिस मात्रा | | विषादी छरेपछि फल टिप्न वा काट्नु अघि पर्खने अवधि | एम. एल./ प्रति लिटर पानीमा |
|---|---|---|---|---|---|
| | | यस विषादीको आवश्यक मात्रा (एम. एल.) | विषादी घोल्न जम्मा चाहिने पानी (लि.) | | |
| चिया | बन्सो प्रजातीको झार (Axonopus) दुबो (Cynodon dectylon), सिरु, (Imperata cylindrica), फाफ्रे झार (Polygonum perfoliatum), कोदो झार (Paspalum scrobiculatum), फुस्रो खर (Arundinella bengalensis), आम्लिस (Kalm grass) | २०००-३००० | ४५० | २१ दिन | ४.४४-६.६६ |

**प्रयोग गर्ने बिधि**

विषादीको घोल बनाउँदा छर्कने ट्याकींको आधा मात्रासम्म पानी राखेर विषादीको मात्रा हाल्नुहोस् र राम्रोसँग घोल्नुहोस्। यसपछि पानी थपेर फेरि चलाउनुहोस्। तयार भएको विषादीको घोल तुरुन्त छर्कनुहोस्। कम्तिमा ४-८ पातहरू भएका बाह्रमासी झारपातहरूलाई उमिसके पछिको अवस्थामा प्रयोग गर्नुहोस् ताकि बिरुवामा विषादी एकरुपतामा प्रवेश गर्न सकोस्। भर्खरै उम्रेको अवस्थामा विषादी छर्कदा झारपात नियन्त्रण कम गर्न सक्छ तर परिपक्व अवस्थामा उपचार गर्दा राम्रो परिणाम प्राप्त हुन्छ।

**यो विषादी प्रयोग गर्दा देहायका सावधानी अपनाउनु पर्छ।**

विषादी प्याकेट खोल्दा वा विषादी छर्कदा पञ्जा, रवर वुट, चश्मा ग्याँस मास्क तथा पुरा शरीर ढाक्ने सुरक्षात्मक पहिरनको प्रयोग गर्नुहोस्। विषादी शरिरमा पर्न दिनुहुदैन। बिषादी छरी सके पछि सर्म्पकमा आएका कपडाहरु राम्रोसगं धुनुहोस् र नुहाउनुहोस्। बिषादी छर्दा खाने, चपाउने, पिउने, धुम्रपान गर्नु हुदैन। तरकारी बालीको बोटमा विषादी नछर्कनुहोस्। खेती गरिएको बालीको पातमा विषादी पार्नु वा छर्कनु हुदैन।

**मानिसलाई यो विषादीको बिष लागेको अवस्थामा**

यो विषादीले प्राथमिक रुपमा छालामा, आखाँमा र श्वास प्रश्वास नलिमा चिलाउने तथा जलन जस्ता समस्याहरु देखिन्छन्।

**बिष लाग्दा अपनाउनुपर्ने प्राथमिक उपचार**

विषादीको सम्पर्क भएको लुगा हटाउनुहोस् र छालालाई साबुन र पानीले राम्ररी धुनुहोस्। यदि आँखामा विषादी सम्पर्क भएमा आँखा खुला राख्नुहोस् र कम्तिमा १५ मिनेटसम्म सफा पानीले छम्कनुहोस् र तुरुन्त डाक्टरको सल्लाह लिनुहोस्। यो विषादी निलेमा तत्कालै उल्टी गराउनुहोस्।

**एण्टिडट**

बिशेष किसिमको एण्टिडट छैन। लक्षणको आधारमा उपचार गर्ने।

**प्रयोग गरीएका भाँडाको बिसर्जन**

विषादी राखिएको प्याकेट कहिल्यै पुनः प्रयोग (पानी, खाना, तेल राख्न) नगर्नुहोस्। विषादीको खाली खोलहरु वा अन्य विषादीयुक्त सामग्रीहरू र विषादी सफा गरेको पानीको उचित व्यवस्थापन गर्नु विषादी उत्पादक, प्रयोगकर्ताहरुको कर्तव्य हुनेछ। वातावरणीय वा पानी प्रदूषण हुन नदिनका लागि खालि कन्टेनरहरू आवासीय क्षेत्रबाट टाढाँ १/२ मिटर गहिरो खाँडलमा सुरक्षित तरिकाले नष्ट गर्नुपर्नेछ।

**भण्डारणको अवस्था**

विषादी भएका प्याकेजहरूलाई अन्य वस्तुहरू भण्डारण गर्न प्रयोग गरिने कोठा वा परिसरबाट टाढा छुट्टै कोठा वा परिसरमा भण्डारण गर्नुपर्छ वा विषादीको मात्रा र प्रकृति अनुसार छुट्टै दराजमा ताला र चाबी लगाई राख्नुपर्छ। विषादी भण्डारण गर्नको लागि बनाइएको कोठा ढलान गरेको, नसोस्ने, प्रयाप्त उज्यालो भएको, सुख्खा, हावा चल्ने हुनुपर्छ। आधिकारीक व्यक्तिहरूको मात्र पहुँच हुने गरी विषादीको प्याकेट रकन्टेनरहरू सुख्खा ठाउँमा भण्डारण गर्नुहोस्। विषादीलाई खाना, पेय पदार्थ, पशु आहारा, औषधि, वा मलखादबाट टाढा राख्नुहोस्।

**थप जानकारी का लागी**

**प्रयोग गर्नु पुर्व पर्चामा लेखिएको जीवनाशक बिषादी बारेमा संपूर्ण जानकारी पढनुहोस् र पालना गर्नुहोस्।**

**सावधानी**

बच्चाको पहुँचबाट टाढा राख्नुहोस



**सावधान, निलो**

**(कृषि प्रयोजनका लागि मात्र)**

यो जीवनाशक बिषादीको बारेमा कुनै गुनासो भएमा प्लान्ट क्वारेन्टाइन तथा बिषादी व्यवस्थापन केन्द्रका सूचना अधिकृतलाई ०१-५०१०१११ नं. मा फोन गर्नुहोस्। वा info@npponepal.gov.np मा इमेल गर्नुहोस्।

विषादीको उत्पादक र वितरकको नाम

ठेगाना: **ठाकर केमिकल्स लि.**

करमपुरा कमर्सियल कम्प्लेक्स

नया दिल्ली - ११००१५, भारत

पञ्जीकरणकर्ताको नाम ठेगाना र सम्पर्क नं. **एन एम एस एग्रो प्रा. लि.**

हनुमान सेन्ट्रल, बिर्तामोड-४, झापा

सम्पर्क नं.०२३ ५३१ ४७७,

info@nmsagro.com.np

उत्पादित देशको रजिष्टर नं. CIR-34,703/2001-GLYPHOSATE (SL)-196

नेपालमा पञ्जीकरण गरिएको नं.

0018-HER-SL-2025




**बिषादीको प्रयोग गर्नु पूर्व सूचकपत्र अध्ययन गर्नुहोस्**

**जीवनाशक विषादी बिष हो, औषधी होइन । अत: विषादीको प्रयोग पूर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस् ।**

म्यान्कोजेब ७५% डब्लु.पी.

**Mancozeb 75%WP**


**जीवनाशक विशादी बिष हो, औषधी होइन । अत: विषादीको प्रयोग पुर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस् ।**

म्यान्कोजेब ७५ % डब्लु.पी

**Mancozeb 75%WP**


# मार्डर्न –४५

सम्पर्क ढुसीनाशक

## सिफारिस

| बाली | रोगको नाम | प्रति हेक्टर वा २० रोपनीका लागि सिफारिस मात्रा: यस विषादीको आवश्यक मात्रा (केजी) | प्रति हेक्टर वा २० रोपनीका लागि सिफारिस मात्रा: विषादी घोल्न जम्मा चाहिने पानी (लि.) | विषादी छरेपछि फल टिप्नु वा काट्नु अघि पर्खने अवधि | ग्राम/ प्रति लिटर पानीमा |
|---|---|---|---|---|---|
| स्याउँ | स्क्याब र कालो धब्बा (Scab and sooty blotch) | ३० ग्राम प्रति बोट | १० लिटर/प्रति बोट | ४५ दिन | ३० |
| केरा | टुप्पो कुहिने, सिगाटोका, पातको थोप्ले, फलको टुप्पा सड्ने रोग (Tip rot, sigatoka leaf spot, Cigar end rot) | १.५–२ | ७५० | २.०-२.७ | २.०-२.७ |
| काउली | डाँठ कुहिने रोग (Collar rot), थोप्ले रोग (leaf spot) | ३<br>१.५–२ | १०००<br>७५० | ७ दिन | ३<br>२.०-२.७ |
| खुर्सानी | वेर्ना कुहिने रोग (Damping off), फल कुहिने रोग (Fruit and ripe rot), थोप्ले रोग (leaf spot) | ३<br>१.५–२ | १०००<br>७५० | ७ दिन | ३<br>२.०-२.७ |
| जीरा | डढुवा रोग (Blight) | १.५–२.० | ५०० | २६ दिन | ३–४ |
| अंगुर | पातको कोणीय दाग रोग, डाउनी मिल्डु, कालो दाग रोग (Angular leaf spot, Downy mildew, Anthracnose) | १.५–२ | ७५० | १४ दिन | २.०-२.७ |
| बदाम | खिया रोग(rust disease), फेद कुहिने रोग (Collar rot), थोप्ले रोग (leaf spot) | १.५–२<br>२५- ३० ग्राम प्रति १० केजी विउ | ७५०<br>०.१ (लेदो) | ७ दिन | २.०-२.७<br>२.५-३.० प्रति केजी बीउ |
| अम्वा | फल सड्ने रोग (Fruit rot) | २० ग्राम प्रति बोट | १० लिटर प्रति बोटका दरले | ४५ दिन | २ ग्राम प्रति लिटर |
| ज्वार | पातको थोप्ले रोग (Leaf Spot) | १.५ - २.० | ७५० | १४ दिन | २.०-२.७ |
| मकै | पातको डढुवा, डाउनी मिल्डु (Leaf blight, Downy Mildew) | १.५ - २.० | ७५० | १४ दिन | २.०-२.७ |
| धान | ब्लाष्ट(डढुवा) रोग (Blast) | १.५ - २.० | ७५० | १४ दिन | २.०-२.७ |
| आलु | पछौटे डढुवा, अगौटे डढुवा (Late and Early blight) | १.५ - २.० | ७५० | ७ दिन | २.०-२.७ |
| टमाटर | पछौटे डढुवा,बक आखाँ सड्ने रोग, पातको थोप्ले रोग (late blight, Buck eye rot, leaf spot) | १.५ - २.० | ७५० | ७ दिन | २.०-२.७ |
| गहुँ | खिया रोग(rust disease), डढुवा (blight) | १.५ - २.० | ७५० | ७ दिन | २.०-२.७ |

### प्रयोग गर्ने बिधि

यो विषादी विभिन्न प्रकारका विषादी छर्कने उपकरणवाट विरुवा भिज्ने गरी छर्ने वा माटोमा जरा भिज्ने गरी प्रयोग गर्न सकिन्छ । विषादीको घोल बनाउँदा छर्कने ट्याकींको आधा मात्रासम्म पानी राखेर विषादीको मात्रा हाल्नुहोस् र राम्रोसँग घोल्नुहोस् । यसपछि पानी थपेर फेरि चलाउनुहोस्। तयार भएको विषादीको घोल तुरुन्त छर्कनुहोस् । बदामको बीउ उपचारको हकमा सिफारिस मात्राको विषादी प्रति केजी बीउका दरले १० मिलि पानीमा राखी लेप बनाउने र उक्त लेप बीउमा सवैतिर पर्ने गरी ड्रम राम्रोसंग घुमाउने । त्यसपछि उपचार गरएिको बीउ छायाँमा सुकाउनुहोस् र रोप्नुहोस्

### यो विषादी प्रयोग गर्दा देहायका सावधानी अपनाउनु पर्छ ।

विषादी प्याकेट खोल्दा, घोल तयार गर्दा वा विषादी छर्कदा पञ्जा, रवर वुट, चश्मा ग्याँस मास्क, टोपी तथा पुरा शरीर ढाक्ने सुरक्षात्मक पहिरनको प्रयोग गर्नुहोस् । विषादी छर्कदा छिटाहरु नाक मुखबाट भित्र प्रवेश गर्न दिनु हुदैन । साथै मुख, आँखामा एवंम छालामा विषादीको सिधा सर्म्पक हुन नदिनुहोस् । बिषादी छरी सके पछि सम्पर्कमा आएका कपडाहरु राम्रोसगं धुनुहोस् र नुहाउनुहोस् । बिषादी छर्दा खाने, चपाउने, पिउने, धुम्रपान गर्नु हुदैन ।

### मानिसलाई यो विषादीको बिष लागेको अवस्थामा

छाला चिलाउने, छातीमा कष्ट महसुस हुने, हृदयको धड्कन वढ्ने, रक्तचाप कम हुने, वाकवाकी लाग्ने, वान्ता हुने, पखाला चल्ने, शरीर धेरै चिसो हुने र सन्तुलन गुम्ने जस्ता लक्षणहरु दखिन्छ ।

### बिष लाग्दा अपनाउनुपर्ने प्राथमिक उपचार

यदि निलिएको छ भने, बान्ता गराउनुहोस्। वेहोश भएका विरामीलाई बान्ता गराउन नहुने (फोक्सोमा पस्न सक्छ) । छालामा विषादीको सम्पर्क भएको अवस्थामा: विषादी सम्पर्क भएको भाग पर्याप्त सफा पानी र साबुनले राम्ररी धुनुहोस्। यदि रुखोपन रह्यो भने चिकित्सकलाई देखाउनुहोस् । आँखामा विषादीको सम्पर्क भएको अवस्थामा: कम्तीमा १५-२० मिनेटसम्म सफा पानीले आँखालाई धुनुहोस् । स्वासप्रस्वासमार्फत विषाक्तता भएमा पर्याप्त हावा खेल्ने ठाउँमा विरामीलाई राख्नुहोस्। लक्षण गम्भीर भए चिकित्सकलाई तुरुन्त देखाउनुहोस् ।

### एण्टिडट

बिशेष किसिमको एण्टिडट छैन । लक्षणको आधारमा उपचार गर्ने ।

### प्रयोग गरीएका भाँडाको बिसर्जन

प्याकेट वा विषादीको सम्पर्कमा आएका सामग्री र विषादी छर्कने उपकरण वा अन्य भाँडाहरूबाट निस्केको विषाक्त पानी वा विषादीयुक्त वस्तुलाई सुरक्षित तरिकाले वातावरण वा पानी प्रदूषण हुनबाट बच्ने गरि बिसर्जन गर्नुपर्छ । प्रयोग गरिएका विषादीका प्याकेटहरूलाई पुन: प्रयोग रोक्नको लागि बाहिर छोड्नुहुँदैन। प्याकेटहरू प्रयोग गर्न नमिल्ने गरि बस्तीबाट टाढा पानीको मुहान नभएको स्थानमा गहिरो खाडलमा गाड्नु पर्छ ।

### भण्डारणको अवस्था

विषादी रहेका प्याकेटहरूलाई खाद्यपदार्थ लगायत अन्य सामानहरू भण्डारण गर्ने कोठाहरू वा परिसरहरूबाट अलग कोठाहरू वा परिसरहरूमा भण्डारण गर्नुपर्छ वा बिषादीको मात्रा र प्रकृतिका आधारमा छुट्टै अलमारीहरूमा ताला र चाबी लगाएर राख्नुपर्छ। बिषादी भण्डारणका लागि तोकिएका कोठाहरू वा परिसरहरू राम्ररी निर्मित, सुख्खा, चिसो, प्रयाप्त उज्यालो र हावादार हुनुपर्छ ।

**प्रयोग गर्नु पुर्व पर्चामा लेखिएको जीवनाशक बिषादी बारेमा संपूर्ण जानकारी पढनुहोस् र पालना गर्नुहोस् । सावधानी**

बच्चाको पहुँचबाट टाढा राख्नुहोस



**सावधान, हरियो (कृषि प्रयोजनका लागि मात्र)**

यो जीवनाशक बिषादीको बारेमा कुनै गुनासो भएमा प्लान्ट क्वारेन्टाइन तथा बिषादी व्यवस्थापन केन्द्रका सूचना अधिकृतलाई ०१-५०१०१११ नं. मा फोन गर्नुहोस् । वा info@npponepal.gov.np मा इमेल गर्नुहोस्।

विषादीको उत्पादक र वितरकको नाम ठेगाना मोडर्न एग्रीजेनेटिक्स लिमिटेड, इंदौर,मध्ये प्रदेश, भारत

पञ्जीकरणकर्ताको नाम ठेगाना र सम्पर्क नं. दीपिका एग्रो एंड ट्रेडर्स मोरंग, नेपाल, सम्पर्क नं. ९८५२०३२६३७

उत्पादित देशको रजिष्टर नं. CIR-276137/2023 Mancozeb/(WP)(445)-1045

नेपालमा पञ्जीकरण गरिएको नं.0019-FUN-WP-2025




**बिषादीको प्रयोग गर्नु पूर्व सूचकपत्र अध्ययन गर्नुहोस् ।**

जीबनाशक बिषादी बिष हो, औषधी होईन । अत:बिषादीको प्रयोग पुर्ब यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस् ।

साईपरमेथ्रीन १०% ई सी

Cypermethrin 10% EC

**क्लीयरकिल (CLEARKILL)**

**सिन्थेटिक्स पाईरेथ्रोईड्स समुहको बाह्य परजिबिका लागी किटनाशक बिषादी**

| सिफारिस | | | | | |
|---|---|---|---|---|---|
| जनवार | कीराहरुको नाम | प्रति जनवार वा प्रति लिटर सिफारिस मात्रा | | बिषादी छरेपछी मासु र दुध खान पर्खनु पर्ने अबधि | एम एल/ प्रति लिटर पानीमा |
| | | यस बिषादीको आबस्यक मात्रा एम एल । | बिषादी घोल्न जम्मा चाहीने पानी (लि) | | |
| गाई,भैशी | किर्ना (Ticks) | ४ एम एल | ८लिटर | ७ दिन | १-२ एम एल |
| कुकुर | किर्ना (Ticks) | १ एम एल | १ लिटर | ७ दिन | १ एम एल |

प्रयोग गर्नु पुर्ब पर्चामा लेखिएको जीबनाशक बिषादीको बारेमा संम्पुर्ण जानकारी पढ्नहोस् ।

**साबधानी**

बच्चाको पहुँचबाट टाढा राख्नुहोस्



**सावधान, पहेलो**

**("भेटेरीनरी प्रयोजनका लागि मात्र)**

यो जीवनाशक बिषादीको बारेमा कुनै गुनासो भएमा प्लान्ट क्वारेन्टाइन तथा बिषादी ब्यवस्थापन केन्द्रका सूचना अधिकृतलाई ०१-५५२१५९८ नं. मा फोन गर्नुहोस् । वा info@npponepal.gov.np मा इमेल गर्नुहोस्।

**यो बिषादी प्रयोग गर्दा देहायका सावधानी अपनाउनु पर्छ ।**

बिषादीको मिश्रण खन्याउने कार्यको क्रममा आँखा, छाला र कपडामा बिषादीको सम्पर्क हुनबाट बच्नुहोस् । यो बिषादी छर्कने व्यक्तिले पर्याप्त शुद्ध हावाको स्वास लिने कार्यको सुनिश्चित गर्नुहोस् । बिषादी छर्कदा बिषादीको धुवाँ वा वाफको सास नलिनुहोस् । व्यक्तिगत सुरक्षात्मक उपकरणहरू: कन्टेनर खोल्दा, बिषादीको घोल तयार गर्दा र सो छर्कदा घाँटी र नाडीमा बटन लगाइएको सुतीको पुरा बाउलाको कपडा र टोपी एवंम कुहिना-लम्बाइको पन्जा लगाउनुहोस्। औद्योगिक स्वच्छता: यदि लगाएको कपडामा बिषादीको सम्पर्क भयो वा बिषादीको घोलले भिजेको छ भने तुरुन्त लुगा खोल्नुहोस् । यदि बिषादी छालामा लाग्यो भने, तुरुन्त साबुन र पानीले धुनुहोस् । प्रयोग पछि र खाना खानु, पिउनु वा धूम्रपान गर्नु अघि, हात र मुख साबुन र पानीले राम्ररी धुनुहोस् । बिषादी छर्केपछि बिषादीको सम्पर्क भएको दूषित लुगा, पन्जा आदि साबुन र पानीले धुनुहोस् ।

**बिष लाग्दा अपनाउनुपर्ने प्राथमिक उपचार**

छालामा बिषदीको सम्पर्क भएमा: बिषादीको सम्पर्क भएको लुगा हटाउनुहोस् र छालालाई साबुन र पानीले राम्ररी धुनुहोस्। यदि आँखामा बिषादी सम्पर्क भएमा आँखा खुला राख्नुहोस् र कम्तिमा १५ मिनेटसम्म सफा पानीले छम्कनुहोस् र तुरुन्त डाक्टरको सल्लाह लिनुहोस्।

**एण्टिडट**

बिशेष किसिमको एण्टिडट छैन । लक्षणको आधारमा उपचार गर्नुहोस् ।

**प्रयोग गरीएका भाँडाको बिसर्जन**

कन्टेनर फिर्ताको लागि बिषादी बिक्रेतालाई सम्पर्क गर्नुहोस्। यदि कन्टेनर फिर्ता गरिएको छैन भने, तीन पटक पखाल्नुहोस् । त्यसपछि प्रयोग गर्न नमिल्ने गरि नष्ट गर्नुहोस् वा गाडेर बिसर्जन गर्नुहोस्; वा, यदि नेपाल सरकार र स्थानीय अधिकारीहरूले अनुमति दिएमा, जलाएर नष्ट गर्नुहोस् । जलाएको खण्डमा सो को धुवाँबाट टाढा रहनुहोस्।

**भण्डारणको अवस्था**

आधिकारीक व्यक्तिहरूको मात्र पहुँच हुने गरी बिषादीको प्याकेट /कन्टेनरहरू सुख्खा ठाउँमा भण्डारण गर्नुहोस् । लामो समयसम्म प्रत्यक्ष घाम पर्ने भण्डारण कक्षमा भण्डारण नगर्नुहोस्। बिषादीलाई खाना, पेय पदार्थ, पशु आहारा, औषधि, सौन्दर्य प्रशोाधन वा मलखादबाट टाढा राख्नुहोस् ।

**बिषादीको उत्पादक र वितरकको नाम**

**ठेगाना:** डिर्स्ईन्फेक्टो केमीकल ईन्डस्ट्रीज प्रा.ली.डि ७ चिनहट, ईन्डस्ट्रीयल एरीया,लखनउ,उत्तर प्रदेशश,भारत

**पञ्जीकरणकर्ताको नाम ठेगाना र सम्पर्क नं.**फाल्कोन भेट डिस्ट्रिब्युटर्स प्रा.ली.ज्योतीनगर,बुढानिलकण्ठ १०,काठमाण्डौ,सम्पर्क नम्बर ९८५११४२२३८, falconvetdistributors@gmail.com

उत्पादित देशको पञ्जीकरण नं.३७९/१४७०

नेपालमा पञ्जीकरण गरिएको नं.

0020-INS-EC-2025




**बिषादीको प्रयोग गर्नु पूर्व सूचकपत्र अध्ययन गर्नुहोस् ।**

**जीवनाशक विषादी बिष हो, औषधी होइन । अतः विषादीको प्रयोग पूर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस् ।**

पाइराक्लोस्ट्रोबिन ५%+ मेटिराम ५५% डब्लुजि

Pyraclostrobin 5%+ Metiram 55% WG

# डिफेन्डर

सम्पर्क तथा दैहिक, ढुसीनासक विषादी

## सिफारिस

| बाली | रोगको नाम | प्रति हेक्टर वा २० रोपनीका लागि सिफारिस मात्रा | | विषादी छरेपछि फल टिप्नु वा काट्नु अघि पर्खने अवधि | ग्राम/ प्रति लिटर पानीमा |
|---|---|---|---|---|---|
| | | यस विषादीको आवश्यक मात्रा - ग्राम) | विषादी घोल्न जम्मा चाहिने पानी (लि.) | | |
| ब्रोकाउली | खैरो डढुवा (Downy mildew) | ७५०-९०० | ७५० | १४ | १.०- १.२ |
| रायोको साग | खैरो डढुवा (Downy mildew) | ७५०-९०० | ७५० | १४ | १.०- १.२ |
| आलु | डढुवा रोग (Late blight) | ६००-९०० | ५०० | १४ | १.२- १.८ |

**प्रयोग गर्ने बिधि**

माथी तोकीएका बालीहरुमा रोगको प्रारम्भिक चरणमा विषादीको प्रयोगको लागि उपयुक्त अवधि हो । विषादी सबै पातहरू भिज्ने गरि एकनासले छर्कनुहोस्।

**यो विषादी प्रयोग गर्दा देहायका सावधानी अपनाउनु पर्छ ।**

विषादीको मिश्रण खन्याउने कार्यको क्रममा आँखा, छाला र कपडामा विषादीको सम्पर्क हुनबाट बच्नुहोस् । विषादी छर्कदा विषादीको धुवाँ वा वाफको सास नलिनुहोस् । व्यक्तिगत सुरक्षात्मक उपकरणहरूः कन्टेनर खोल्दा, विषादीको घोल तयार गर्दा र सो छर्कदा घाँटी र नाडीमा बटन लगाइएको सुतीको पुरा बाउलाको कपडा र टोपी एवंम कुहिना-लम्बाइको पन्जा लगाउनुहोस्। यदि लगाएको कपडामा विषादीको सम्पर्क भयो वा विषादीको घोलले भिजेको छ भने तुरुन्त लुगा खोल्नुहोस् । यदि विषादी छालामा लाग्यो भने, तुरुन्त साबुन र पानीले धुनुहोस् । प्रयोग पछि र खाना खानु, पिउनु अघि, हात र मुख साबुन र पानीले राम्ररी धुनुहोस् । विषादी छर्केपछि विषादीको सम्पर्क भएको दूषित लुगा, पन्जा आदि साबुन र पानीले धुनुहोस् ।

**मानिसलाई यो विषादीको बिष लागेको अवस्थामा**

छालामा रुखोपन, चिलाउने र रातोपन हुने, आँखा र नाकमा जलन, टाउको दुख्ने, बान्ता, पेट दुखाइ, घाममा कमजोर महसुस, गम्भीर अवस्थामाः चक्कर, होश हराउनु, श्वासप्रश्वासमा समस्या हुने जस्ता लक्षण देखापर्दछ ।

**बिष लाग्दा अपनाउनुपर्ने प्राथमिक उपचार**

छालामा विषादीको सम्पर्क भएको अवस्थामाः विषादी सम्पर्क भएको भाग पर्याप्त सफा पानी र साबुनले राम्ररी धुनुहोस्। यदि रुखोपन रह्यो भने चिकित्सकलाई देखाउनुहोस् । आँखामा विषादीको सम्पर्क भएको अवस्थामाः कम्तीमा १५-२० मिनेटसम्म सफा पानीले आँखालाई धुनुहोस् । लक्षण गम्भीर भए चिकित्सकलाई तुरुन्त देखाउनुहोस् ।

**एण्टिडट**

यी विषादीको विशेष एण्टिडट छैन। लक्षणको आधारमा उपचार गर्नुहोस् ।

**प्रयोग गरीएका भाँडाको बिसर्जन**

कन्टेनर फिर्ताको लागि विषादी विक्रेतालाई सम्पर्क गर्नुहोस्। यदि कन्टेनर फिर्ता गरिएको छैन भने, तीन पटक पखाल्नुहोस् । त्यसपछि प्रयोग गर्न नमिल्ने गरि नष्ट गर्नुहोस् वा गाडेर विसर्जन गर्नुहोस्; वा, यदि नेपाल सरकार र स्थानीय अधिकारीहरूले अनुमति दिएमा, जलाएर नष्ट गर्नुहोस्। जलाएको खण्डमा सो को धुवाँबाट टाढा रहनुहोस्। विषादी राखिएको प्याकेट कहिल्यै पुनः प्रयोग (पानी, खाना, तेल राख्न) नगर्नुहोस ।

**भण्डारणको अवस्था**

खाना, दाना, रित्ता भाँडा भन्दा यो विषादी पर राख्ने । विषादी सधैं ठण्डा, सुख्खा र हावा लाग्ने ठाउँमा राख्ने । लामो समयसम्म प्रत्यक्ष घाम पर्ने भण्डारण कक्षमा भण्डारण नगर्नुहोस् । विषादीलाई खाना, पेय पदार्थ, पशु आहारा, औषधि, सौन्दर्य प्रशोाधन वा मलखादबाट टाढा राख्नुहोस्।

**प्रयोग गर्नु पूर्व पर्चामा लेखिएको जीवनाशक बिषादी बारेमा संपूर्ण जानकारी पढनुहोस् र पालना गर्नुहोस् । सावधानी**

बच्चाको पहुँचबाट टाढा राख्नुहोस



**सावधान, हरियो**
**(कृषि प्रयोजनका लागि मात्र)**

यो जीवनाशक बिषादीको बारेमा कुनै गुनासो भएमा प्लान्ट क्वारेन्टाइन तथा बिषादी व्यवस्थापन केन्द्रका सूचना अधिकृतलाई यो नं मा फोन गर्नुहोस - ०१-५०१०१११ वा यो ठेगानामा इमेल गर्नुहोस
info@npponepal.gov.np

बिषादीको उत्पादक र वितरकको नाम ठेगाना: FUJIAN GREEN SHELL BIO-PESTICIDECO., LTD, NANSHAN DISTRICT, SHENZHSN, CHINA AND AVERSTAR INDUSTRIAL CO.,LTD, SHENZHEN, CHINA

पञ्जीकरणकर्ताको नाम ठेगाना र सम्पर्क नं.

**पाँचखाल विज भण्डार र एग्रो सेन्टर, काठमाडौं, नेपाल**

सम्पर्क नं.९८५१०२०४७३,
info@panchkhalbeejbhandar.com

उत्पादित देशको रजिष्टर नं.
PD20181210

नेपालमा पञ्जीकरण गरिएको नं.
0021-FUN-WG-2025




**बिषादीको प्रयोग गर्नु पूर्व सूचकपत्र अध्ययन गर्नुहोस् ।**

**जीवनाशक विषादी बिष हो, औषधी होइन । अतः विषादीको प्रयोग पूर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस् ।**

एजोक्सिस्ट्रोबिन ६० ग्राम/लिटर+ क्लोरोथालोनिल ५०० ग्राम/लिटर एससी

Azoxystrobin 60g/L+ chlorothalonil 500g/L SC

# फर्टुना एससी

सम्पर्क तथा दैहिक ढुसीनासक विषादी

## सिफारिस

| बाली | रोगको सामान्य नाम | प्रति हेक्टर वा २० रोपनीका लागि सिफारिस मात्रा | | विषादी छरेपछि फल टिप्नु वा काट्नु अघि पर्खने अवधि | एम. एल./ प्रति लिटर पानीमा |
|---|---|---|---|---|---|
| | | यस विषादीको आवश्यक मात्रा ( एम. एल.) | विषादी घोल्न जम्मा चाहिने पानी (लि.) | | |
| गोलभैंडा | अगौटे डढुवा रोग (Early Leaf blight) | १४७०-१८०० | ९०० | १४ | १.६-२.० |

**प्रयोग गर्दा अपनाउनुपर्ने सावधानी**

**प्रयोग गर्नु पूर्व पर्चामा लेखिएको जीवनाशक बिषादी बारेमा संपूर्ण जानकारी पढनुहोस् र पालना गर्नुहोस् । सावधानी** बच्चाको पहुँचबाट टाढा राख्नुहोस



**सावधान, हरियो**
**(कृषि प्रयोजनका लागि मात्र)**

**प्रयोग गर्ने बिधि**

गोलभैंडामा अगौटे डढुवा रोगको प्रारम्भिक चरणमा विषादीको प्रयोगको लागि उपयुक्त अवधि हो । विषादी सबै पातहरू भिज्ने गरि एकनासले छर्कनुहोस्।

**यो विषादी प्रयोग गर्दा देहायका सावधानी अपनाउनु पर्छ ।**

विषादीको मिश्रण खन्याउने कार्यको क्रममा आँखा, छाला र कपडामा विषादीको सम्पर्क हुनबाट बच्नुहोस् । व्यक्तिगत सुरक्षात्मक उपकरणहरू: कन्टेनर खोल्दा, विषादीको घोल तयार गर्दा र सो छर्कदा घाँटी र नाडीमा बटन लगाइएको सुतीको पुरा बाउलाको कपडा र टोपी एवंम कुहिना-लम्बाइको पन्जा लगाउनुहोस्। यदि लगाएको कपडामा विषादीको सम्पर्क भयो वा विषादीको घोलले भिजेको छ भने तुरुन्त लुगा खोल्नुहोस् । यदि विषादी छालामा लाग्यो भने, तुरुन्त साबुन र पानीले धुनुहोस् । प्रयोग पछि र खाना खानु, पिउनु अघि, हात र मुख साबुन र पानीले राम्ररी धुनुहोस् । विषादी छर्केपछि विषादीको सम्पर्क भएको दूषित लुगा, पन्जा आदि साबुन र पानीले धुनुहोस् ।

**मानिसलाई यो विषादीको बिष लागेको अवस्थामा**

छालामा रुखोपन, चिलाउने र रातोपन हुने, आँखा र नाकमा जलन, टाउको दुख्ने, बान्ता, पेट दुखाइ, घाममा कमजोर महसुस, गम्भीर अवस्थामा: चक्कर, होश हराउनु, श्वासप्रश्वासमा समस्या हुने जस्ता लक्षण देखापर्दछ ।

**बिष लाग्दा अपनाउनुपर्ने प्राथमिक उपचार**

छालामा विषादीको सम्पर्क भएको अवस्थामा: विषादी सम्पर्क भएको भाग पर्याप्त सफा पानी र साबुनले राम्ररी धुनुहोस्। यदि रुखोपन रह्यो भने चिकित्सकलाई देखाउनुहोस् । आँखामा विषादीको सम्पर्क भएको अवस्थामा: कम्तीमा १५-२० मिनेटसम्म सफा पानीले आँखालाई धुनुहोस् । स्वासप्रस्वासमार्फत विषाप्तता भएमा पर्याप्त हावा खेल्ने ठाउँमा विरामीलाई राख्नुहोस्। लक्षण गम्भीर भए चिकित्सकलाई तुरुन्त देखाउनुहोस् ।

**एण्टिडट**

यी विषादीको विशेष एण्टिडट छैन। लक्षणको आधारमा उपचार गर्नुहोस् । यदि धेरै मात्रामा विषादी निलिएको छ र बान्ता गर्न असहज भएको छ भने, बान्ता गराउनुहोस् जसका लागि तीस देखि पचास ग्राम सक्रिय चारकोलको सेवन गराउनुहोस् ।

**प्रयोग गरीएका भाँडाको बिसर्जन**

कन्टेनर फिर्ताको लागि विषादी विक्रेतालाई सम्पर्क गर्नुहोस्। यदि कन्टेनर फिर्ता गरिएको छैन भने, तीन पटक पखाल्नुहोस् । त्यसपछि प्रयोग गर्न नमिल्ने गरि नष्ट गर्नुहोस् वा गाडेर विसर्जन गर्नुहोस्; वा, यदि नेपाल सरकार र स्थानीय अधिकारीहरूले अनुमति दिएमा, जलाएर नष्ट गर्नुहोस्। जलाएको खण्डमा सो को धुवाँबाट टाढा रहनुहोस्। विषादी राखिएको प्याकेट कहिल्यै पुनः प्रयोग (पानी, खाना, तेल राख्न) नगर्नुहोस ।

**भण्डारणको अवस्था**

खाना, दाना, रित्ता भाँडा भन्दा यो विषादी पर राख्ने । विषादी सधैं ठण्डा, सुख्खा र हावा लाग्ने ठाउँमा राख्ने । लामो समयसम्म प्रत्यक्ष घाम पर्ने भण्डारण कक्षमा भण्डारण नगर्नुहोस् । विषादीलाई खाना, पेय पदार्थ, पशु आहारा, औषधि, सौन्दर्य प्रशोाधन वा मलखादबाट टाढा राख्नुहोस्।

यो जीवनाशक बिषादीको बारेमा कुनै गुनासो भएमा प्लान्ट क्वारेन्टाइन तथा बिषादी व्यवस्थापन केन्द्रका सूचना अधिकृतलाई यो नं मा फोन गर्नुहोस - ०१-५०१०१११ वा यो ठेगानामा इमेल गर्नुहोस
info@npponepal.gov.np

विषादीको उत्पादक र वितरकको नाम ठेगाना: FUJIAN GREEN SHELL BIO-PESTICIDECO., LTD, NANSHAN DISTRICT, SHENZHSN, CHINA AND AVERSTAR INDUSTRIAL CO.,LTD, SHENZHEN, CHINA

पञ्जीकरणकर्ताको नाम ठेगाना र सम्पर्क नं.

**पाँचखाल विज भण्डार र एग्रो सेन्टर, काठमाडौं, नेपाल**

सम्पर्क नं.९८५१०२०४७३,
info@panchkhalbeejbhandar.com

उत्पादित देशको रजिष्टर नं.
PD20181210

नेपालमा पञ्जीकरण गरिएको नं.

0022-FUN-SC-2025




**बिषादीको प्रयोग गर्नु पूर्व सूचकपत्र अध्ययन गर्नुहोस् ।**

**जीवनाशक विषादी बिष हो, औषधी होइन। अतः विषादीको प्रयोग पूर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस्।**

थायमेथोक्साम १२.६%+लाम्ब्डा-साइहालोथ्रिन ९.४% जेडसि

Thiamethoxam 12.6%+Lambda-Cyhalothrin 9.4% ZC

# थाइमलाम जेडई

सम्पर्क, आन्तरिक तथा दैहिक कीटनाशक विषादी

## सिफारिस

| बाली | कीराको सामान्य नाम | प्रति हेक्टर वा २० रोपनीका लागि सिफारिस मात्रा | | विषादी छरेपछि फल टिप्नु वा काट्नु अघि पर्खने अवधि | ग्राम/ प्रति लिटर पानीमा |
|---|---|---|---|---|---|
| | | यस विषादीको आवश्यक मात्रा - एम एल) | विषादी घोल्न जम्मा चाहिने पानी (लि.) | | |
| चिया | थ्रिप्स (Thrips), वित्ते झुसिल कीरा (Semilopper), चियाको लामखुट्टे पतेरो (Tea mosquito bug) | ७५-९० | ४०० | २१ | ०.३ |
| गहुँ | लाही (Aphid) | ७५-१०५ | ५०० | २१ | ०.३ |

**प्रयोग गर्ने बिधि**

माथी तोकीएका बालीहरुमा कीराहरुको संख्या बढ्दै गएमा विषदीको प्रयोगको लागि उपयुक्त अवधि हो। विषादी सबै पातहरू भिज्ने गरि एकनासले छर्कनुहोस्।

**यो विषादी प्रयोग गर्दा देहायका सावधानी अपनाउनु पर्छ।**

विषादीको मिश्रण खन्याउने कार्यको क्रममा आँखा, छाला र कपडामा विषादीको सम्पर्क हुनबाट बच्नुहोस्। विषादी छर्कदा विषादीको धुवाँ वा वाफको सास नलिनुहोस्। व्यक्तिगत सुरक्षात्मक उपकरणहरूः कन्टेनर खोल्दा, विषादीको घोल तयार गर्दा र सो छर्कदा घाँटी र नाडीमा बटन लगाइएको सुतीको पुरा बाउलाको कपडा र टोपी एवंम कुहिना-लम्बाइको पन्जा लगाउनुहोस्। यदि लगाएको कपडामा विषादीको सम्पर्क भयो वा विषादीको घोलले भिजेको छ भने तुरुन्त लुगा खोल्नुहोस्। यदि विषादी छालामा लाग्यो भने, तुरुन्त साबुन र पानीले धुनुहोस्। प्रयोग पछि र खाना खानु, पिउनु अघि, हात र मुख साबुन र पानीले राम्ररी धुनुहोस्। विषादी छर्केपछि विषादीको सम्पर्क भएको दूषित लुगा, पन्जा आदि साबुन र पानीले धुनुहोस्।

**मानिसलाई यो विषादीको बिष लागेको अवस्थामा**

छालामा रुखोपन, चिलाउने र रातोपन हुने, आँखा र नाकमा जलन, टाउको दुख्ने, बान्ता, पेट दुखाइ, घाममा कमजोर महसुस, गम्भीर अवस्थामाः चक्कर, होश हराउनु, श्वासप्रश्वासमा समस्या हुने जस्ता लक्षण देखापर्दछ।

**बिष लाग्दा अपनाउनुपर्ने प्राथमिक उपचार**

छालामा विषादीको सम्पर्क भएको अवस्थामाः विषादी सम्पर्क भएको भाग पर्याप्त सफा पानी र साबुनले राम्ररी धुनुहोस्। यदि रुखोपन रह्यो भने चिकित्सकलाई देखाउनुहोस्। आँखामा विषादीको सम्पर्क भएको अवस्थामाः कम्तीमा १५-२० मिनेटसम्म सफा पानीले आँखालाई धुनुहोस्। लक्षण गम्भीर भए चिकित्सकलाई तुरुन्त देखाउनुहोस्।

**एण्टिडट**

यी विषादीको विशेष एण्टिडट छैन। लक्षणको आधारमा उपचार गर्नुहोस्।

**प्रयोग गरीएका भाँडाको बिसर्जन**

कन्टेनर फिर्ताको लागि विषादी विक्रेतालाई सम्पर्क गर्नुहोस्। यदि कन्टेनर फिर्ता गरिएको छैन भने, तीन पटक पखाल्नुहोस्। त्यसपछि प्रयोग गर्न नमिल्ने गरि नष्ट गर्नुहोस् वा गाडेर विसर्जन गर्नुहोस्; वा, यदि नेपाल सरकार र स्थानीय अधिकारीहरूले अनुमति दिएमा, जलाएर नष्ट गर्नुहोस्। जलाएको खण्डमा सो को धुवाँबाट टाढा रहनुहोस्। विषादी राखिएको प्याकेट कहिल्यै पुनः प्रयोग (पानी, खाना, तेल राख्न) नगर्नुहोस।

**भण्डारणको अवस्था**

खाना, दाना, रित्ता भाँडा भन्दा यो विषादी पर राख्ने। विषादी सधैं ठण्डा, सुख्खा र हावा लाग्ने ठाउँमा राख्ने। लामो समयसम्म प्रत्यक्ष घाम पर्ने भण्डारण कक्षमा भण्डारण नगर्नुहोस्। विषादीलाई खाना, पेय पदार्थ, पशु आहारा, औषधि, सौन्दर्य प्रशोाधन वा मलखादबाट टाढा राख्नुहोस्।

**प्रयोग गर्नु पूर्व पर्चामा लेखिएको जीवनाशक बिषादी बारेमा संपूर्ण जानकारी पढनुहोस् र पालना गर्नुहोस्।**

**सावधानी** बच्चाको पहुँचबाट टाढा राख्नुहोस



**सावधान, पहेँलो**

**(कृषि प्रयोजनका लागि मात्र)**

यो जीवनाशक बिषादीको बारेमा कुनै गुनासो भएमा प्लान्ट क्वारेन्टाइन तथा बिषादी व्यवस्थापन केन्द्रका सूचना अधिकृतलाई यो नं मा फोन गर्नुहोस - ०१-५०१०१११ वा यो ठेगानामा इमेल गर्नुहोस

info@npponepal.gov.np

विषादीको उत्पादक र वितरकको नाम ठेगानाः FUJIAN GREEN SHELL BIO-PESTICIDECO., LTD, NANSHAN DISTRICT, SHENZHSN, CHINA AND AVERSTAR INDUSTRIAL CO.,LTD, SHENZHEN, CHINA

पञ्जीकरणकर्ताको नाम ठेगाना र सम्पर्क नं.

**पाँचखाल विज भण्डार र एग्रो सेन्टर, काठमाडौं, नेपाल**

सम्पर्क नं.९८५१०२०४७३,

info@panchkhalbeejbhandar.com

उत्पादित देशको रजिष्टर नं.

PD20181210

नेपालमा पञ्जीकरण गरिएको नं.

0023-INS-ZC-2025




**बिषादीको प्रयोग गर्नु पूर्व सूचकपत्र अध्ययन गर्नुहोस्।**

**जीवनाशक विषादी बिष हो, औषधी होइन । अत: विषादीको प्रयोग पूर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस् ।**

अमोनियम साल्ट ऑफ ग्लाइफोसेट ७१% एस जी

Ammonium Salt Of Glyphosate 71% SG

# डी–इरा

सवै प्रकारको वनस्पती मार्ने (Non-selective), अंकुरण पश्चात(Post-emergence) छर्कनुपर्ने दैहिक झारपातनाशक विषादी

**सिफारिस**

| बाली | झारपातहरुको नाम | प्रति हेक्टर वा २० रोपनीका लागि सिफारिस मात्रा | | विषादी छरेपछि फल टिप्नु वा काट्नु अघि पर्खने अवधि | ग्राम / प्रति लिटर पानी मा |
|---|---|---|---|---|---|
| | | यस विषादीको आवश्यक मात्रा - के.जी.) | विषादी घोल्न जम्मा चाहिने पानी (लि.) | | |
| चिया र गैर बाली | चरचरी झार (*Acalyapha indica*), बनकलमी घाँस (*Ipomea digitara*),कासनी (*Cichorium intybus*), लुडे बन्सो प्रजाती (*Digitarai sangulnalis*), धान घाँस (*Paspalum conjugatum*), गन्धे झार (*Ageratum conyzodes*), दुबो (*Cynodon dactylon*), मोथे (*Cyperus routondus*) घोयो (*Eragrostis* spp) | ३ के.जी | ५०० | ७ दिन | ६ ग्राम |

**नोट:** झारहरुको नेपाली नाम स्थान विशेष अनुसार फरक हुनसक्छ । त्यसैले विज्ञहरुसंग सम्पर्क गरी यकिन गर्नुहोला ।

**प्रयोग गर्ने बिधि**

विषादीको घोल बनाउँदा छर्कने ट्याकींको आधा मात्रासम्म पानी राखेर विषादीको मात्रा (६ ग्राम प्रति लिटर) हाल्नुहोस् र राम्रोसँग घोल्नुहोस् । यसपछि पानी थपेर फेरि चलाउनुहोस् । तयार भएको विषादीको घोल तुरुन्त छर्कर्नुहोस् । कम्तिमा ४-८ पातहरू भएका बाह्रमासी झारपातहरूलाई उमिसके पछिको अवस्थामा प्रयोग गर्नुहोस् ताकि बिरुवामा विषादी एकरुपले झारपातको बोटमा प्रवेश गर्न सकोस् । भर्खरै उम्रेको अवस्थामा विषादी छर्कदा झारपात नियन्त्रण कम हुन सक्छ ।

**यो विषादी प्रयोग गर्दा देहायका सावधानी अपनाउनु पर्छ ।**

विषादी प्याकेट खोल्दा वा विषादी छर्कदा पञ्जा, रवर वुट, चश्मा ग्याँस मास्क तथा पुरा शरीर ढाक्ने सुरक्षात्मक पहिरनको प्रयोग गर्नुहोस् । विषादी शरिरमा पर्न दिनुहुदैन । बिषादी छरी सके पछि सम्पर्कमा आएका कपडाहरु राम्रोसगं धुनुहोस् र नुहाउनुहोस् । बिषादी छर्दा खाने, चपाउने, पिउने, धुम्रपान गर्नु हुदैन । तरकारी बालीको बोटमा विषादी नछर्कनुहोस् । खेती गरिएको बालीको पातमा विषादी पार्नु वा छर्कनु हुदैन ।

**मानिसलाई यो विषादीको बिष लागेको अवस्थामा**

यो विषादीले प्राथमिक रुपमा छालामा, आखाँमा र श्वास प्रश्वास नलिमा चिलाउने तथा जलन जस्ता समस्याहरु देखिन्छन् ।

**बिष लाग्दा अपनाउनुपर्ने प्राथमिक उपचार**

विषादीको सम्पर्क भएको लुगा हटाउनुहोस् र छालालाई साबुन र पानीले राम्ररी धुनुहोस्। यदि आँखामा विषादी सम्पर्क भएमा आँखा खुला राख्नुहोस् र कम्तिमा १५ मिनेटसम्म सफा पानीले छम्कनुहोस् र तुरुन्त डाक्टरको सल्लाह लिनुहोस्। यो विषादी निलेमा तत्कालै बान्ता गराउनुहोस् ।

**एण्टिडट**

बिशेष किसिमको एण्टिडट छैन । लक्षणको आधारमा चिकित्सकबाट उपचार गर्ने (Gastric Lavage)।

**प्रयोग गरीएका भाँडाको बिसर्जन**

विषादी राखिएको प्याकेट कहिल्यै पुन: प्रयोग ( पानी, खाना, तेल जस्ता खानेकुरा राख्न) नगर्नुहोस् । विषादीको खाली खोलहरु वा अन्य विषादीयुक्त सामग्रीहरू र विषादी सफा गरेको पानीको उचित व्यवस्थापन गर्नु विषादी उत्पादक, प्रयोगकर्ताहरुको कर्तव्य हुनेछ। वातावरणीय वा पानी प्रदुषण हुन नदिनका लागि खालि कन्टेनरहरू आवासीय क्षेत्रबाट टाढा १/२ मिटर गहिरो खाँडलमा सुरक्षित तरिकाले नष्ट गर्नुपर्नेछ ।

**भण्डारणको अवस्था**

विषादी भएका प्याकेजहरूलाई अन्य वस्तुहरू भण्डारण गर्न प्रयोग गरिने कोठा वा परिसरबाट टाढा छुट्टै कोठा वा परिसरमा भण्डारण गर्नुपर्छ वा विषादीको मात्रा र प्रकृति अनुसार छुट्टै दराजमा ताला र चाबी लगाई राख्नुपर्छ। विषादी भण्डारण गर्नको लागि बनाइएको कोठा ढलान गरेको, नसोस्ने, प्रयाप्त उज्यालो भएको, सुख्खा, हावा चल्ने हुनुपर्छ। आधिकारीक व्यक्तिहरूको मात्र पहुँच हुने गरी विषादीको प्याकेट र कन्टेनरहरू सुख्खा ठाउँमा भण्डारण गर्नुहोस् । विषादीलाई खाना, पेय पदार्थ, पशु आहारा, औषधि, वा मलखादबाट टाढा राख्नुहोस् ।

**प्रयोग गर्नु पुर्व पर्चामा लेखिएको जीवनाशक बिषादी बारेमा संपूर्ण जानकारी पढनुहोस् र पालना गर्नुहोस् ।**

**सावधानी** बच्चाको पहुँचबाट टाढा राख्नुहोस



**सावधान, निलो**
**(कृषि प्रयोजनका लागि मात्र)**

यो जीवनाशक बिषादीको बारेमा कुनै गुनासो भएमा प्लान्ट क्वारेन्टाइन तथा बिषादी ब्यवस्थापन केन्द्रका सूचना अधिकृतलाई ०१-५०१०१११ नं. मा फोन गर्नुहोस् । वा info@npponepal.gov.np मा इमेल गर्नुहोस् ।

**विषादीको उत्पादक र वितरकको नाम ठेगाना:** धानुका एग्रीटेक लिमिटेड, नयाँ दिल्ली, भारत

**पञ्जीकरणकर्ताको नाम ठेगाना र सम्पर्क नं.** ग्लोबल एग्रो ट्रेडिङ्ग, सानेपा, २, ललितपुर सम्पर्क नं. ९८४१२३०५६४

उत्पादित देशको रजिष्टर नं. CIR-54,951/2006-GLYPHOSATE SG(267)-359

नेपालमा पञ्जीकरण गरिएको नं.

0024-HER-SG-2026




**बिषादीको प्रयोग गर्नु पूर्व सूचकपत्र अध्ययन गर्नुहोस् ।**

**जीवनाशक विषादी बिष हो, औषधी होइन । अतः विषादीको प्रयोग पूर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस् ।**

मानकोजेब ७५% डब्लु.पी

**Mancozeb 75% WP**

## इन्डोफिल एम –४५

सम्पर्क ढुसीनाशक विषादी

सिफारिस:

| बाली | रोगको नाम | प्रति हेक्टर वा २० रोपनीका लागि सिफारिस मात्रा | | विषादी छरेपछि फल टिप्नु वा काट्नु अधि पर्खने अवधि | ग्राम वा एम. एल. ⁄ प्रति लिटर पानीमा |
|---|---|---|---|---|---|
| | | यस विषादीको आवश्यक मात्रा ( केजी) | विषादी घोल्न जम्मा चाहिने पानी (लि.) | | |
| गहुँ | खिया रोग(rust disease), डढुवा (blight) | १.५–२ | ७५० | २० दिन | २–२.६७ |
| मकै | पातको डढुवा, डाउनी मिल्डु (Leaf blight, Downy Mildew) | १.५–२ | ७५० | २० दिन | २–२.६७ |
| धान | ब्लाष्ट(डढुवा) रोग (Blast) | १.५–२ | ७५० | २० दिन | २–२.६७ |
| ज्वार | पातको थोप्लो रोग (Leaf Spot) | १.५–२ | ७५० | २० दिन | २–२.६७ |
| आलु | पछौटे डढुवा, अगौटे डढुवा (Late and Early blight) | १.५–२ | ७५० | २० दिन | २–२.६७ |
| टमाटर | पछौटे डढुवा,बक आखाँ सड्ने रोग, पातको थोप्ले रोग (late blight, Buck eye rot, leaf spot) | १.५–२ | ७५० | १० दिन | २–२.६७ |
| खुर्सानी | वेर्ना कुहिने रोग (Damping off),<br>फल कुहिने रोग (Fruit and ripe rot), थोप्ले रोग (leaf spot) | ३ ग्राम माटोमा भिजेको<br>१.५–२ | १<br>७५० | १० दिन | ३<br>२.०-२.७ |
| प्याज | पातको डढुवा (Leaf Blight) | १.५–२ | ७५० | २० दिन | २–२.६७ |
| अदुवा | पहेलो रोग (Yellow Diseases) | ६०० ग्राम (१२ देखि १४ किवइन्टल) | ३०० | २० दिन | |
| सखरखण्ड | पातको थोप्लो रोग (Leaf Spot) | १.५–२ | ७५० | २० दिन | २–२.६७ |
| काउली | डाँठ कुहिने रोग (Collar rot), | ३ ग्राम (बीउ अंकुरण पछि) | १ | २० दिन | ३ |
| बदाम | पातको थोप्लो रोग (Tikka Leaf Spot Rust) | १.५–२ | ७५० | २० दिन | २–२.६७ |
| भटमास | खिया रोग (Rust) | १.५–२ | ७५० | १० दिन | २–२.६७ |
| मास | पातको थोप्लो रोग (Leaf Spot) | १.५–२ | ७५० | १० दिन | २–२६७ |
| स्याउँ | स्कयाब र कालो धब्बा (Scab and sooty blotch) | ३० ग्राम | १० लिटर ⁄ प्रति बोट | २०दिन | ३ |
| अंगुर | पातको कोणीय दाग रोग, डाउनी मिल्डु, कालो दाग रोग (Angular leaf spot, Downy mildew, Anthracnose) | १.५–२ | ७५० | २० दिन | २–२.६७ |
| अम्बा | फल सड्ने रोग (Fruit rot) | २० ग्राम | १० लिटर प्रति वोटका दरले | २० दिन | २ |
| केरा | टुप्पो कुहिने, सिगाटोका, पातको थोप्ले, फलको टुप्पा सड्ने रोग (Tip rot, sigatoka leaf spot, Cigar end rot) | १.५–२ | १००० | २०दिन | १.५–२ |
| खरबुजा | कोत्रे रोग (Anthracnose) | १.५–२ | ७५० | १० दिन | २–२.६७ |

**प्रयोग गर्ने विधिः**

यो विषादी विभिन्न प्रकारका विषादी छर्कने उपकरणबाट विरुवा भिज्ने गरी छर्ने वा माटोमा जरा भिज्ने गरी प्रयोग गर्न सकिन्छ । विषादीको घोल बनाउँदा छर्कने ट्याकींको आधा मात्रासम्म पानी राखेर विषादीको मात्रा हाल्नुहोस् र राम्रोसँग घोल्नुहोस् । यसपछि पानी थपेर फेरि चलाउनुहोस्। तयार भएको विषादीको घोल तुरुन्त छर्कर्नुहोस् । बदामको बीउ उपचारको हकमा सिफारिस मात्राको विषादी प्रति केजी बीउका दरले १० मिलि पानीमा राखी लेप बनाउने र उक्त लेप बीउमा सवैतिर पर्ने गरी ड्रम राम्रोसंग घुमाउने । त्यसपछि उपचार गरएिको बीउ छायाँमा सुकाउनुहोस् र रोप्नुहोस् ।

**यो विषादी प्रयोग गर्दा देहायका सावधानी अपनाउन पर्दछ ।**

विषादी प्याकेट खोल्दा, घोल तयार गर्दा वा विषादी छर्कदा पञ्जा, रवर वुट, चश्मा ग्याँस मास्क, टोपी तथा पुरा शरीर ढाक्ने सुरक्षात्मक पहिरनको प्रयोग गर्नुहोस् । विषादी छर्कदा छिटाहरु नाक मुखबाट भित्र प्रवेश गर्न दिनु हुदैन । साथै मुख, आँखामा एवंम छालामा विषादीको सिधा सर्म्पक हुन नदिनुहोस् । बिषादी छरी सके पछि सम्पर्कमा आएका कपडाहरु राम्रोसगं धुनुहोस् र नुहाउनुहोस् । बिषादी छर्दा खाने, चपाउने, पिउने, धुम्रपान गर्नु हुदैन ।

**मानिसलाई यो विषादीको विष लागेको अवस्थामा**

छाला चिलाउने, छातीमा कष्ट महसुस हुने, हृदयको धड्कन वढ्ने, रक्तचाप कम हुने, वाकवाकी लाग्ने, वान्ता हुने, पखाला चल्ने, शरीर धेरै चिसो हुने र सन्तुलन गुम्ने जस्ता लक्षणहरु दखिन्छ ।

**प्राथमिक उपचारः**

यदि निलिएको छ भने, बान्ता गराउनुहोस्। वेहोश भएका विरामीलाई बान्ता गराउन नहुने (फोक्सोमा पस्न सक्छ) । छालामा विषादीको सम्पर्क भएको अवस्थामाः विषादी सम्पर्क भएको भाग पर्याप्त सफा पानी र साबुनले राम्ररी धुनुहोस्। यदि रुखोपन रह्यो भने चिकित्सकलाई देखाउनुहोस् । आँखामा विषादीको सम्पर्क भएको अवस्थामाः कम्तीमा १५-२० मिनेटसम्म सफा पानीले आँखालाई धुनुहोस् । स्वासप्रस्वासमार्फत विषाक्तता भएमा पर्याप्त हावा खेल्ने ठाउँमा विरामीलाई राख्नुहोस्। लक्षण गम्भीर भए चिकित्सकलाई तुरुन्त देखाउनुहोस् ।

**एण्टिडट**

यी विषादीको विशेष एण्टिडट छैन । लक्षणको आधारमा उपचार गर्नुहोस् ।

## प्रयोग गरिएको भाँडोको विसर्जनः

प्याकेट वा विषादीको सम्पर्कमा आएका सामग्री र विषादी छर्कने उपकरण वा अन्य भाँडाहरूबाट निस्केको विषाक्त पानी वा विषादीयुक्त वस्तुलाई सुरक्षित तरिकाले वातावरण वा पानी प्रदूषण हुनबाट बच्ने गरि विसर्जन गर्नुपर्छ । प्रयोग गरिएका विषादीका प्याकेटहरूलाई पुनः प्रयोग रोक्नको लागि बाहिर छोड्नुहुँदैन। प्याकेटहरू प्रयोग गर्न नमिल्ने गरि बस्तीबाट टाढा पानीको मुहान नभएको स्थानमा गहिरो खाडलमा गाड्नु पर्छ ।

**भण्डारणको अवस्था**

बिषादी रहेका प्याकेटहरूलाई खाद्यपदार्थ लगायत अन्य सामानहरू भण्डारण गर्ने कोठाहरू वा परिसरहरूबाट अलग कोठाहरू वा परिसरहरूमा भण्डारण गर्नुपर्छ वा बिषादीको मात्रा र प्रकृतिका आधारमा छुट्टै दराजमा ताला र चाबी लगाएर राख्नुपर्छ। बिषादी भण्डारणका लागि तोकिएका कोठाहरू वा परिसरहरू राम्ररी निर्मित, सुख्खा, चिसो, प्रयाप्त उज्यालो र हावादार हुनुपर्छ ।

**प्रयोग गर्नु पूर्व पर्चामा लेखिएको जीवनाशक विषादी बारेमा संपुर्ण जानकारी पढ्नुहोस् र पालना गर्नुहोस् ।**

**सावधानी** : बिषादीलाई बच्चाको पहुँचबाट टाढा राख्नुहोस् ।




**सावधान, हरियो (कृषि प्रयोजनका लागि मात्र)**

यो जीवनाशक बिषादीको बारेमा कुनै गुनासो भएमा प्लान्ट क्वारेन्टाइन तथा बिषादी बवास्थापन केन्द्रका सुचना अधिकृतलाई ०१-५०१०१११ न. मा फोन गर्नुहोस् । वा **info@npponepal.gov.np** मा इमेल गर्नुहोस् ।

**बिषादीको उत्पादक र वितरकको नाम ठेगाना :** इन्डोफिल इन्डस्ट्रीज लिमिटेड, कुर्ला रोड, अन्धेरी (पूर्व), मुम्बई- भारत

**पञ्जीकरणकर्ताको नाम ठेगाना र सम्र्पक नं :**मनोज विज भण्डार,गरुडा ६,रौटहट, सम्पर्क नं. ९८५५०२३९१४

उत्पादितदेशको रजिष्टर नं. Reg.no.5-23 ( 1 ) /-Mancozeb/(WP)-1

नेपालमा पंजीकरण गरिएको नं. 0025-FUN-WP-2026



**बिषादीको प्रयोग गर्नु पूर्व सूचकपत्र अध्ययन गर्नुहोस् ।**

**जीवनाशक विषादी बिष हो, औषधी होइन । अत: विषादीको प्रयोग पूर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस् ।**

एल्युमिनियम फस्फाइड ५६ % पाउडर (१० ग्राम प्याकेट)

Aluminium Phosphide 56% Powder

# सेल्फोस

धुवाँजन्य कीटनाशक विषादी

**सिफारिस**

| वस्तुको नाम | कीराको नाम | सिफारिस मात्रा प्रति टन वा १०० वर्ग क्युवका लागि | विष युक्त धुँवामा सम्पर्क गराउने अवधि | धुवाँ निकालेपछि कुर्नुपर्ने समयावधि |
|---|---|---|---|---|
| भण्डारण गरिएको अन्नका दानाहरु र बिउहरु ( अनाजहरु, कोदो, दलहन बालीका फलका दानाहरु, कर्नेल तथा वदामहरु, मसला र तेलहन वालीका बिउहरु | धानको घुन (Rice weevil), गेडामा लाग्ने गवारा (Lesser grain borer) खाप्रा खपटे कीरा (Khapra Beetle) रातो पीठोको खपटे (Rust red flour beetle), साँ टुथेड ग्रेन विटल, क्याडल विटल, दलहलका विटल | १० ग्रामको प्याकेट प्रति एक टनका लागि बा १५० ग्राम धुलो १०० वर्ग क्युवका लागि | धानको घुनका लागि कम्तिमा ५ दिन र खापा विटलका लागि ७ दिन | प्लाष्टिकमा प्याक नगरेको वस्तुका हकमा १ घण्टाका लागि केहि रुपमा खुला राख्ने र ६ देखि ८ घण्टा पुरा खुल्लाराख्ने, प्लाष्टिकमा प्याक गरिएको हकमा कम्तिमा ४८ घण्टा हुनु पर्दछ । |
| पिसेका उत्पादनहरू: तेल निकालेर वाकी रहेको पिना, धानको भुषा र भुषाको पिठो, पशु दाना अन्न,र कुखुराको दाना, स्प्लिट दाल (दाल) र अन्य प्रशोधित खाना | लामो टाउको भएको पिठोको कीरा, कफी को गवारो, सुकाएका फलफूलमा लाग्ने खपटे कीरा, फ्ल्याट ग्रेन विटल, कार्पेट विटल | १० ग्रामको प्याकेट प्रति एक टनका लागि बा २२५ ग्राम धुलो १०० वर्ग क्युवका लागि | ५ दिन | ७ दिन सम्म ग्यास बाहिर जाने गरी खुल्ला राख्ने र $PH^3$ डिटेक्टर स्ट्राइपको प्रयोग गरी जाँच गर्नुपर्छ। । |
| भण्डारण गरिएका रित्तो गोदाम तथा सेडहरु | धानको पुत्ला, बदामको पुत्ला, सुलसुले कीरा, फल कुहाउने औसा झिङ्गा, अनाजको घुन कीराहरु, क्याडल र फ्लोर वोम, रातो पीठोको खपटे दाना बोरर खाप्रा बीटल, आरा दाँत भएको अन्न बीटल, क्याडले बीटल, औषधि पसल बीटल, चुरोट बीटल, पल्स बीटल। | १० ग्रामको ४ वटा प्याकेट प्रति १००० घनफुट बा १५० ग्राम धुलो १०० वर्ग क्युवका लागि | ७२ घण्टा | २४ घण्टा को खुला हावा वहने व्यवस्था गर्ने । |

**प्रयोग गर्ने बिधि**

**क) साइलो वा ठूलो भण्डारणमा**

प्रोब (probe) वा स्वचालित डिस्पेन्सर (automatic dispenser) प्रयोग गरेर विषादी गर्नुहोस् र तुरुन्तै ग्यास नछिर्ने प्लास्टिक पाना (gas proof sheet) ले ढाक्नुहोस् वा साइलो (silo) लाई हावाबन्द (airtight) गरी बन्द गर्नुहोस्। ख) प्याक गरिएको अन्न वा वस्तुमा फ्युमिगेसन सिफारिस मात्रामा विषादीको पोका एक अर्कामा नछुने गरी ट्रे मा राखेर विच र तल हुने गरी राख्ने र हावा वाहिर नजाने कुरा पूर्ण पालन गर्ने । हावा नछिर्ने गरी सिल गर्ने । ग) स्पेस फ्युमिगेसन (बन्द ठाउँ जस्तै गोदाम, साइलो, कन्टेनर, कोठा आदि) मिल तथा ठूला भण्डारण क्षेत्रको धुम्रीकरणका लागि पहिले सवै झ्याल ढोका खोल्ने । प्रयोग गर्नु वेलैमा कन्टेनरको ढोका बाहिर तिर खोल्ने । विषादी सिफारिस मात्रामा एक अर्कामा नछोइने तरिकाले ट्रेमा राख्ने र सवैतिर पर्ने व्यवस्था गर्ने । कन्टेनर वा गोदामका सवै ढोका तथा झ्यालहरु हावा वाहिर नजाने गरी बन्द गर्ने ।

**यो विषादी प्रयोग गर्दा देहायका सावधानी अपनाउनु पर्छ।**

यो विषादीको ग्यास विषाप्त हुने हुदा सासमा दुषित ग्यास नलिनुहोस् वा दुषित ग्यासबाट बच्नुहोस् । कन्टेनरहरु खोल्दा विशेष ध्यान पुऱ्याउनुहोस् र धातुका औजारको प्रयोग नगर्नुहोस् किनकि आगलागीको सम्भावना हुन सक्छ। यो विषादी प्रयोग गर्दा अनिवार्य ग्यास मास्क र सुरक्षात्मक सामग्री तथा उपकरणहरु प्रयोग गर्नुहोस् । एक्लै विषादी प्रयोग नगर्नुहोस् । विषादी धुम्रीकरण गरिएको क्षेत्रमा प्रवेश गर्दा फोस्फिन डिटेक्टर स्ट्राइपको प्रयोग गर्नुहोस् । विषादी प्रयोगको समयमा खाने, पिउने, चपाउने तथा धुम्रपान गर्नु हुदैन । विषादी प्रयोग गर्दा प्राविधिक विज्ञको सल्लाह लिने तथा निगरानीमा गर्नु पर्दछ । विषादी प्रयोग क्षेत्रमा अनिवार्य चेतावनीको सूचना राख्ने र अन्यलाई प्रवेश निषेध गर्नुपर्दछ ।

**मानिसलाई यो विषादीको बिष लागेको अवस्थामा**

कमजोरी, टाउको दुख्ने, कम्पन तथा चक्कर आउने, थकान, वान्ता वा वाकवाकी, छातीमा भारीपन, श्वासप्रश्वासमा कठिनाइ, चिसो भएको अनुभव, मुर्छा पर्ने, खोकि, हरियो चम्किलो रङको फोक्सो/घाँटीको थुक, रक्तचाप कम हुनु, पखाला, धेरै तिर्खा, मांसपेशी कमजोरी, काँप्ने गम्भीर अवस्थामा: साँस फेर्न गाह्रो, देखाइमा कमजोरी, हातखुट्टा नचल्ने, सन्तुलन बिग्रनु आदि जस्ता लक्षण देखापर्दछ ।

**बिष लाग्दा अपनाउनुपर्ने प्राथमिक उपचार**

यदि निलेको छ र विरामी वेहोस नभएको अवस्थामा उल्टी गराउने र सम्पूर्ण रुपले बाहिर नआउदा सम्म उल्टी गराउने । यदि लुगा र शरीरमा विषादी लागेको भएमा सावुन पानीले धुने । यदि आखाँमा विषादी परेमा सफा पानीले आखाँ धुने । विरामीलाई ताजा हावामा लैजाने । तुरुन्त अस्पताल लैजाने ।

**एण्टिडट**

बिशेष किसिमको एण्टिडट छैन । लक्षणको आधारमा उपचार गर्ने ।

**प्रयोग गरीएका भाँडाको बिसर्जन**

विषादीको प्रयोग पश्चातको प्याकेटलाई पानीले सफा संग धुने र धुम्रीकरण पछि रहेको शेष भागलाई मानव वस्तिबाट टाढा पानीको मुहान नभएको क्षेत्रमा गाड्ने ।

**भण्डारणको अवस्था**

कीटनाशक सधैं ठण्डा, सुख्खा र हावा लाग्ने ठाउँमा राख्ने । सूर्यको प्रत्यक्ष किरण, आगो वा चर्को तातोबाट टाढा राख्ने । अन्न, दाना, तरकारी, औषधि वा खाना राख्ने ठाउँसँगै कहिल्यै नराख्ने ।सानो बच्चा र गाईबस्तु नपुग्ने ताला लगाउने ठाउँमा मात्र राख्ने

**प्रयोग गर्नु पुर्व पर्चामा लेखिएको जीवनाशक बिषादी बारेमा संपूर्ण जानकारी पढनुहोस् र पालना गर्नुहोस् । सावधानी** बच्चाको पहुँचबाट टाढा राख्नुहोस



**सावधान, रातो (कृषि प्रयोजनका लागि मात्र)**

यो जीवनाशक बिषादीको बारेमा कुनै गुनासो भएमा प्लान्ट क्वारेन्टाइन तथा बिषादी ब्यवस्थापन केन्द्रका सूचना अधिकृतलाई ०१-५०१०१११ नं. मा फोन गर्नुहोस् । वा info@npponepal.gov.np मा इमेल गर्नुहोस्।

विषादीको उत्पादक र वितरकको नाम ठेगाना: **सुमितोमो केमिकल इन्डिया लिमिटेड** कांदिवली (पूर्व), मुम्बई - ४०० १०१, महाराष्ट्र (भारत)

पञ्जीकरणकर्ताको नाम ठेगाना र सम्पर्क नं. **नेपाल एग्रो सेन्टर प्राइवेट लिमिटेड** धनुषा जनकपुर नेपाल ०४१- ४२००९६

उत्पादित देशको रजिष्टर नं. 5-4(11) Aluminium Phosphide (F)-1

नेपालमा पञ्जीकरण गरिएको नं. 0026-INS-P-2026




**बिषादीको प्रयोग गर्नु पूर्व सूचकपत्र अध्ययन गर्नुहोस्।**

**जीवनाशक विषादी बिष हो, औषधी होइन। अतः विषादीको प्रयोग पूर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस्।**

थायामेथोक्सम ७५% एस.जी.

Thiamethoxam 75% SG

# जबर

दैहिक कीटनाशक विषादी

**सिफारिस**

| बाली | कीराहरुको नाम | प्रति हेक्टर वा २० रोपनीका लागि सिफारिस मात्रा: यस विषादीको आवश्यक मात्रा - ग्राम.) | प्रति हेक्टर वा २० रोपनीका लागि सिफारिस मात्रा: विषादी घोल्न जम्मा चाहिने पानी (लि) | विषादी छरेपछि फल टिप्नु वा काट्नु अघि पर्खने अवधि | ग्राम/ प्रति लिटर पानीमा |
|---|---|---|---|---|---|
| बदाम | धमिरा (Termites) | १२५ | ५००-१००० | ५७ | १ ग्राम/५-७.५ लि.पानी |
| उखु | धमिरा, गभारो (Termites, Early shoot borer) | १६० | ५००-१००० | २३० | १ ग्राम/५-७.५ लि.पानी |
| धान | फडके कीराहरु (Hopper), हरियो फडके (Green leaf Hopper), खैरो फडके कीराहरु (Brown Hopper), | १५० | ५०० मिलिलिटर पानीमा घोलेर २० किलोग्राम बालुवा प्रति हेक्टरमा मिसाउनुहोस्। | ६० | |
| कपास | कपासको ज्यासिड, थ्रिप्स (Jassid, Thrips) | १२५ | ५०-१०० मिली प्रति बोट | १० | १ ग्राम/५-७.५ लि.पानी |

**प्रयोग गर्ने बिधि**

बदाम, उखु र कपासमा प्रयोगको लागि: विषादीको घोल बनाउँदा छर्कने ट्यांकिको आधा मात्रासम्म पानी राखेर विषादीको मात्रा हाल्नुहोस् र राम्रोसँग घोल्नुहोस्। यसपछि पानी थपेर फेरि चलाउनुहोस्। तयार भएको विषादीको घोल तुरुन्त छर्कनुहोस् वा माटो भिजाउँदा प्रयोग गर्नुहोस्। धानमा प्रयोगको लागि : विषादीको आवश्यक मात्रा नाप्नुहोस् र ५०० मिलिलिटर पानीमा घोल्नुहोस् र तयार भएको विषादीको घोल प्रति हेक्टर २० किलोग्राम बालुवामा मिसाएर बालीमा प्रयोग गर्नुहोस्।

**यो विषादी प्रयोग गर्दा देहायका सावधानी अपनाउनु पर्छ।**

विषादीको घोल चलाउन लठ्ठी प्रयोग गर्नुहोस्। विषादीको मिश्रण खन्याउने कार्यको क्रममा आँखा, छाला र कपडामा विषादीको सम्पर्क हुनबाट बच्नुहोस्। घोल तयार गर्दा सुरक्षात्मक पोशाक जस्तै मास्क, पञ्जा, चस्मा, टोपी, एप्रोन आदी लगाउनुहोस्। नोजलहरू मुखले नफुक्नुहोस्। बिषादी छर्दा खाने, चपाउने, पिउने, धुम्रपान गर्नु हुदैन। प्रयोग नगरिएको विषादीको घोल भण्डारण नगर्नुहोस्। प्रयोग पछि स्प्रेयर, बाल्टिन र अन्य सामाग्रीहरु पानीले सफा गर्नुहोस्। बिषादी छरी सके पछि सर्म्पकमा आएका कपडाहरु राम्रोसगं धुनुहोस् र नुहाउनुहोस्। फूल फुलेको समयमा विषादी छर्कने कार्य नगर्नुहोस्। मौरीहरू सक्रिय रूपमा चरन खोजिरहेका ठाउँमा यो विषादी प्रयोग नगर्नुहोस्। फूल फुल्ने बालीहरूमा फूल फुल्नु ५ दिन अघि र फूल फुलेको ५ दिनमा विषादी प्रयोग नगर्नुहोस्।

**मानिसलाई यो विषादीको बिष लागेको अवस्थामा**

विषाक्तताले स्वतःस्फूर्त चालमा कम हुन देखि अचेत अवस्था, आँखाको परेला फर्किने जस्ता लक्षणहरू निम्त्याउन सक्छ।

**बिष लाग्दा अपनाउनुपर्ने प्राथमिक उपचार**

प्रभावित व्यक्तिलाई तुरुन्तै ताजा हावा खेल्ने ठाँउमा लैजाने। विषादीको सम्पर्क भएको लुगा हटाउनुहोस् र छालालाई साबुन र पानीले राम्ररी धुनुहोस्। आँखामा परेको छ भने पर्याप्त सफा पानीले राम्रोसंग धोइदिने। मुखबाट विषादी निलेमा बान्ता गराउन नहुने (फोक्सोमा पस्न सक्छ)। तुरुन्तै नजिकको अस्पताल वा स्वास्थ्य केन्द्रमा लैजाने।

**एण्टिडट**

बिशेष किसिमको एण्टिडट छैन। लक्षणको आधारमा उपचार गर्ने।

**प्रयोग गरीएका भाँडाको बिसर्जन**

विषादी राखिएको प्याकेट कहिल्यै पुन: प्रयोग (पानी, खाना, तेल राख्न) नगर्नुहोस्। विषादीको खाली खोलहरु वा अन्य विषादीयुक्त सामग्रीहरू र विषादी सफा गरेको पानीको उचित व्यवस्थापन गर्नु विषादी उत्पादक, प्रयोगकर्ताहरुको कर्तव्य हुनेछ। वातावरणीय वा पानी प्रदूषण हुन नदिनका लागि खालि कन्टेनरहरू आवासीय क्षेत्रबाट टाढाँ १/२ मिटर गहिरो खाँडलमा सुरक्षित तरिकाले नष्ट गर्नुपर्नेछ।

**भण्डारणको अवस्था**

विषादी भएका प्याकेजहरूलाई अन्य वस्तुहरू भण्डारण गर्न प्रयोग गरिने कोठा वा परिसरबाट टाढा छुट्टै कोठा वा परिसरमा भण्डारण गर्नुपर्छ वा विषादीको मात्रा र प्रकृति अनुसार छुट्टै दराजमा ताला र चाबी लगाई राख्नुपर्छ। विषादी भण्डारण गर्नको लागि बनाइएको कोठा ढलान गरेको, नसोस्ने, प्रयाप्त उज्यालो भएको, सुख्खा, हावा चल्ने हुनुपर्छ। आधिकारीक व्यक्तिहरूको मात्र पहुँच हुने गरी विषादीको प्याकेट रकन्टेनरहरू सुख्खा ठाउँमा भण्डारण गर्नुहोस्। विषादीलाई खाना, पेय पदार्थ, पशु आहारा, औषधि वा मलखादबाट टाढा राख्नुहोस्।

**प्रयोग गर्नु पूर्व पर्चामा लेखिएको जीवनाशक बिषादी बारेमा संपूर्ण जानकारी पढनुहोस् र पालना गर्नुहोस्।**

**सावधानी** बच्चाको पहुँचबाट टाढा राख्नुहोस



**सावधान, निलो**
**(कृषि प्रयोजनका लागि मात्र)**

यो जीवनाशक बिषादीको बारेमा कुनै गुनासो भएमा प्लान्ट क्वारेन्टाइन तथा बिषादी व्यवस्थापन केन्द्रका सूचना अधिकृतलाई ०१-५०१०१११ नं. मा फोन गर्नुहोस्। वा info@npponepal.gov.np मा इमेल गर्नुहोस्।

विषादीको उत्पादक र वितरकको नाम ठेगाना: Indogulf Cropsciense Ltd., दिल्ली, भारत

पञ्जीकरणकर्ताको नाम ठेगाना र सम्पर्क नं.

उदय देव एग्रो फर्म, दोधारा चाँदनी नगरपालिका, कञ्चनपुर, नेपाल
सम्पर्क नं.९८४८७२७१३७, ichand921@gmail.com

उत्पादित देशको रजिष्टर नं. CIR-139844/2017-THIAMETHOXAM (SG) (375)-812

नेपालमा पञ्जीकरण गरिएको नं.
0027-INS-SG-2026




**बिषादीको प्रयोग गर्नु पूर्व सूचकपत्र अध्ययन गर्नुहोस्।**

**जीवनाशक विषादी बिष हो, औषधी होइन । अतः विषादीको प्रयोग पूर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस् ।**

इमिडाक्लोप्रिड ७०% डब्लु.जी

Imidacloprid 17.8% WG

# डाँन ७०००

दैहिक कीटनाशक विषादी

**सिफारिस**

| बाली | कीराहरुको नाम | प्रति हेक्टर वा २० रोपनीका लागि सिफारिस मात्रा | | विषादी छरेपछि फल टिप्नु वा काट्नु अघि पर्खने अवधि | ग्राम/ प्रति लिटर पानीमा |
|---|---|---|---|---|---|
| | | यस विषादीको आवश्यक मात्रा - ग्राम.) | विषादी घोल्न जम्मा चाहिने पानी (लि.) | | |
| कपास | लाही (Aphid), कपासको फड्के (Jassids), थ्रिप्स (Thrips) | ३०-३५ | ३७५-५०० | ७ | ०.०८ |
| धान | खैरो फडके (Brown Plant Hopper), सेतो पिठ्युँ भएको फडके (White Backed Plant Hopper), | ३०-३५ | ३००-३७५ | ७ | ०.१ |

**प्रयोग गर्ने बिधि**

हातले चलाउने न्यापस्याक स्प्रेयरले स्प्रे गर्नुहोस्।

**यो विषादी प्रयोग गर्दा देहायका सावधानी अपनाउनु पर्छ ।**

विषादी प्याकेट खोल्दा वा विषादी छर्कदा पञ्जा, रवर वुट, चश्मा ग्याँस मास्क तथा पुरा शरीर ढाक्ने सुरक्षात्मक पहिरनको प्रयोग गर्नुहोस् । घोल तयार गर्दा सुरक्षात्मक पोशाक जस्तै मास्क, पञ्जा, चस्मा, टोपी, एप्रोन आदी लगाउनुहोस् र विषादी छर्कदा छिटाहरु नाक मुखबाट भित्र प्रवेश गर्न दिनु हुदैन साथै मुख, आँखामा एवंम छालामा विषादीको सिधा सर्म्पक हुन नदिनुहोस् । विषादी शरिरमा पर्न दिनुहुदैन । बिषादी छरी सके पछि सर्म्पकमा आएका कपडाहरु राम्रोसगं धुनुहोस् र नुहाउनुहोस् । बिषादी छर्दा खाने, चपाउने, पिउने, धुम्रपान गर्नु हुदैन ।

**मानिसलाई यो विषादीको बिष लागेको अवस्थामा**

उदासीनता हुने, मांसपेशी सार्हो हुने, कम्पन हुने, सास फेर्न गाह्रा हुने, मांसपेशी बटारिने जस्ता लक्षण देखापर्दछ ।

**बिष लाग्दा अपनाउनुपर्ने प्राथमिक उपचार**

छालामा विषादीको सम्पर्क भएको अवस्थामाः विषादी सम्पर्क भएको भाग पर्याप्त सफा पानी र साबुनले राम्ररी धुनुहोस्। यदि रुखोपन रह्यो भने चिकित्सकलाई देखाउनुहोस् । आँखामा विषादीको सम्पर्क भएको अवस्थामाः कम्तीमा १५-२० मिनेटसम्म सफा पानीले आँखालाई धुनुहोस् । स्वासप्रस्वासमार्फत विषाप्तता भएमा पर्याप्त हावा खेल्ने ठाउँमा विरामीलाई राख्नुहोस्। लक्षण गम्भीर भए चिकित्सकलाई तुरुन्त देखाउनुहोस् ।

**एण्टिडट**

बिशेष किसिमको एण्टिडट छैन । लक्षणको आधारमा उपचार गर्ने ।

**प्रयोग गरीएका भाँडाको बिसर्जन**

विषादी राखिएको प्याकेट कहिल्यै पुनः प्रयोग (पानी, खाना, तेल राख्न) नगर्नुहोस् । विषादीको खाली खोलहरु वा अन्य विषादीयुक्त सामग्रीहरू र विषादी सफा गरेको पानीको उचित व्यवस्थापन गर्नु विषादी उत्पादक, प्रयोगकर्ताहरुको कर्तव्य हुनेछ। वातावरणीय वा पानी प्रदूषण हुन नदिनका लागि खालि कन्टेनरहरू आवासीय क्षेत्रबाट टाढाँ १/२ मिटर गहिरो खाँडलमा सुरक्षित तरिकाले नष्ट गर्नुपर्नेछ ।

**भण्डारणको अवस्था**

विषादी भएका प्याकेजहरूलाई अन्य वस्तुहरू भण्डारण गर्न प्रयोग गरिने कोठा वा परिसरबाट टाढा छुट्टै कोठा वा परिसरमा भण्डारण गर्नुपर्छ वा विषादीको मात्रा र प्रकृति अनुसार छुट्टै दराजमा ताला र चाबी लगाई राख्नुपर्छ। विषादी भण्डारण गर्नको लागि बनाइएको कोठा ढलान गरेको, नसोस्ने, प्रयाप्त उज्यालो भएको, सुख्खा, हावा चल्ने हुनुपर्छ। आधिकारीक व्यक्तिहरूको मात्र पहुँच हुने गरी विषादीको प्याकेट रकन्टेनरहरू सुख्खा ठाउँमा भण्डारण गर्नुहोस् । विषादीलाई खाना, पेय पदार्थ, पशु आहारा, औषधि, स वा मलखादबाट टाढा राख्नुहोस् ।

**प्रयोग गर्नु पुर्व पर्चामा लेखिएको जीवनाशक बिषादी बारेमा संपूर्ण जानकारी पढनुहोस् र पालना गर्नुहोस् । सावधानी** बच्चाको पहुँचबाट टाढा राख्नुहोस



**सावधान, पहेंलो**
**(कृषि प्रयोजनका लागि मात्र)**

यो जीवनाशक बिषादीको बारेमा कुनै गुनासो भएमा प्लान्ट क्वारेन्टाइन तथा बिषादी व्यवस्थापन केन्द्रका सूचना अधिकृतलाई ०१-५०१०१११ नं. मा फोन गर्नुहोस् । वा info@npponepal.gov.np मा इमेल गर्नुहोस्।

विषादीको उत्पादक र वितरकको नाम ठेगानाः Indogulf Cropsciense Ltd., दिल्ली, भारत

पञ्जीकरणकर्ताको नाम ठेगाना र सम्पर्क नं.

उदय देव एग्रो फर्म, दोधारा चाँदनी नगरपालिका, कञ्चनपुर, नेपाल

सम्पर्क नं.९८४८७२७१३७, ichand921@gmail.com

उत्पादित देशको रजिष्टर नं. CIR-59,156/2008-Imidacloprid (WG)(285)-1185

नेपालमा पञ्जीकरण गरिएको नं.

0028-INS-WG-2026




**बिषादीको प्रयोग गर्नु पूर्व सूचकपत्र अध्ययन गर्नुहोस् ।**

**जीवनाशक विशादी बिष हो, औषधी होइन । अतः विषादीको प्रयोग पुर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस् ।**

जिंक फस्फाइड ८०% पाउडर

Zinc Phosphide 80% powder

**कमान्डो**

मुसानाशक

**सिफारिसः**

| बाली/प्रयोग क्षेत्र | मुसाको नाम | सिफारिस मात्रा (ग्राम) |
|---|---|---|
| खेत र आवासीय परिसर | खेत र आवासीय क्षेत्रमा पाइने विभिन्न प्रजातिका मुसाहरू (Field &residential premises Rodents ) (*Rattus rattus, Bandicota bengalensis, Rattus meltade, Tatera indica,Meriones hurrianae, Mus platythrix, Mus musculus,Rattus noroegicus, Mus booduga, Suncus caeruleus*) | १० ग्राम जिंक फस्फाइडलाई १० ग्राम खाने तेलमा मिसाउनुहोस् र त्यसपछि ३८० ग्राम मुसालाई मनपर्ने खाद्य पदार्थमा मिसाइ विषाक्त चारा बनाउनुहोस् । प्रत्येक प्रलोभन बिन्दु वा मुसाहरुले खानेकुरा खोज्ने ठाउँमा १० ग्राम विषाक्त चारा राख्नुहोस्। |

**प्रयोग गर्ने विधि :**

मुसाहरु कुनै नयाँ वातावरण वा हामीले राखेका वस्तुहरु प्रति अत्यन्तै संवेदनसिल हुने गर्दछन् । अत मुसालाई सिधै विष युक्त चारा राख्दा प्रभावकारी नतिजा वा नियन्त्रण गर्न सकिदैन । अत पहिले मुसालाई मनपर्ने चारालाई नियमित ४ देखि ५ दिन सम्म मुसाहरु आवतजावत गर्ने क्षेत्रमा राखिदिने जव मुसाले चारा खान्छ तव जिंक फस्फाइड १० ग्राम लाई १० ग्राम खाने तेलमा मिसाउनुहोस् र त्यसपछि ३८० ग्राम मुसालाई मनपर्ने खाद्य पदार्थमा मिसाइ विषाक्त चारा बनाउनुहोस् र उक्त क्षेत्रमा २ देखि ३ दिन सम्म नियमित राखिदिने र विष चारा वनाउनका लागि उपयूक्त खाद्य वस्तुहरु जस्तै गहु र यसवाट वनेका परिकारहरु, चामल, माछाको सिद्रा लगायत मुसालाई मनपर्ने खानेकुराहरु प्रयोग गर्ने । दोस्रो चरणमा (१५ दिन पछि ) बाँकी मुसाहरुको प्रभावकारी नियन्त्रणका लागि माथिकै समान प्रक्रिया अपनाइ (चारा फरक पारेर ) पहिलो ४ देखि ५ दिन सम्म सादा चारा र पछि उक्त चारामा माथिकै जस्तै विषादी राखेर २ देखि ३ दिन लगातार विषयुक्त चारा राख्नु पर्दछ । यसले पहिलो पटकमा बाँकी रहेका मुसाहरु नियन्त्रणमा प्रभावकारी हुन्छ । चाराहरु र विषाक्त चाराहरु बनाउने तथा राख्ने कार्यमा सकेसम्म हातहरु प्रयोग नगर्दा राम्रो हुन्छ ।

**यो विषादी प्रयोग गर्दा देहायका सावधानी अपनाउनु पर्दछ ।**

यो विषादी श्वासपश्वासबाट शरिरभित्र छिर्न नदिनुहोस् । मुख, आखाँ र छालामा विषादीलाई पार्नु हुदैन अतM विषादी प्रयोग गर्दा अनिवार्य सुरक्षात्मक सामग्री जस्तै सुरक्षित पोसाक, ग्यास मास्क र पञ्जा लगाएतका सुरक्षात्मक उपकरणहरु प्रयोग गर्नुहोस् । प्रयोग पश्चात बाँकी रहेको विषयुक्त चारा तथा मरेका मुसाहरु हटाउने तथा आवासिय क्षेत्रभन्दा टाढाँ लगेर गाड्ने वा जलाउने गर्नुहोस् । विषयुक्त चारालाई घरपालुवा जनावर वा पन्छीले खान सक्ने हुदा विशेष सावधानी अपनाउने तथा बालबालिकावाट सुरक्षित हुने र सम्पर्क नहुने व्यवस्था गर्नुहोस् ।

**विषाक्तताका लक्षणहरू:**

वान्ता वा वाकवाकी लाग्नु, पखाला तथा पेट दुख्ने वा पेटको मांसपेशी वटारिने,जस्ता लक्षणहरु देखिन्छ ।

**प्राथमिक उपचार**

१. यदि निलियो भने, घाँटीको पछाडिको भागमा काउकुती लगाएर बान्ता गराउनुहोस् (तत्कालको अवस्थामा)। बान्ता सफा नभएसम्म यो दोहोर्याउनुहोस्। यदि बिरामी बेहोस छ भने बान्ता नगर्नुहोस्। २. यदि आँखा दूषित छ भने प्रशस्त सफा पानीले धुनुहोस्।३. यदि लुगा र छाला दूषित छ भने दूषित लुगा हटाउनुहोस् र प्रभावित भागहरू साबुन र पानीले धुनुहोस्। ४. यदि सास फेरेको छ भने, पीडितलाई ताजा हावामा लैजानुहोस्। अक्सिजन थेरापी सिफारिस गरिन्छ। ५. तुरुन्तै चिकित्सक कहाँ बिरामी लैजानुहोस् ।

**एण्टिडट**

उल्टी उत्तेजकको रुपमा ०.२ प्रतिशतको क्युप्रिक सल्फेट (Cupric sulphate) को घोलले कार्य गर्न सक्दछ र यसबाट अघुलनशील क्युप्रिक फस्फाइड पैदा हुन्छ । यसलाई आमाशय सफा गर्ने प्रकृया -Gastric lavage) बाट हटाउन सकिन्छ र यसका लागि १:५००० अनुपातको पोटासियम परम्याग्नेट (Potassium permanganate ) को घोल प्रयोग गर्नुपर्छ । रक्तश्राव सिर्जित समस्या नियन्त्रण गर्न साधारणतया भिटामिन K को उपयोग गर्न सकिन्छ । विरामिको अवस्थाको आधारमा आवश्यक परेमा शान्त पार्ने औषधि (Sedation ) दिन सकिन्छ । अन्य अवस्थामा लक्षण अनुसार उपचार गर्नुपर्दछ । यस्तो उपचार चिकित्सकको निगरानीमा गर्न सिफारिश गरिन्छ ।

**प्रयोग गरिएको भाँडोको विसर्जनः**

प्याकेट वा विषादीको सम्पर्कमा आएका सामग्री र अन्य भाँडाहरूबाट निस्केको विषाक्त पानी वा विषादीयुक्त वस्तु तथा चारालाई सुरक्षित तरिकाले वातावरण वा पानी प्रदूषण हुनबाट बच्ने गरि विसर्जन गर्नुपर्छ.। प्रयोग गरिएका विषादीका प्याकेटहरूलाई पुनः प्रयोग रोक्नको लागि बाहिर छोड्नुहुँदैन। प्याकेटहरू प्रयोग गर्न नमिल्ने गरि बस्तीबाट टाढा पानीको मुहान नभएको स्थानमा कमसेकम १/२ मिटर गहिरो खाडलमा गाड्नु पर्छ ।

**भण्डारणको अवस्था**

बिषादी रहेका प्याकेटहरूलाई खाद्यपदार्थ लगायत अन्य सामानहरू भण्डारण गर्ने कोठाहरू वा परिसरहरूबाट अलग कोठाहरू वा परिसरहरूमा भण्डारण गर्नुपर्छ वा बिषादीको मात्रा र प्रकृतिका आधारमा छुट्टै अलमारीहरूमा ताला र चाबी लगाएर राख्नुपर्छ। बिषादी भण्डारणका लागि तोकिएका कोठाहरू वा परिसरहरू राम्ररी निर्मित, सुख्खा,चिसो, पर्याप्त उज्यालो र हावादार हुनुपर्छ ।

**प्रयोगको निर्देशनः कृपया प्रयोग गर्नु अघि संलग्न सूचक पर्चा पढ्नुहोस् र पालना गर्नुहोस् ।**

**चेतावनीः** विषादीलाई बच्चाको पहुँचबाट टाढा राख्नुहोस् ।




**सावधान, रातो**

**(कृषि प्रयोजनका लागि मात्र)**

यो जीवनाशक बिषादीको बारेमा कुनै गुनासो भएमा प्लान्ट क्वारेन्टाइन तथा बिषादी व्यवस्थापन केन्द्रका सूचना अधिकृतलाई ०१-५०१०१११ नं. मा फोन गर्नुहोस् । वा info@npponepal.gov.np मा इमेल गर्नुहोस्।

**विषादीको उत्पादक र वितरकको नाम ठेगानाः**

एक्सल क्रॉप केअर लिमिटेड
१८४/८७, स्वामी विवेकानंद रोड, जोगेश्वरी (प.), मुंवई ४०० १०२ ( भारत)

**पञ्जीकरणकर्ताको नाम ठेगाना र सम्पर्क नः** नेपाल एग्रो सेन्टर प्राइवेट लिमिटेड, धनुषा, जनकपुर, नेपाल ०४१- ४२००९६

**उत्पादित देशको रजिष्टर नं. 5-4(3) Zinc Phosphide ( R)-1.**

**नेपालमा पञ्जीकरण गरिएको नः** 0029-ROD-P-2026




**बिषादीको प्रयोग गर्नु पूर्व सूचकपत्र अध्ययन गर्नुहोस्**

**जीवनाशक विषादी बिष हो, औषधी होइन । अतः विषादीको प्रयोग पूर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस् ।**

ग्लाइफोसेट ४१% एस एल

Glyphosate 41% SL

# ग्लाइसेल

सबै प्रकारको वनस्पती मार्ने (Non-selective), हुनुपर्ने दैहिक झारपातनाशक विषादी

सिफारिसः

| बाली | झारको सामान्य नाम | एम.एल./प्रति लिटर पानीमा | मात्रा/हेक्टर | | अन्तिम छर्कने देखि बाली काट्ने सम्मको प्रतीक्षा अवधि (दिनमा) |
|---|---|---|---|---|---|
| | | | फर्मुलेशन (मिलि.) | पानीमा मिसाउने मात्रा (लिटर) | |
| चिया | बन्सो प्रजातीको झार वा कोपेट घाँस (*Axonopus compressed*) दुबो (*Cynodon dectylon*), सिरु, (*Imperata cylindrica*), फाफ्रे झार (*Polygonum perfoliatum*), कोदो झार (*Paspalum scrobiculatum*), फुस्रो खर (*Arundinella bengalensis*), आम्लिस (Kalm grass) | ४.४४-६.६६ | २०००-३००० | ४५० | २१ |
| खेती नभएको क्षेत्र | सोरघम हेलेपेन्स र अन्य एक दलिय र दुइ दलिय झार सामान्य झार नियन्त्रण (*Sorgum helepense* and other monocot & dicot weeds general weed control) | ४-५ | २०००-३००० | ५०० | |

**नोटः** झारहरुको नेपाली नाम स्थान विशेष अनुसार फरक हुनसक्छ। त्यसैले विज्ञहरुसंग सम्पर्क गरी यकिन गर्नुहोला

**प्रयोग गर्ने बिधि**

विषादीको घोल बनाउँदा छर्कने ट्याकींको आधा मात्रासम्म पानी राखेर विषादीको मात्रा हाल्नुहोस् र राम्रोसँग घोल्नुहोस् । यसपछि पानी थपेर फेरि चलाउनुहोस् । तयार भएको विषादीको घोल तुरुन्त छर्कर्नुहोस् । चिया र विना खेती गरिएको क्षेत्रमा जव झारपातहरु सक्रिय रुपमा बढेको बखत झारपातमा भिज्ने गरी छर्कने । यो विषादी छर्कदा खेती गरेको बालीमा पर्ने गरी छर्कनु हुदैन ।

**यो विषादी प्रयोग गर्दा देहायका सावधानी अपनाउनु पर्छ।**

विषादी प्याकेट खोल्दा वा विषादी छर्कदा पञ्जा, रवर वुट, चश्मा ग्याँस मास्क तथा पुरा शरीर ढाक्ने सुरक्षात्मक पहिरनको प्रयोग गर्नुहोस् । विषादी शरिरमा पर्न दिनुहुदैन । बिषादी छरी सके पछि सर्म्पकमा आएका कपडाहरु राम्रोसगं धुनुहोस् र नुहाउनुहोस् ।बिषादी छर्दा खाने, चपाउने, पिउने, धुम्रपान गर्नु हुदैन । तरकारी बालीको बोटमा विषादी नछर्कनुहोस् । खेती गरिएको बालीको पातमा विषादी पार्नु वा छर्कनु हुदैन ।

**मानिसलाई यो विषादीको बिष लागेको अवस्थामा**

टाउको दुख्ने, उल्टी, चक्कर लाग्ने रिँगटा तथा मिर्गी जस्ता लक्षणहरु देखिन्छन् ।

**बिष लाग्दा अपनाउनुपर्ने प्राथमिक उपचार**

विषादीको सम्पर्क भएको लुगा हटाउनुहोस् र छालालाई साबुन र पानीले राम्ररी धुनुहोस्। यदि आँखामा विषादी सम्पर्क भएमा आँखा खुला राख्नुहोस् र कम्तिमा १५ मिनेटसम्म सफा पानीले छम्कनुहोस् र तुरुन्त डाक्टरको सल्लाह लिनुहोस्। यो विषादी निलेमा तत्कालै उल्टी गराउनुहोस् ।

**एण्टिडट**

बिशेष किसिमको एण्टिडट छैन । लक्षणको आधारमा उपचार गर्ने ।

**प्रयोग गरीएका भाँडाको बिसर्जन**

विषादी राखिएको प्याकेट कहिल्यै पुनः प्रयोग (पानी, खाना, तेल राख्न) नगर्नुहोस् । विषादीको खाली खोलहरु वा अन्य विषादीयुक्त सामग्रीहरू र विषादी सफा गरेको पानीको उचित व्यवस्थापन गर्नु विषादी उत्पादक, प्रयोगकर्ताहरुको कर्तव्य हुनेछ। वातावरणीय वा पानी प्रदूषण हुन नदिनका लागि खालि कन्टेनरहरू आवासीय क्षेत्रबाट टाढाँ १/२ मिटर गहिरो खाँडलमा सुरक्षित तरिकाले नष्ट गर्नुपर्नेछ ।

**भण्डारणको अवस्था**

विषादी भएका प्याकेजहरूलाई अन्य वस्तुहरू भण्डारण गर्न प्रयोग गरिने कोठा वा परिसरबाट टाढा छुट्टै कोठा वा परिसरमा भण्डारण गर्नुपर्छ वा विषादीको मात्रा र प्रकृति अनुसार छुट्टै दराजमा ताला र चाबी लगाई राख्नुपर्छ। विषादी भण्डारण गर्नको लागि बनाइएको कोठा ढलान गरेको, नसोस्ने, प्रयाप्त उज्यालो भएको, सुख्खा, हावा चल्ने हुनुपर्छ। आधिकारीक व्यक्तिहरुको मात्र पहुँच हुने गरी विषादीको प्याकेट रकन्टेनरहरू सुख्खा ठाउँमा भण्डारण गर्नुहोस् । विषादीलाई खाना, पेय पदार्थ, पशु आहारा,औषधि, वा मलखादबाट टाढा राख्नुहोस् ।

**प्रयोग गर्नु पुर्व पर्चामा लेखिएको जीवनाशक बिषादी बारेमा संपूर्ण जानकारी पढनुहोस् र पालना गर्नुहोस् ।**

**सावधानी-**बच्चाको पहुँचबाट टाढा राख्नुहोस




**सावधान, निलो**

**(कृषि प्रयोजनका लागि मात्र)**

यो जीवनाशक बिषादीको बारेमा कुनै गुनासो भएमा प्लान्ट क्वारेन्टाइन तथा बिषादी व्यवस्थापन केन्द्रका सूचना अधिकृतलाई ०१-५०१०१११ नं. मा फोन गर्नुहोस् । वा info@npponepal.gov.np मा इमेल गर्नुहोस् ।

**विषादीको उत्पादक र वितरकको नाम**

**सुमितोमो केमिकल इन्डिया लिमिटेड**

भवन नम्बर १, ग्राउन्ड फ्लोर, शान्त मनोर को-अप हाउसिंग सोसाइटी लिमिटेड, चक्रवर्ती अशोक 'एक्स' रोड, कांदिवली (पूर्व), मुम्बई - ४०० १०१, महाराष्ट्र (भारत)

**पञ्जीकरणकर्ताको नाम ठेगाना र सम्पर्क नं.**

**नेपाल एग्रो सेंटर प्राइवेट लिमिटेड**

धनुषा जनकपुर नेपाल

०४१- ४२००९६

**उत्पादित देशको रजिष्टर नं.** CIR-146327/2018-GLYPHOSATE(SL)(383)-1010

**नेपालमा पञ्जीकरण गरिएको नं.**

0030-HER-SL-2026




**बिषादीको प्रयोग गर्नु पूर्व सूचकपत्र अध्ययन गर्नुहोस्**

**जीवनाशक विषादी बिष हो, औषधी होइन । अत: विषादीको प्रयोग पूर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस् ।**

अमोनियम साल्ट आँफ ग्लाइफोसेट ७१% एस जी

Ammonium Salt Of Glyphosate 71% SG

# एक्सेल मेरा ७१

सबै प्रकारको वनस्पती मार्ने (Non-selective), अंकुरण पश्चात(Post-emergence) छर्कनुपर्ने दैहिक झारपातनाशक विषादी

**सिफारिस**

| बाली | झारपातहरुको नाम | प्रति हेक्टर वा २० रोपनीका लागि सिफारिस मात्रा | | विषादी छरेपछि फल टिप्नु वा काट्नु अघि पर्खने अवधि | ग्राम / प्रति लिटर पानी मा |
|---|---|---|---|---|---|
| | | यस विषादीको आवश्यक मात्रा - के.जी.) | विषादी घोल्न जम्मा चाहिने पानी (लि.) | | |
| चिया र गैर बाली | मुक्त बर्शी झार (*Acalyapha indica*), भुइँकुमर (*Ipomea digitara*), कासनी (*Cichorium intybus*), लुडे घाँस (*Digera arvensis*), दुबो घाँस (*Digitarai sangulnalis*), धान घाँस (*Paspalum conjugatum*), कालो पाती (*Ageratum conyzoides*), दुबो (*Cynodon dactylon*), मोथा (*Cyperus routundus*) घोयो (*Eragrostis* spp) | ३ के.जी | ५०० | ७ दिन | ६ ग्राम |

नोटः झारपातको नेपाली नाम स्थान विशेष फरक हुन सक्छ ।

**प्रयोग गर्ने बिधि**

विषादीको घोल बनाउँदा छर्कने ट्याकींको आधा मात्रासम्म पानी राखेर विषादीको मात्रा हाल्नुहोस् र राम्रोसँग घोल्नुहोस् । यसपछि पानी थपेर फेरि चलाउनुहोस् । तयार भएको विषादीको घोल तुरुन्त छर्कनुहोस् । कम्तिमा ४-८ पातहरू भएका बाह्रमासी झारपातहरूलाई उमिसके पछिको अवस्थामा प्रयोग गर्नुहोस् ताकि बिरुवामा विषादी एकरुपताले प्रवेश गर्न सकोस् । भर्खरै उम्रेको अवस्थामा विषादी छर्कदा झारपात नियन्त्रण कम गर्न सक्छ तर परिपक्व अवस्थामा विषादी छर्कदा राम्रो नतिजा प्राप्त हुन्छ ।

**यो विषादी प्रयोग गर्दा देहायका सावधानी अपनाउनु पर्छ ।**

विषादी प्याकेट खोल्दा वा विषादी छर्कदा पञ्जा, रवर बुट, चश्मा ग्याँस मास्क तथा पुरा शरीर ढाक्ने सुरक्षात्मक पहिरनको प्रयोग गर्नुहोस् । विषादी शरिरमा पर्न दिनुहुदैन । विषादी छरी सके पछि सर्म्पकमा आएका कपडाहरु राम्रोसगं धुनुहोस् र नुहाउनुहोस् । विषादी छर्दा खाने, चपाउने, पिउने, धुम्रपान गर्नु हुदैन । तरकारी बालीको बोटमा विषादी नछर्कनुहोस् । खेती गरिएको बालीको पातमा विषादी पार्नु वा छर्कनु हुदैन ।

**मानिसलाई यो विषादीको बिष लागेको अवस्थामा**

यो विषादीले प्राथमिक रुपमा छालामा, आखाँमा र श्वास प्रश्वास नलिमा चिलाउने तथा जलन जस्ता समस्याहरु देखिन्छन् ।

**बिष लाग्दा अपनाउनुपर्ने प्राथमिक उपचार**

विषादीको सम्पर्क भएको लुगा हटाउनुहोस् र छालालाई साबुन र पानीले राम्ररी धुनुहोस्। यदि आँखामा विषादी सम्पर्क भएमा आँखा खुला राख्नुहोस् र कम्तिमा १५ मिनेटसम्म सफा पानीले छम्कनुहोस् र तुरुन्त डाक्टरको सल्लाह लिनुहोस्। यो विषादी निलेमा तत्कालै बान्ता गराउनुहोस् ।

**एण्टिडट**

बिशेष किसिमको एण्टिडट छैन । लक्षणको आधारमा उपचार गर्ने ।

**प्रयोग गरीएका भाँडाको बिसर्जन**

विषादी राखिएको प्याकेट कहिल्यै पुन: प्रयोग ( पानी, खाना, तेल जस्ता खानेकुरा राख्न) नगर्नुहोस् । विषादीको खाली खोलहरु वा अन्य विषादीयुक्त सामग्रीहरू र विषादी सफा गरेको पानीको उचित व्यवस्थापन गर्नु विषादी उत्पादक, प्रयोगकर्ताहरुको कर्तव्य हुनेछ। वातावरणीय वा पानी प्रदुषण हुन नदिनका लागि खालि कन्टेनरहरू आवासीय क्षेत्रबाट टाढा १/२ मिटर गहिरो खाडलमा सुरक्षित तरिकाले नष्ट गर्नुपर्नेछ ।

**भण्डारणको अवस्था**

विषादी भएका प्याकेजहरूलाई अन्य वस्तुहरू भण्डारण गर्न प्रयोग गरिने कोठा वा परिसरबाट टाढा छुट्टै कोठा वा परिसरमा भण्डारण गर्नुपर्छ वा विषादीको मात्रा र प्रकृति अनुसार छुट्टै दराजमा ताला र चाबी लगाई राख्नुपर्छ। विषादी भण्डारण गर्नको लागि बनाइएको कोठा ढलान गरेको, नसोस्ने, प्रयाप्त उज्यालो भएको, सुख्खा, हावा चल्ने हुनुपर्छ। आधिकारीक व्यक्तिहरुको मात्र पहुँच हुने गरी विषादीको प्याकेट र कन्टेनरहरू सुख्खा ठाउँमा भण्डारण गर्नुहोस् । विषादीलाई खाना, पेय पदार्थ, पशु आहारा, औषधि, वा मलखादबाट टाढा राख्नुहोस् ।

**प्रयोग गर्नु पूर्व पर्चामा लेखिएको जीवनाशक बिषादी बारेमा सम्पूर्ण जानकारी पढनुहोस् र पालना गर्नुहोस् ।**

**सावधानी** बच्चाको पहुँचबाट टाढा राख्नुहोस



**सावधान, निलो**

**(कृषि प्रयोजनका लागि मात्र)**

यो जीवनाशक बिषादीको बारेमा कुनै गुनासो भएमा प्लान्ट क्वारेन्टाइन तथा बिषादी व्यवस्थापन केन्द्रका सूचना अधिकृतलाई ०१-५०१०१११ नं. मा फोन गर्नुहोस् । वा info@npponepal.gov.np मा इमेल गर्नुहोस् ।

विषादीको उत्पादक र वितरकको नाम ठेगाना:
सुमितोमो केमिकल इन्डिया लिमिटेड
भवन नम्बर १, ग्राउन्ड फ्लोर, शान्त मनोर को-अप हाउसिंग सोसाइटी लिमिटेड, चक्रवर्ती अशोक 'एक्स' रोड, कांदिवली (पूर्व), मुम्बई - ४०० १०१, महाराष्ट्र (भारत)

पञ्जीकरणकर्ताको नाम ठेगाना र सम्पर्क नं.
नेपाल एग्रो सेंटर प्राइवेट लिमिटेड
धनुषा जनकपुर नेपाल
०४१- ४२००९६

उत्पादित देशको रजिष्टर नं.
CIR-228/2003(238)-AMMONIUM SALT OF GLYPHOSATE (SG)-01

नेपालमा पञ्जीकरण गरिएको नं.

0031-HER-SG-2026




**बिषादीको प्रयोग गर्नु पूर्व सूचकपत्र अध्ययन गर्नुहोस्**

**जीवनाशक विषादी बिष हो, औषधी होइन । अतः विषादीको प्रयोग पूर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस् ।**

अमोनियम साल्ट अँफ ग्लाइफोसेट ७१% एस जी

Ammonium Salt Of Glyphosate 71% SG

# कोनियो ७१

सबै प्रकारको वनस्पती मार्ने (Non-selective), अंकुरण पश्चात(Post-emergence) छ्र्कनुपर्ने दैहिक झारपातनाशक विषादी

**सिफारिस**

| बाली | झारपातहरुको नाम | प्रति हेक्टर वा २० रोपनीका लागि सिफारिस मात्रा: यस विषादीको आवश्यक मात्रा - के.जी.) | प्रति हेक्टर वा २० रोपनीका लागि सिफारिस मात्रा: विषादी घोल्न जम्मा चाहिने पानी (लि.) | विषादी छरेपछि फल टिप्नु वा काट्नु अघि पर्खने अवधि | ग्राम / प्रति लिटर पानी मा | |
|---|---|---|---|---|---|---|
| चिया र गैर बाली | मुक्त बर्शी झार (*Acalyapha indica*), भुइँकुमर (*Ipomea digitara*), कासनी (*Cichorium intybus*), लुडे घाँस (*Digera arvensis*), दुबो घाँस (*Digitarai sanqulnalis*), धान घाँस (*Paspalum conjugatum*), कालो पाती (*Ageratum conyzoides*), दुबो (*Cynodon dactylon*), मोथा (*Cyperus routundus*) घोयो (*Eragrostis* spp) | ३ के.जी | ५०० | ७ दिन | ६ ग्राम | |

नोटः झारपातको नेपाली नाम स्थान विशेष फरक हुन सक्छ ।

**प्रयोग गर्ने बिधि**

विषादीको घोल बनाउँदा छर्कने ट्याकींको आधा मात्रासम्म पानी राखेर विषादीको मात्रा हाल्नुहोस् र राम्रोसँग घोल्नुहोस् । यसपछि पानी थपेर फेरि चलाउनुहोस् । तयार भएको विषादीको घोल तुरुन्त छर्कर्नुहोस् । कम्तिमा ४-८ पातहरू भएका बाह्रमासी झारपातहरूलाई उमिसके पछिको अवस्थामा प्रयोग गर्नुहोस् ताकि बिरुवामा विषादी एकरुपताले प्रवेश गर्न सकोस् । भर्खरै उम्रेको अवस्थामा विषादी छर्कदा झारपात नियन्त्रण कम गर्न सक्छ तर परिपक्व अवस्थामा विषादी छर्कदा राम्रो नतिजा प्राप्त हुन्छ ।

**यो विषादी प्रयोग गर्दा देहायका सावधानी अपनाउनु पर्छ ।**

विषादी प्याकेट खोल्दा वा विषादी छर्कदा पञ्जा, रवर बुट, चश्मा ग्याँस मास्क तथा पुरा शरीर ढाक्ने सुरक्षात्मक पहिरनको प्रयोग गर्नुहोस् । विषादी शरिरमा पर्न दिनुहुदैन । बिषादी छरी सके पछि सम्पर्कमा आएका कपडाहरु राम्रोसगं धुनुहोस् र नुहाउनुहोस् । बिषादी छर्दा खाने, चपाउने, पिउने, धुम्रपान गर्नु हुदैन । तरकारी बालीको बोटमा विषादी नछर्कनुहोस् । खेती गरिएको बालीको पातमा विषादी पार्नु वा छर्कनु हुदैन ।

**मानिसलाई यो विषादीको बिष लागेको अवस्थामा**

यो विषादीले प्राथमिक रुपमा छालामा, आखाँमा र श्वास प्रश्वास नलिमा चिलाउने तथा जलन जस्ता समस्याहरु देखिन्छन् ।

**बिष लाग्दा अपनाउनुपर्ने प्राथमिक उपचार**

विषादीको सम्पर्क भएको लुगा हटाउनुहोस् र छालालाई साबुन र पानीले राम्ररी धुनुहोस्। यदि आँखामा विषादी सम्पर्क भएमा आँखा खुला राख्नुहोस् र कम्तिमा १५ मिनेटसम्म सफा पानीले छम्कनुहोस् र तुरुन्त डाक्टरको सल्लाह लिनुहोस्। यो विषादी निलेमा तत्कालै बान्ता गराउनुहोस् ।

**एण्टिडट**

बिशेष किसिमको एण्टिडट छैन । लक्षणको आधारमा उपचार गर्ने ।

**प्रयोग गरीएका भाँडाको बिसर्जन**

विषादी राखिएको प्याकेट कहिल्यै पुनः प्रयोग ( पानी, खाना, तेल जस्ता खानेकुरा राख्न) नगर्नुहोस् । विषादीको खाली खोलहरु वा अन्य विषादीयुक्त सामग्रीहरू र विषादी सफा गरेको पानीको उचित व्यवस्थापन गर्नु विषादी उत्पादक, प्रयोगकर्ताहरुको कर्तव्य हुनेछ। वातावरणीय वा पानी प्रदूषण हुन नदिनका लागि खालि कन्टेनरहरू आवासीय क्षेत्रबाट टाढा १/२ मिटर गहिरो खाडलमा सुरक्षित तरिकाले नष्ट गर्नुपर्नेछ ।

**भण्डारणको अवस्था**

विषादी भएका प्याकेजहरूलाई अन्य वस्तुहरू भण्डारण गर्न प्रयोग गरिने कोठा वा परिसरबाट टाढा छुट्टै कोठा वा परिसरमा भण्डारण गर्नुपर्छ वा विषादीको मात्रा र प्रकृति अनुसार छुट्टै दराजमा ताला र चाबी लगाई राख्नुपर्छ। विषादी भण्डारण गर्नको लागि बनाइएको कोठा ढलान गरेको, नसोस्ने, प्रयाप्त उज्यालो भएको, सुख्खा, हावा चल्ने हुनुपर्छ। आधिकारीक व्यक्तिहरूको मात्र पहुँच हुने गरी विषादीको प्याकेट र कन्टेनरहरू सुख्खा ठाउँमा भण्डारण गर्नुहोस् । विषादीलाई खाना, पेय पदार्थ, पशु आहारा, औषधि, वा मलखादबाट टाढा राख्नुहोस् ।

**प्रयोग गर्नु पूर्व पर्चामा लेखिएको जीवनाशक बिषादी बारेमा सम्पूर्ण जानकारी पढनुहोस् र पालना गर्नुहोस् ।**

**सावधानी** बच्चाको पहुँचबाट टाढा राख्नुहोस



**सावधान, निलो**
**(कृषि प्रयोजनका लागि मात्र)**

यो जीवनाशक बिषादीको बारेमा कुनै गुनासो भएमा प्लान्ट क्वारेन्टाइन तथा बिषादी व्यवस्थापन केन्द्रका सूचना अधिकृतलाई ०१-५०१०१११ नं. मा फोन गर्नुहोस् । वा info@npponepal.gov.np मा इमेल गर्नुहोस् ।

विषादीको उत्पादक र वितरकको नाम ठेगाना:
मेसर्स अतुल लिमिटेड
अतुल-३९६ ०२०, वलसाड, गुजरात भारत ।

पञ्जीकरणकर्ताको नाम ठेगाना र सम्पर्क नं.
नेपाल एग्रो सेंटर प्राइवेट लिमिटेड
धनुषा जनकपुर नेपाल
०४१- ४२००९६

उत्पादित देशको रजिष्टर नं.
CIR-54, 945/2006- GLYPHOSATE (SG) (267)-358

नेपालमा पञ्जीकरण गरिएको नं.
0032-HER-SG-2026




**बिषादीको प्रयोग गर्नु पूर्व सूचकपत्र अध्ययन गर्नुहोस्**

**जीवनाशक विषादी विष हो, औषधी होइन। अतः विषादीको प्रयोग गर्नु पूर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस् ।**

बाईफेनथ्रिन १०% ई सी

Bifenthrin 10% EC

# टाल्सटार

सम्पर्क तथा आन्तरिक कीटनाशक विषादी

**सिफारिस:**

| बाली | कीराको नाम | प्रति हेक्टर प्रयोग गर्नका लागी सिफारिस मात्रा | | विषादी छरेपछि फल टिप्नु वा काट्नु अघि पर्खनु पर्ने अवधि (दिनमा) | एम. एल/ प्रति लि. पानीमा |
|---|---|---|---|---|---|
| | | यस विषादीको आवश्यक मात्रा (एम. एल) | विषादी घोल्न जम्मा चाहिने पानी (लि.) | | |
| कपास | कपासको फल छेड्ने कीरा (American ball worm)<br>सेतों झींगा (Whitefly) | ८०० | ५०० | १५ | १.६ |
| धान | डाँठको गवारो (Stem borer),<br>पात बेरुवा (Leaf folder),<br>हरियो फड्के (Green leaf hoppers) | ५०० | ५०० | १५ | १ |
| ऊखु | धमीरा (Termites) | १००० | ५०० | ३०० | २ |

**प्रयोग गर्ने विधि:**

स्प्रे ट्याङ्कीमा थोरै पानी हालेर बाईफेनथ्रिन तोकिएको परिमाण मात्रै हाल्नुहोस र राम्ररी मिसाउनुहोस । त्यसपछि बाँकी पानीलाई निरन्तर राम्ररी चलाउँदै थप्नुहोस। त्यसपछि स्प्रे नोजल (क्याप) खोली बिरुवा राम्रोसँग भिज्ने गरी समान रूपमा स्प्रे गर्नुहोस्।

**यो विषादी प्रयोग गर्दा देहायका सावधानी अपनाउनु पर्छ।**

यो विषादी मुख, आँखा र छालाको सिधा सम्पर्क हुन दिन हुदैन। विषादी छर्कदा छिटाहरु नाक मुखबाट भित्र प्रवेश गर्न दिनु हुदैन। प्रयोग गर्दा रबरको पञ्जा, चस्मा, फेस मास्क तथा सुरक्षात्मक लुगा/पहिरन (apron) प्रयोग गर्नुपर्छ। कीटनाशक छर्कदा हावाको बहावसँगै उड्ने छिटाबाट टाढा रहनुहोस् र हावा चलेको विपरीत दिशा तर्फ पछि हट्दै छर्ने गर्नुपर्छ। स्प्रे गर्ने बेला खाना नखानुहोस्, पानी नपीउनुहोस्, धूम्रपान वा चपाउने वस्तु नचपाउनुहोस् । कीटनाशकको प्रयोग सकेपछि तुरुन्त लुगा फेर्नुपर्दछ र स्नान गर्नुपर्छ। यो विषादी पन्जा नलगाई नाङ्गा हातले मिसाउनु हुदैन । यो विषादी पानीको स्रोतको नजीकमा प्रयोग गर्नु हुदैन ।

**मानिसलाई यो विषादीको विष लागेको अवस्थामा**

यसको सम्पर्कमा आउदा नाकबाट रगत बग्नु, कम्पन हुनु, मूर्छा पर्नु, कहिलेकाहीँ छालामा डाबर आउनु, सुन्निनु, पोल्ने वा झमझम हुने जस्ता लक्षण देखिन्छ ।

**बिष लाग्दा अपनाउनु पर्ने प्राथमिक उपचार**

१. यदि श्वासप्रश्वासबाट विषादी भित्रिएको भएमा, बिरामीलाई खुला हावामा लैजानुहोस् । सास फेर्न गाह्रो भयो वा कुनै किसिमको असहजता कायम रह्यो भने तुरुन्तै चिकित्सकको परामर्श लिनुहोस् । २. मुखबाट निलिएमा पानीले कुल्ला गराउनुहोस्। १-२ गिलास पानी खुवाउनुहोस्। बेहोस भएको व्यक्तिलाई कुनै पनि खाने कुरा दिन हुदैन। ३. दूषित लुगा हटाउनुहोस्, छालामा लागेको विषादी साबुन र प्रसस्त सफा पानीले धुनुहोस्। ४. यदि आँखामा परेको छ भने, सफा पानीले कम्तीमा १५ मिनेटसम्म राम्ररी धुनुहोस्।

**एण्टिडोट**

बिशेष किसिमको एण्टिडोट छैन। लक्षणको आधारमा उपचार गर्नुहोस्।

**प्रयोग गरीएका भाँडाको बिसर्जन**

बिषादीको रित्ता भाडालाई वातावरण र पानी प्रदुषण नहुने गरी सुरक्षित तवरले बिसर्जन गर्ने दायित्व प्रयोगकर्ताको हो, त्यसैले बिषादी प्रयुक्त बट्टाहरु पुन प्रयोग गर्न हुँदैन। प्रयोग भइसकेका प्याकेटहरू फुटाएर बासस्थानबाट टाढा गाड्नुपर्छ। बिषादी प्रयुक्त बट्टाहरुको पुनः प्रयोग हुन नदिन प्रयोग भइसकेका प्याकेटहरू बाहिर खुला अवस्थामा नछोड्नुहोस्।

**भण्डारणको अवस्था**

बिषादीका प्याकेटहरु भण्डारण गर्दा खाद्यान्न राख्ने, सुत्ने, बस्ने स्थान भन्दा पर र सिधै घाम नआउने स्थानमा हुनुपर्छ। कीटनाशकलाई सधैं मूल कन्टेनरमै राम्रोसँग बन्द गरी चिसो, सुख्खा, पर्याप्त उज्यालो र हावा चल्ने स्थानमा भण्डारण गर्नुपर्छ । बिषादीको मात्रा र प्रकृतिका आधारमा छुट्टै अलमारीहरूमा ताला र चाबी लगाएर सुरक्षित राख्नुहोस् र खाना, पशुखाद्य, अन्य कीटनाशक तथा मलबाट टाढा राख्नुहोस्।

**प्रयोग गर्नु पूर्व पर्चामा लेखिएको जीवनाशक बिषादी बारेमा सम्पूर्ण जानकारी पढ्नुहोस् र पालना गर्नुहोस।**

**चेतावनी:** बालबालिकाको पहुँचबाट टाढा राख्नुहोस्।




सावधान, ज्यादै घातक, पहेलो

**(कृषि प्रयोजनको लागि मात्र)**

यो जीवनाशक बिषादीको बारेमा कुनै गुनासो भएमा प्लान्ट क्वारेन्टाइन तथा बिषादी व्यवस्थापन केन्द्रका सूचना अधिकृतलाई यो नंम्बरमा फोन गर्नुहोस: ०१-५०१०१११ वा यो info@npponepal.gov.np ठेगानामा इमेल गर्नुहोस।

**बिषादीको उत्पादक र वितरकको नाम ठेगाना:**

एफ.एम.सी इन्डिया प्राइभेट लिमिटेड,
टीसीजी फाइनान्सियल सेन्टर, दोस्रो तला, सी-५३, बान्द्रा कुर्ला कम्प्लेक्स, बान्द्रा (पूर्व), मुम्बई, बान्द्रा उपनगर, महाराष्ट्र-४०००९८, भारत

**पञ्जीकरणकर्ताको नाम ठेगाना र सम्पर्क नं.:**

कल्प ट्रेडिङ प्रा. लि.,
गोल्छा हाउस, गणबहाल-२२, काठमाडौं, नेपाल
सम्पर्क न.:९८०१०३०१३२

**उत्पादित देशको रजिष्टर नं.:** CIR-236/2003(240)-BIFENTHRIN (EC)-02

**नेपालमा पञ्जीकरण गरिएको नं.:**
0033-INS-EC-2026

**Pictograms:**



**बिषादीको प्रयोग गर्नु पूर्व सूचकपत्र अध्ययन गर्नुहोस्।**

**जीवनाशक विषादी विष हो, औषधी होइन । अत: विषादीको प्रयोग पूर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस ।**

क्लोरएन्ट्रानिलिप्रोले १८.५% एस सी

Chlorantraniliprole 18.5% SC

## कोराजन

दैहिक कीटनाशक विषादी

**सिफारिस:**

| **बाली** | **कीराको सामान्य नाम** | **प्रति हेक्टर / सिफारिस मात्रा** | | **विषादी छरेपछि फल टिप्नु वा काट्नू अघि पर्खने अवधि (दिनमा)** | **एम. एल/ प्रति लि पानीमा** |
|---|---|---|---|---|---|
| | | **यस विषादीको आवश्यक मात्रा (एम. एल)** | **विषादी घोल्न जम्मा चाहिने पानी (लि)** | | |
| धान | धानको पहेंलो गवारो (Yellow stem borer) धान-पात बेरुवा (Leaf folder) | १५० | ५०० | ४७ | ०.३ |
| बन्दा | ईट बुट्टे पुतली (Diamond back moth) | ५० | ५०० | ३ | ०.१ |
| कपास | अमेरिकी फौजी किरा (American ball worm) सुर्तिको पात खाने लाभ्रे (Tobacco caterpillar) | १५० | ५०० | ९ | ०.३ |
| ऊखु | उँखुको गवारो (Early shoot borer & Top borer)<br>धमीरा (Termites) | ३७५<br>५००-६२५ | १०००<br>१००० | २०८ | ०.३७<br>०.५-०.६ |
| गोलभेड़ा | फलको गवारों (Fruit borer) | १५० | ५०० | ३ | ०.३ |
| खोर्सानी | फलको गवारों (Fruit borer), सुर्तिको पात खाने लाभ्रे (Tobacco caterpillar) | १५० | ५०० | ३ | ०.३ |
| सोयाबिन | हरियो बित्ते कीरा (Green semiloopers), सुर्तिको पात खाने लाभ्रे (Tobacco caterpillar) | १५० | ५००-७५० | २९ | ०.२-०.३ |
| भन्टा | फल र डाँठको गवारो (Fruit and Shoot borer) | २०० | ५००-७५० | ३ | ०.२-०.४ |
| रहर | कोसाको गवारों (Gram pod borer) , कोसाको झींगा (Pod fly) | १५० | ५००-७५० | २२ | ०.२-०.३ |
| चना | कोसाको गवारों (Gram pod borer) | १२५ | ५०० | ११ | ०.२५ |
| मास | कोसाको गवारों (Gram pod borer) | १०० | ५०० | २० | ०.२ |
| तिते करेला | फलको गवारों (Fruit borer), पातको झुसुलेकिरा (Leaf caterpillar) | १००-१२५ | ५०० | ७ | ०.२-०.२५ |
| रामतोरी | फलको गवारों (Fruit borer) | १००-१२५ | ५०० | ५ | ०.२-०.२५ |
| मकै | डाँठको गवारों (Stem borer) | २०० | ५०० | १० | ०.४ |
| बादाम | सुर्तिको पात खाने लाभ्रे (Tobacco caterpillar) | १५० | ५०० | २८ | ०.३ |

**प्रयोग गर्नु पुर्व पर्चामा लेखिएको जीवनाशक बिषादी बारेमा सम्पूर्ण जानकारी पढ्नुहोस् र पालना गर्नुहोस् ।**

**चेतावनी:**

१. बच्चाको पहुँचबाट टाढा राख्नुहोस ।

२. एक बाली चक्रमा दुई पटकभन्दा बढी प्रयोग नगर्नुहोस ।




सावधान, निलो

**(कृषि प्रयोजनको लागि मात्र)**

यो जीवनाशक विषादीको बारेमा कुनै गुनासो भएमा प्लान्ट क्वारेन्टाइन तथा बिषादी व्यवस्थापन केन्द्रका सूचना अधिकृतलाई यो नंम्बरमा फोन गर्नुहोस: ०१-५०१०१११ वा यो info@npponepal.gov.np ठेगानामा इमेल गर्नुहोस ।

**बिषादीको उत्पादक र वितरकको नाम ठेगाना:**

एफ.एम.सी इन्डिया प्राइभेट लिमिटेड, टीसीजी फाइनान्सियल सेन्टर, दोस्रो तला, सी-५३, बान्द्रा कुर्ला कम्प्लेक्स, बान्द्रा (पूर्व), मुम्बई, बान्द्रा उपनगर, महाराष्ट्र-४०००९८, भारत

**पञ्जीकरणकर्ताको नाम ठेगाना र सम्पर्क नं.:**

कल्प ट्रेडिङ प्रा. लि.,

गोल्छा हाउस, गणबहाल-२२, काठमाडौं, नेपाल

सम्पर्क न.:९८०१०३०१३२

**उत्पादित देशको रजिष्टर नं.:** CIR-879/2008(292) Chlorantraniliprole (SC)-2

**नेपालमा पञ्जीकरण गरिएको नं.:**

0034-INS-SC-2026

**Pictograms:**





**बिषादीको प्रयोग गर्नु पूर्व सूचकपत्र अध्ययन गर्नुहोस् ।**

**प्रयोग गर्ने विधिः**

बालीको प्रकार तथा कीराको प्रकृति अनुसार प्रयोग मात्रा फरक-फरक हुन सक्छ। माथि उल्लेखित सिफारिस गरिएको मात्रा एक सफा बाल्टिन वा अन्य उपयुक्त भाँडामा हाल्नुहोस। त्यसमा करिब १ मग सफा पानी थपेर राम्रोसँग मिसाउनुहोस। तयार गरिएको मिश्रणलाई स्प्रे ट्याङ्कीमा हालेर आवश्यक मात्रामा बाँकी पानी थप्नुहोस र राम्ररी घोल्नुहोस। त्यसपछि स्प्रे नोजल (क्याप) खोलेर मोटो धार आउने गरी समायोजन गरी बिरुवा राम्रोसँग भिज्ने गरी समान रूपमा स्प्रे गर्नुहोस।

**यो विषादी प्रयोग गर्दा देहायका सावधानी अपनाउनु पर्छ।**

यो विषादी खाना, दाना, रित्ता खानाको भाडा भन्दा पर रख्नुपर्दछ। मुख, आँखा र छालामा विषादीको सिधा सम्पर्क हुन दिन हुदैन । विषादी छिट्दा छिटाहरु नाक मुखबाट भित्र प्रवेश गर्नु दिनु हुदैन र हावा चलेको विपरीत दिशा तर्फ पछि हट्दै छर्ने गर्नुपर्छ। विषादी छरी सकेपछि सम्पर्कमा आएका कपडा र शरीरका भागहरु राम्रोसंग सफा गर्नुपर्छ। विषादी छार्दा खाने, केही चपाउने, पिउने, धूम्रपान गर्नु हुदैन। विषादीको घोल बनाउदा, र छिट्दा सुरक्षित पहिरन अनिवार्य लगाउनु पर्छ। ट्याङ्कीको क्षमताभन्दा ३/४ भाग भन्दा धेरै नभर्नुहोस ।

**मानिसलाई यो विषादीको विष लागेको अवस्थामा**

टाउको दुख्ने, रिङटा लाग्ने, वाकवाक लाग्ने, पेटदुख्ने, बान्ता हुने जस्ता लक्षण देखिन्छ।

**बिष लाग्दा अपनाउनुपर्ने प्राथमिक उपचार**

१. यदि बिषादी निलेको छ र बिरामी बेहोस छैन भने, वान्ता गराउनुहोस । २. यदि कपडा र शरिरका भागहरु बिषादीको सम्पर्कमा आएका छन् भने कपडा हटाउने, संसर्गमा आएका शरिरका भाग सावुन पानीले धुनपर्दछ। ३. यदि आँखा बिषादीको संसर्गमा आएको भए सफा पानीले १०-१५ मिनेटसम्म आँखा सफा गर्नुपर्छ। ४. बिरामीलाई ताजा हावामा लैजानुहोस ।

**एण्टिडट**

बिशेष किसिमको एण्टिडट छैन। लक्षणको आधारमा उपचार गर्नुहोस।

**प्रयोग गरीएका भाँडाको बिसर्जन**

बिषादीको रित्ता भाडा त्यतिकै छोडेर पुन प्रयोग गर्न हुँदैन। तिनीहरुले वातावरण र पानी प्रदुषण नहुने गरी सुरक्षित तवरले बिसर्जन गर्ने दायित्व, प्रयोगकर्ताको हो , त्यसैले बिषादी प्रयुक्त बट्टाहरु पुन प्रयोग गर्न हुँदैन, यिनलाई टुटाएर बस्ति भन्दा टाढा पुर्नुपर्छ।

**भण्डारणको अवस्था**

बिषादी रहेका प्याकेटहरुका भण्डारण खाद्यान्न राख्ने, सुत्ने, बस्ने स्थान भन्दा पृथक र सिधै घाम नआउने स्थान हुनु पर्छ । बिषादीका भाडा/प्याकेटहरु राम्रोसंग बनाइएका ओस नआउने, सुख्खा, राम्रो भेण्टिलेटरको सुबिधा भएको स्थानमा हुनुपर्छ।

**जीवनाशक विषादीको नेपालीपर्चा**

जीवनाशक विषादी विष हो, औषधी  होइन । अतः विषादीको प्रयोग पूर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस ।

**जीवनाशक विषादीको सामान्य नाम, सक्रिय तत्वोको अंश, संश्लेषणको प्रकार:** क्लोरएन्ट्रानिलिप्रोले ०.४% भार/भार जी आर (घुलनसिल दाना)

## जीवनाशक विषादीको व्यापारिक नाम: फर्टेरा

**जीवनाशक विषादीको लक्षित शत्रुजीवको आधारमा, कार्य प्रकृतिका आधारमा वर्गिकरण:** कीटनाशक

**सिफारिस:**

| बाली | किराको सामान्य नाम | प्रति हेक्टर / सिफारिस मात्रा | | विषादी छरेपछि फल टिप्नु वा काट्नू अघि पर्खने अवधि ( दिनमा) | ग्राम/ प्रति लि पानीमा |
|---|---|---|---|---|---|
| | | यस विषादीको आवश्यक मात्रा (ग्राम) | विषादी घोल्न जम्मा चाहिने पानी (लि) | | |
| धान | गवारों पात बेरुवा | १० | - | ५३ | - |
| ऊखु | गवारों | १८७५ | - | १४७ | - |
| मकै | धके गवारों फल आर्मी वर्म | १०-१२.५ | - | १४ | - |

**प्रयोग गर्ने विधि:**

**१. ऊखु:** रोपाइँको समयमा नालीमा वा उम्रिँदै गरेका टुसाहरूको आधार भागमा नालीसँगै प्रयोग गर्नुपर्छ र त्यसपछि सिँचाइ गर्नुपर्छ।

**२. मकै:** बोटको जराको सम्पूर्ण क्षेत्रमा प्रति हेक्टर १०-१२.५ केजी दानादार विषादीको प्रयोग गर्नुपर्छ।

**३. धान:** धान सारेको १५-३५ दिन भित्र प्रति हेक्टर १० केजी दानादार विषादी  जमेको पानीमा एकसमानले प्रयोग गर्नुपर्छ।

**यो विषादी प्रयोग गर्दा देहायका सावधानी अपनाउनु पर्छ ।**

१. खाना, दाना, रित्ता खानाको भाडा भन्दा यो विषादी पर राख्ने ।
२. मुख, आँखा र छालामा विषादीको सिधा सम्पर्क हुन नदिने ।
३. विषादी प्रयोग  सकेपछि सम्पर्कमा आएका कपडा र शरीरका भागहरु राम्रोसंग सफा गर्नुपर्छ ।
४. विषादी प्रयोग  गर्दा खाने, केही चपाउने, पिउने, धूम्रपान गर्नु हुदैन ।
५ . लेबल/पर्चामा उल्लेख गरिएको बाहेक अन्य कुनै प्रयोजनका लागि प्रयोग नगर्नुहोस् ।
६ . यो उत्पादन रेशम किरा (क्षपिधयच्क) का लागि विषालु हुन्छ ।  यसको प्रयोग गरिएको जमीनमा/माटोमा किम्बुलाई  बाली चक्रमा प्रयोग  नगर्नुहोस्।

**मानिसलाई यो विषादीको विष लागेको अवस्थामा**

रिङटा लाग्ने, वाकवाक लाग्ने, धमिलो दृष्टि, बान्ता हुने हुन सक्छ

**बिष लाग्दा अपनाउनुपर्ने प्राथमिक उपचार**

१. यदि सेवन भएमा व्यक्ति होसमा र सचेत अवस्थामा भएमा, मुख पानीले कुल्ला गराउनुहोस् र १ वा २ गिलास पानी पिउन दिनुहोस् । बेहोस व्यक्तिलाई मुखबाट केही पनि नदिनुहोस् । डाक्टरलाई बोलाउनुहोस् । उपचार गर्ने चिकित्सकले निर्देशन नदिएसम्म बान्ता गराउन नखोज्नुहोस् ।
२. यदि साससँगै भित्रिएको भएमा व्यक्तिलाई खुला हावामा लैजानुहोस् र शरीरको तापक्रमको ख्याल राख्नुहोस् । यदि व्यक्ति सास नफेर्दैछ वा सास फेर्न गाह्रो भइरहेको छ भने, कृत्रिम सासप्रश्वास दिनुहोस्, सकेसम्म मुखबाट मुखमा सास दिने विधि प्रयोग गर्नुहोस् । चिकित्सकसँग परामर्श गर्नुहोस् ।
३. छालासँग सम्पर्क भएमा कम्तीमा १५ मिनेटसम्म प्रशस्त पानीले बिस्तारै धुनुहोस् ।
४. आँखासँग सम्पर्क भएमा कम्तीमा १५ मिनेटसम्म प्रशस्त पानीले बिस्तारै धुनुहोस् । यदि दुखाइ, जलन, रातोपन वा प्रकाशप्रति संवेदनशीलता कायम रहन्छ भने, आँखा विशेषज्ञसँग परामर्श गर्नुहोस्।

**प्रयोग गर्नु पुर्व पर्चामा लेखिएको जीवनाशक बिषादी बारेमा सम्पूर्ण जानकारी पढ्नुहोस् र पालना गर्नुहोस् ।**

**चेतावनी:**

१. बच्चाको पहुँचबाट टाढा राख्नुहोस
२. एक बाली चक्रमा दुई पटकभन्दा बढी प्रयोग नगर्नुहोस्।



सावधान, निलो
मध्यम रुपले विषालु

यो जीवनाशक बिषादीको बारेमा कुनै गुनासो भएमा प्लान्ट क्वारेन्टाइन तथा बिषादी व्यवस्थापन केन्द्रका सूचना अधिकृतलाई यो नंम्बरमा फोन गर्नुहोस्ः ०१-५५२१५९७ वा यो ठेगानामा इमेल गर्नुहोस् info@npponepal.gov.np

**बिषादीको उत्पादक र वितरकको नाम ठेगाना:**

एफ.एम.सी इन्डिया प्राइभेट लिमिटेड,
टीसीजी फाइनान्सियल सेन्टर, दोस्रो तला, सी-५३, बान्द्रा कुर्ला कम्प्लेक्स, बान्द्रा (पूर्व), मुम्बई, बान्द्रा उपनगर, महाराष्ट्र-४०००९८, भारत

**पैठारीकर्ताको नाम ठेगाना र सम्पर्क नं.:**

कल्प ट्रेडिङ प्रा. लि.,
गोल्छा हाउस, गणबहाल-२२, काठमाडौं, नेपाल

**उत्पादित देशको रजिष्टर नं.:** CIR-973/2009(301) Chlorantraniliprole (GR)-03

**नेपालमा पञ्जीकरण गरिएको नं.:** A23000055

0035-INS-GR-2026

**एण्टिडट**
बिशेष किसिमको एण्टिडट छैन । लक्षणको आधारमा उपचार गर्ने ।

**प्रयोग गरीएका भाँडाको बिसर्जन**

१. बिषादीको रित्ता भाडात्यतिकै छोडेर पुन प्रयोग गर्न हुँदैन । तिनीहरुले वातावरण र पानी प्रदुषण नहुने गरी सुरक्षित तवरले बिसर्जन गर्ने दायित्व, प्रयोगकर्ताको हुनेछ ।
२. बिषादी प्रयुक्त बट्टाहरु पुन प्रयोग गर्न हुँदैन, यिनलाई टुटाएर बस्ति भन्दा टाढा पुर्नु पर्नेछ ।

**भण्डारणको अवस्था**
१. बिषादी रहेका प्याकेटहरुका भण्डारण खाद्यान्न राख्ने, सुत्ने, बस्ने स्थान भन्दा पृथक र सिधै घाम नआउने स्थान हुनु पर्नेछ ।
२. बिषादीका भाडा/प्याकेटहरु राम्रो संग बनाइएका ओस नआउने, सुखा, राम्रो भेण्टिलेटरको सुबिधा भएको स्थान हुनु पर्नेछ ।

**Pictograms:**





**बिषादीको प्रयोग गर्नु पूर्व सूचकपत्र अध्ययन गर्नुहोस् ।**

**जीवनाशक विषादी बिष हो, औषधी होइन । अतः विषादीको प्रयोग पूर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस् ।**

एल्युमिनियम फस्फाइड ५६ % पाउडर (१० ग्राम प्याकेट)

Aluminium Phosphide 56% Powder

**क्विकफाँस**

धुवाँजन्य कीटनाशक विषादी

**सिफारिस**

| वस्तुको नाम | कीराको नाम | सिफारिस मात्रा | विष युक्त धुँवामा सम्पर्क गराउने अवधि | धुवाँ निकालेपछि कुर्नुपर्ने समयावधि |
|---|---|---|---|---|
| भण्डारण गरिएको अन्नका दानाहरु र बिउहरु ( अनाजहरु, कोदो, दलहन बालीका फलका दानाहरु, सुख्खा फलफूल, बदामहरु, मसला र तेलहन बालीका बिउहरु | धानको घुन (Rice weevil), गेडामा लाग्ने गवारा (Lesser grain borer) खाप्रा खपटे कीरा (Khapra Beetle) रातो पीठोको खपटे (Rust red flour beetle), आरा दाँत भएको खपटे कीरा, क्याडल बिटल (Caddle beetle), दलहनका खपटे कीरा, अन्य खपटे कीरा (Drug store bettle, Cigarette bettle) | १० ग्राम प्रति टन | धानको घुनका लागि कम्तिमा ५ दिन र खाप्रा खपटे कीराका लागि ७ दिन | प्लाष्टिकमा प्याक नगरेको वस्तुका हकमा १ घण्टाका लागि आंशिक रुपमा खुला राख्ने र ६ देखि ८ घण्टा पुरा खुल्लाराख्ने, प्लाष्टिकमा प्याक गरिएको हकमा कम्तिमा ४८ घण्टा कुर्नपर्दछ । |
| पिसेका उत्पादनहरू: तेल निकालेर बाकी रहेको पिना, धानको भुष र पिठो, पशु दाना अन्न,र कुखुराको दाना, स्प्लिट दाल (दाल) र अन्य प्रशोधित खाना | लामो टाउको भएको पिठामा लाग्ने कीरा, कफी को गवारो, सुकाएका फलफूलमा लाग्ने खपटे कीरा, ,रातो खुट्टा भएको खपटे कीरा, फ्ल्याट ग्रेन बिटल, कार्पेट खपटे कीरा | १० ग्राम प्रति टन | न्यूनतम ५ दिन | ४८ घण्टा खुल्ला हावामा बहने व्यवस्था गर्ने र ७ दिन सम्म ग्याँस बाहिर जाने गरी खुल्ला राख्ने र $PH^3$ डिटेक्टर स्ट्राइपको प्रयोग गरी फस्फिनको जाँच गर्नुपर्छ । |
| खाली गोदाम र गोदाम | धानको पुत्ला, बदामको पुत्ला, सुलसुले कीरा, फल कुहाउने औसा झिङ्गा, अनाजको घुन कीराहरु, क्याडल र पीठोमा लाग्ने कीरा, पीठोको रातो खपटे कीरा, दानामा लाग्ने गवारो, खाप्रा खपटे कीरा, आरा दाँत भएको अन्नमा लाग्ने खपटे कीरा, क्याडले बीटल, अन्य खपटे कीरा (Drug store bettle, Cigarette bettle) | १५० ग्राम प्रति १०० घन मिटर | न्यूनतम ३ दिन (७२ घण्टा) | २४ घण्टा को खुल्ला हावा बहने व्यवस्था गर्ने फस्फिनको सघनता $PH^3$ डिटेक्टरद्वारा जाँच गर्नुपर्छ। |

**प्रयोग गर्ने बिधि क) साइलो वा ठूलो भण्डारणमा:** प्रोब (probe) वा स्वचालित डिस्पेन्सर (automatic dispenser) प्रयोग गरेर विषादी गर्नुहोस् र तुरुन्तै ग्यास नछिर्ने प्लास्टिक पाना (gas proof sheet) ले ढाक्नुहोस् वा साइलो (silo) लाई हावाबन्द (airtight) गरी बन्द गर्नुहोस्। ख) **प्याक गरिएको अन्न वा वस्तुमा फ्युमिगेसन** सिफारिस मात्रामा विषादीको पोका एक अर्कामा नछुने गरी ट्रे मा राखेर बिच र तल हुने गरी राख्ने र हावा बाहिर नजाने कुरा पूर्ण पालन गर्ने । हावा नछिर्ने गरी सिल गर्ने । ग) **स्पेस फ्युमिगेसन (बन्द ठाउँ जस्तै गोदाम, साइलो, कन्टेनर, कोठा आदि)** मिल तथा ठूला भण्डारण क्षेत्रको धुम्रीकरणका लागि पहिले सबै झ्याल ढोका खोल्ने । प्रयोग गर्नु बेलैमा कन्टेनरको ढोका बाहिर तिर खोल्ने । विषादी सिफारिस मात्रामा एक अर्कामा नछोइने तरिकाले ट्रेमा राख्ने र सबैतिर पर्ने व्यवस्था गर्ने । कन्टेनर वा गोदामका सबै ढोका तथा झ्यालहरु हावा बाहिर नजाने गरी बन्द गर्ने ।

**यो विषादी प्रयोग गर्दा देहायका सावधानी अपनाउनु पर्छ ।**

यो विषादीको ग्याँस विषाप्त हुने हुदा सासमा दुषित ग्यास नलिनुहोस् वा दुषित ग्यासबाट बच्नुहोस् । कन्टेनरहरु खोल्दा विशेष ध्यान पुऱ्याउनुहोस् र धातुका औजारको प्रयोग नगर्नुहोस् किनकि आगलागीको सम्भावना हुन सक्छ । यो विषादी प्रयोग गर्दा अनिवार्य ग्यास मास्क र सुरक्षात्मक सामग्री तथा उपकरणहरु प्रयोग गर्नुहोस् । एक्लै विषादी प्रयोग नगर्नुहोस् । यस विषदीबाट धुम्रीकरण गर्ने कार्य ३० मिनेटमा सम्पन्न गनुपर्नेछ । विषादी धुम्रीकरण गरिएको क्षेत्रमा प्रवेश गर्दा फोस्फिन डिटेक्टर स्ट्राइपको प्रयोग गर्नुहोस् । विषादी प्रयोगको समयमा खाने, पिउने, चपाउने तथा धुम्रपान गर्नु हुदैन । विषादी प्रयोग गर्दा प्राविधिक विज्ञको सल्लाह लिने तथा निगरानीमा गर्नु पर्दछ । विषादी प्रयोग क्षेत्रमा अनिवार्य चेतावनीको सूचना राख्ने र अन्यलाई प्रवेश निषेध गर्नुपर्दछ ।

**मानिसलाई यो विषादीको बिष लागेको अवस्थामा**

कमजोरी, टाउको दुख्ने, कम्पन तथा चक्कर आउने, थकान, वान्ता वा वाकवाकी, छातीमा भारीपन, श्वासप्रश्वासमा कठिनाइ, चिसो भएको अनुभव, मुर्छा पर्ने, खोकि, हरियो चम्किलो रङको फोक्सो/घाँटीको थुक, रक्तचाप कम हुनु, पखाला, धेरै तिर्खा, मांसपेशी कमजोरी, काँप्ने गम्भीर अवस्थामा: साँस फेर्न गाह्रो, देखाइमा कमजोरी, हातखुट्टा नचल्ने, सन्तुलन बिग्रनु आदि जस्ता लक्षण देखापर्दछ ।

**बिष लाग्दा अपनाउनुपर्ने प्राथमिक उपचार**

यदि निलेको छ र बिरामी वेहोस नभएको अवस्थामा उल्टी गराउने र सम्पूर्ण रुपले बाहिर नआउदा सम्म उल्टी गराउने । बिरामी बेहोस भएमा बान्ता गराउने काम नगर्नुहोस् । पानी वा दुध सेवन गर्न नहुने । यदि लुगा र शरीरमा विषादी लागेको भएमा साबुन पानीले धुने । यदि आखाँमा विषादी परेमा सफा पानीले आखाँ धुने । बिरामीलाई ताजा हावामा लैजाने । आवश्यक भए अक्सिजनको सहायता उपलब्ध गराउने वा चिकित्सकको निगरानीमा तुरुन्त अस्पताल लैजाने ।

**एण्टिडट**

पेट सफा गर्न पोटासियम परम्याग्नेट विधि अपनाउनुहोस् । केहि गरी विष निलियो भने र फोक्सोमा पानी जमेमा हाइपरटोनिक ग्लुकोजको इन्जेक्सन दिनुहोस् । यि सबै कार्य चिकित्सकबाट गराउनुहोस् । बिशेष किसिमको एण्टिडट छैन । लक्षणको आधारमा उपचार गर्ने ।

**प्रयोग गरीएका भाँडाको बिसर्जन**

विषादीको प्रयोग पश्चातको प्याकेटलाई पानीले सफा संग धुने र धुम्रीकरण पछि रहेको शेष भागलाई मानव वस्तिबाट टाढा पानीको मुहान नभएको क्षेत्रमा गाड्ने ।

**भण्डारणको अवस्था**

कीटनाशक सधैं ठण्डा, सुख्खा र हावा लाग्ने ठाउँमा राख्ने । सूर्यको प्रत्यक्ष किरण, आगो वा चर्को तातोबाट टाढा राख्ने । अन्न, दाना, तरकारी, औषधि वा खाना राख्ने ठाउँसँगै कहिल्यै नराख्ने । सानो बच्चा र गाईबस्तु नपुग्ने ताला लगाउने ठाउँमा मात्र राख्ने

**प्रयोग गर्नु पुर्व पर्चामा लेखिएको जीवनाशक बिषादी बारेमा संपूर्ण जानकारी पढनुहोस् र पालना गर्नुहोस् । सावधानी** बच्चाको पहुँचबाट टाढा राख्नुहोस



**सावधान, रातो (कृषि प्रयोजनका लागि मात्र)**

यो जीवनाशक बिषादीको बारेमा कुनै गुनासो भएमा प्लान्ट क्वारेन्टाइन तथा बिषादी व्यवस्थापन केन्द्रका सूचना अधिकृतलाई ०१-५०१०१११ नं. मा फोन गर्नुहोस् । वा info@npponepal.gov.np मा इमेल गर्नुहोस्।

विषादीको उत्पादक र वितरकको नाम ठेगाना: **सुपरफार्म केमिस्ट्रीज लिमिटेड, युनिफोस हाउस,मुम्बई-४०० ०५२** (भारत)

पञ्जीकरणकर्ताको नाम ठेगाना र सम्पर्क नं. **ग्लोबल एग्रो ट्रेडिङ्ग सानेपा,ललितपुर नेपाल,9841230564**

उत्पादित देशको रजिष्टर नं. VI-867 (1) ALUMINIUM PHOSPHIDE(F)-11

नेपालमा पञ्जीकरण गरिएको नं. 0036-INS-P-2026



**बिषादीको प्रयोग गर्नु पूर्व सूचकपत्र अध्ययन गर्नुहोस् ।**

**जीवनाशक विषादी बिष हो, औषधी होइन । अतः विषादीको प्रयोग पूर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस् ।**

एल्युमिनियम फस्फाइड १५ % चक्की (१२ ग्राम चक्की)

Aluminium Phosphide 15% (12 gm tablet)

# क्विकफाँस

धुवाँजन्य कीटनाशक विषादी

सिफारिसः

| वस्तुको नाम | कीराको नाम | सिफारिस मात्रा | संरचना खुला रहने अवधि | विष युक्त धुँवामा सम्पर्क गराउने अवधि | धुवाँ निकालेपछि पर्खनु पर्ने समयावधि |
|---|---|---|---|---|---|
| भण्डारण गरिएको अन्नका दानाहरु र वीउहरु | धानको घुन (Rice weevil), रातो पीठोको खपटे (Rust red flour beetle) | १चक्की (१२ ग्राम) प्रति एक टनका लागि वा ६०० ग्राम प्रति १०० घन मिटरका लागि | ७ देखि १४ दिन | **प्लाष्टिकमा प्याक नगरेको वस्तहरुको हकमा** आंशिक रुपमा गर्दा १ घण्टा, पूण रुपमा गर्दा ६ देखि ८ घण्टा **प्लाष्टिकमा प्याक गरिएको वस्तहरुको हकमा** कम्तिमा ४८ घण्टा हुनु पर्दछ । | **प्याक गरिएको वस्तहरुको** ४८ घण्टा, **झोलामा राखिएका वस्तुहरुको** १५ दिन **नोटः** थ्रेसहोल्ड सीमा मान (TLV) ०.३ पी.पी.एम. अथवा ०.००४ मि.लि. प्रति ली. अथवा ०.४ मि.लि. प्रति घन मिटर अथवा एम.आर.एल. ०.०५ पी.पी.एम |
| कोदो, दलहन बालीका फलका दानाहरु, सुख्खा फलफूल तथा वदामहरु, मसला र तेलहन बालीका बिउहरु | गेडामा लाग्ने गवारो (Lesser grain borer) खाप्रा खपटे कीरा (Khapra Beetle) आरा दाँत भएको अन्न खपटे (Saw toothed grain beetle), कागजी बदाम पुतली र भण्डारणमा लाग्ने धानको पुतली भण्डारणमा लाग्ने धानको पुतली (Almond moth and rice moth) | ९०० ग्राम प्रति घन मिटर | ५ दिन | | माथिकै अनुसार |
| पिसेका उत्पादनहरूः तेल निकालेर वाकी रहेको पिना, धानका भुषको पिठो, | पीठामा लाग्ने रातो खपटे (Rust red flour beetle) | ३ ट्याव्लेट प्रति टन | ४८ घण्टा | | **प्याक गरिएको वस्तहरुको** ४८ घण्टा **झोलामा राखिएका वस्तुहरुको** १५ दिन नोटः थ्रेसहोल्ड सीमा मान (TLV) ०.३ पी.पी.एम. अथवा ०.००४ मि.लि. प्रति ली. अथवा ०.४ मि.लि. प्रति घन मिटर अथवा एम.आर.एल. ०.०१ पी.पी.एम |
| मैदा सुजी र पिसेका अनाज ( पशु दाना अन्न,) र कुखुराको दाना, टुकाएको दाल ( दाल) | आरा दाँत भएको अन्नमा लाग्ने खपटे (Saw toothed grain beetle भण्डारणमा लाग्ने धानको पुतली, (Rice moth), कागजी बदाम पुतली(Almond moth), लामो टाउको भएको पिठोको खपटे (Long headed flour beetle) र सुलसुलेहरु (mites), | ९०० ग्राम प्रति १०० घन मिटरका लागि | ४८ घण्टा | ३ दिन | माथिकै अनुसार |
| अन्य तयारी खानाहरु र खाली गोदामहरु तथा सेड (हावा बन्द भएको अवस्थामा) | सवै प्रकारका जीवजन्तुहरु तथा कीराहरु | १४ ट्याव्लेट प्रति १००० टन वा ६०० ग्राम प्रति १०० घन मिटर | २४ घण्टा | ३ दिन | माथिकै अनुसार |

**प्रयोग गर्ने विधि** :क) **साइलो वा ठूलो भण्डारण हकमाः** प्रोब (probe) वा स्वचालित डिस्पेन्सर (automatic dispenser) प्रयोग गरेर विषादी छर्कनुहोस् र तुरुन्तै बाहिरबाट ग्यास नछिर्ने प्लास्टिकको पत्र (gas proof sheet) ले ढाक्नुहोस् वा साइलो (silo) लाई हावाबन्द (airtight) गरी बन्द गर्नुहोस्। ख) **प्याक गरिएको अन्न वा वस्तको हकमाः** फ्युमिगेसन गर्दा सिफारिस मात्रामा विषादीको पोका एक अर्कामा नछुने गरी ट्रे मा विच र तल हुने गरी राख्ने र हावा वाहिर नजाने कुरा पूर्ण पालन गर्ने । हावा नछिर्ने गरी सिल गर्ने । ग) **स्थलगत फ्युमिगेसन (बन्द ठाउँ जस्तै गोदाम, साइलो, कन्टेनर, कोठा आदि):** मिल तथा ठूला भण्डारण क्षेत्रको धूम्रीकरणका लागि प हिले सवै झ्याल ढोका खोल्ने । प्रयोग गर्ने वेलामा कन्टेनरको ढोका वाहिर तिर खोल्ने । त्यस पश्चात विषादी सिफारिस मात्रामा एक अर्कामा नछोइने तरिकाले ट्रेमा राख्ने र सबैतिर पर्ने गरि व्यवस्था गर्ने । त्यस पश्चात कन्टेनर वा गोदामका सवै ढोका तथा झ्यालहरु हावा वाहिर नजाने गरी बन्द गर्ने ।

**यो विषादी प्रयोग गर्दा देहायका सावधानी अपनाउनु पर्दछ ।**

यो विषादीको ग्यास विषाक्त हुने हुदा श्वासपश्वासबाट शरिरभित्र छिर्न नदिनुहोस् । कन्टेनरहरु खोल्दा विशेष ध्यान पुऱ्याउनुहोस् । आगलागीको सम्भावना हुने भएकोले धातुका औजारको प्रयोग नगर्नुहोस् । यस्तो विषादी व्यवसायिकरुपमा ठुलो परिमाममा प्रयोग गर्नुपर्ने अवस्थामा व्यवसायिक रुपमा दर्ता भएका विषादी छर्कने व्यवसायीहरु मर्फत गराउन प्रोत्साहन गरिन्छ । यो विषादी प्रयोग गर्दा अनिवार्य ग्यास मास्क र सुरक्षात्मक सामग्री तथा उपकरणहरु प्रयोग गर्नुहोस् । एक्लै विषादी प्रयोग नगर्नुहोस् । विषादी घ्रूम्रीकरण गरिएको क्षेत्रमा प्रवेश गर्दा फोस्फिन डिटेक्टर स्ट्राइपको प्रयोग गर्नुहोस् । विषादी प्रयोगको समयमा खाने, पिउने, चपाउने तथा धुम्रपान गर्नु हुँदैन । विषादी प्रयोग गर्दा प्राविधिक विज्ञको सल्लाह लिने तथा निगरानीमा गर्नु पर्दछ । विषादी प्रयोग क्षेत्रमा अनिवार्य चेतावनीको सूचना राख्ने र अन्यलाई प्रवेश निषेध गर्नुपर्दछ । वस्तुहरुको तापकम ५ डिग्री से भन्दा मुनि भएको अवस्थामा धुमीकरण नगर्नुहोस् ।

**विषाक्तताका लक्षणहरूः**

कमजोरी, टाउको दुख्ने, कम्पन तथा चक्कर आउने, थकान, वान्ता वा वाकवाकी, छातीमा भारीपन, श्वासप्रश्वासमा कठिनाइ, चिसो भएको अनुभव, मुर्छा पर्ने, खोकि, हरियो चम्किलो रडको फोक्सो/घाँटीको थुक, रक्तचाप कम हुनु, पखाला, धेरै तिर्खा, मांसपेशी कमजोरी, काँप्ने गम्भीर अवस्थामाः सास फेर्न गाह्रो, देखाइमा कमजोरी, हातखुट्टा नचल्ने, सन्तुलन बिग्रनु आदि ।

**प्राथमिक उपचार**

यदि निलेको छ र विरामी वेहोस छैन भने उल्टी गराउने र सम्पूर्ण रुपले बाहिर नआउदा सम्म उल्टी गराउने । यदि लुगा र शरीरमा विषादी लागेको भएमा सावुन पानीले धुने । यदि आखाँमा विषादी परेमा सफा पानीले आखाँ धुने । विरामीलाई ताजा हावामा लैजाने । आवश्यक भए अक्सिजनको सहायता उपलब्ध गराउने वा चिकित्सकको निगरानीमा तुरुन्त अस्पताल लैजाने ।

**एण्टिडट**

केहि गरी विष निलियो भने विरामीलाई ०.२% कपर सल्फेटको झोल सेवन गराएर बान्ता गराउनुपर्दछ । पेट सफा गर्न पोटासियम परम्याग्नेट विधि १.५००० को घोल अपनाउनुहोस् । यसको कुनै खास एन्टीडोट नभएकोले लक्षणको आधारमा अपचार गर्ने । लक्षणको आधारमा चिकित्सकबाट उपचार गर्ने (Gastric lavage) (नोटः यस कार्य आधिकारिक चिकित्सकले मात्र गर्नुपर्दछ ।

**खालि वट्टा वा प्याकेटको विसर्जन**

विषादीको प्रयोग पश्चातको प्याकेटलाई पानीले सफासंग धुने र धुम्रीकरण पछि रहेको अवशेष भागलाई मानव वस्तिबाट टाढा पानीको मुहान नभएको क्षेत्रमा गाड्ने ।

**भण्डारणका सर्तहरूः**

१. कीटनाशक सधैं ठण्डा, सुख्खा र हावा लाग्ने ठाउँमा राख्ने । सूर्यको प्रत्यक्ष किरण, आगो वा चर्को तातोबाट टाढा राख्ने । अन्न, दाना, तरकारी, औषधि वा खाना राख्ने ठाउँसँगै कहिल्यै नराख्ने । सानो बच्चा र गाईबस्तको पहुँच गरि राख्ने ।

**प्रयोगको निर्देशनः कृपया प्रयोग गर्नु पूर्व संलग्न सूचक पर्चा पढ्नुहोस् र पालना गर्नुहोस् ।**

**चेतावनीः** विषादीलाई बच्चाको पहुँचबाट टाढा राख्नुहोस् ।




**सावधान, रातो**

**(कृषि प्रयोजनका लागि मात्र)**

**बिषादीको उत्पादक र वितरकको नाम ठेगाना**

: Superform ChemistriesLimited,India, र UPL Sustainable,Agri Solutions Limited,Mumbai,India

**पञ्जीकरणकर्ताको नाम ठेगाना र सर्म्पक नंः**

ग्लोबल एग्रो ट्रेडिङ्ग,सानेपा–२, मा.न.पा,ललितपुर ९८४१२३०५६४

**उत्पादित देशको रजिष्टर नं. CIR-39/2002-(218)-Aluminium Phosphide(Tab)-34**

**नेपालमा पञ्जीकरण गरिएको नः**

0037-INS-TAB-2026



**बिषादीको प्रयोग गर्नु पूर्व सूचकपत्र अध्ययन गर्नुहोस् ।**

**जीवनाशक विषादी बिष हो, औषधी होइन । अतः विषादीको प्रयोग पूर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस् ।**

टेम्बोट्रिओन ३४.४% एस. सी

Tembotrione 34.4% SC

# अल्काजार

चयनात्मक झारपातनाशक

**सिफारिस**

| बाली | रोग/झारपात/कीरा सामान्य नाम | प्रति हेक्टर वा २० रोपनीका लागि सिफारिस मात्रा | | विषादी छरेपछि फल टिप्नु वा काट्नु अघि पर्खने अवधि | एम. एल. / प्रति लिटर पानीमा |
|---|---|---|---|---|---|
| | | यस विषादीको आवश्यक मात्रा (एम. एल.) | विषादी घोल्न जम्मा चाहिने पानी (लि.) | | |
| मकै | सामा (*Enchinochloa sp*), सेतो पुनर्नव (*Trianthema portulacastrum*),, मुलाटो घाँस (*Bracharia sp.*) | २८६ | ५०० | ५५ | ०.५६ |

**नोट:** झारहरुको नेपाली नाम स्थान विशेष अनुसार फरक हुनसक्छ । त्यसैले विज्ञहरुसंग सम्पर्क गरी यकिन गर्नुहोला ।

**प्रयोग गर्ने बिधि**

विषादीको घोल बनाउँदा छर्कने ट्याकींको आधा मात्रासम्म पानी राखेर विषादीको मात्रा हाल्नुहोस् र राम्रोसँग घोल्नुहोस् । यसपछि पानी थपेर फेरि चलाउनुहोस् । तयार भएको विषादीको घोल तुरुन्त छर्कर्नुहोस् । यो विषादी छर्कदा खेती गरेको बालीमा पर्ने गरी छर्कनु हुदैन । प्रयोगको समय: मकैमा टेम्बोट्रिओनलाई झारपातको ३-५ पात भएको अवस्थामा प्रयोग गर्न सकिन्छ।

**यो विषादी प्रयोग गर्दा देहायका सावधानी अपनाउनु पर्छ ।**

विषादी प्याकेट खोल्दा वा विषादी छर्कदा पन्जा, रवर वुट, चश्मा ग्याँस मास्क तथा पुरा शरीर ढाक्ने सुरक्षात्मक पहिरनको प्रयोग गर्नुहोस् । विषादी शरिरमा पर्न दिनुहुदैन । बिषादी छरी सके पछि सर्म्पकमा आएका कपडाहरु राम्रोसगं धुनुहोस् र नुहाउनुहोस् ।बिषादी छर्दा खाने, चपाउने, पिउने, धुम्रपान गर्नु हुदैन । तरकारी बालीको बोटमा विषादी नछर्कनुहोस् । खेती गरिएको बालीको पातमा विषादी पार्नु वा छर्कनु हुदैन ।

**मानिसलाई यो विषादीको बिष लागेको अवस्थामा**

आँखामा जलन, आँसु आउनु, धमिलो दृष्टि हुनु, छालामा जलन हुनुका साथै डाबर हुन सक्छ

**बिष लाग्दा अपनाउनुपर्ने प्राथमिक उपचार**

विषादीको सम्पर्क भएको लुगा हटाउनुहोस् र छालालाई साबुन र पानीले राम्ररी धुनुहोस्। यदि आँखामा विषादी सम्पर्क भएमा आँखा खुला राख्नुहोस् र कम्तिमा १५ मिनेटसम्म सफा पानीले छम्कनुहोस् र तुरुन्त डाक्टरको सल्लाह लिनुहोस्। यो विषादी निलेमा तत्कालै उल्टी गराउनुहोस् ।

**एण्टिडट**

बिशेष किसिमको एण्टिडट छैन । लक्षणको आधारमा उपचार गर्ने ।

**प्रयोग गरीएका भाँडाको बिसर्जन**

विषादी भएका प्याकेजहरूलाई अन्य वस्तुहरू भण्डारण गर्न प्रयोग गरिने कोठा वा परिसरबाट टाढा छुट्टै कोठा वा परिसरमा भण्डारण गर्नुपर्छ वा विषादीको मात्रा र प्रकृति अनुसार छुट्टै दराजमा ताला र चाबी लगाई राख्नुपर्छ। विषादी भण्डारण गर्नको लागि बनाइएको कोठा ढलान गरेको, नसोस्ने, प्रयाप्त उज्यालो भएको, सुख्खा, हावा चल्ने हुनुपर्छ। आधिकारीक व्यक्तिहरूको मात्र पहुँच हुने गरी विषादीको प्याकेट रकन्टेनरहरू सुख्खा ठाउँमा भण्डारण गर्नुहोस् । विषादीलाई खाना, पेय पदार्थ, पशु आहारा,औषधि, वा मलखादबाट टाढा राख्नुहोस् ।

**भण्डारणको अवस्था**

विषादी भएका प्याकेजहरूलाई अन्य वस्तुहरू भण्डारण गर्न प्रयोग गरिने कोठा वा परिसरबाट टाढा छुट्टै कोठा वा परिसरमा भण्डारण गर्नुपर्छ वा विषादीको मात्रा र प्रकृति अनुसार छुट्टै दराजमा ताला र चाबी लगाई राख्नुपर्छ। विषादी भण्डारण गर्नको लागि बनाइएको कोठा ढलान गरेको, नसोस्ने, प्रयाप्त उज्यालो भएको, सुख्खा, हावा चल्ने हुनुपर्छ। आधिकारीक व्यक्तिहरूको मात्र पहुँच हुने गरी विषादीको प्याकेट रकन्टेनरहरू सुख्खा ठाउँमा भण्डारण गर्नुहोस् । विषादीलाई खाना, पेय पदार्थ, पशु आहारा, औषधि वा मलखादबाट टाढा राख्नुहोस् ।

For INDOGULF CROPSCIENCES LIMITED
Authorised Signatory

**प्रयोग गर्नु पूर्व पर्चामा लेखिएको जीवनाशक बिषादी बारेमा संपूर्ण जानकारी पढनुहोस् र पालना गर्नुहोस् । सावधानी** बच्चाको पहुँचबाट टाढा राख्नुहोस



**सावधान, निलो**
**(कृषि प्रयोजनका लागि मात्र)**

यो जीवनाशक बिषादीको बारेमा कुनै गुनासो भएमा प्लान्ट क्वारेन्टाइन तथा बिषादी व्यवस्थापन केन्द्रका सूचना अधिकृतलाई ०१-५०१०१११ नं. मा फोन गर्नुहोस् । वा info@npponepal.gov.np मा इमेल गर्नुहोस् ।

**विषादीको उत्पादक र वितरकको नाम**
ठेगाना: Indogulf Cropsciense Ltd., दिल्ली, भारत

**पञ्जीकरणकर्ताका को नाम ठेगाना र सम्पर्क नं.** उदय देव एग्रो फर्म, दोधारा चाँदनी नगरपालिका, कञ्चनपुर, नेपाल
सम्पर्क नं.९८४८७२७१३७,
ichand921@gmail.com

उत्पादित देशको रजिष्टर नं. CIR-273574/2023-Tembotrione (SC)(444)-131
नेपालमा पञ्जीकरण गरिएको नं.
0038-HER-SC-2026




**बिषादीको प्रयोग गर्नु पूर्व सूचकपत्र अध्ययन गर्नुहोस् ।**

**जीवनाशक विषादी बिष हो, औषधी होइन । अतः विषादीको प्रयोग पूर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस् ।**

इमिडाक्लोप्रिड १७.८% एस.एल

Imidacloprid 17.8% SL

# डाँन २०००

दैहिक कीटनाशक विषादी

**सिफारिस**

| बाली | कीराहरुको नाम | प्रति हेक्टर वा २० रोपनीका लागि सिफारिस मात्रा | | विषादी छरेपछि फल टिप्नु वा काट्नु अघि पर्खने अवधि | मि.लि/ प्रति लिटर पानीमा |
|---|---|---|---|---|---|
| | | यस विषादीको आवश्यक मात्रा - मि.लि.) | विषादी घोल्न जम्मा चाहिने पानी (लि.) | | |
| कपास | लाही (Aphid), कपासको फड्के (Jassids), थ्रिप्स (Thrips) | १००-१२५ | ५००-७०० | ४० | ०.२ |
| धान | खैरो फडके (Brown Plant Hopper), | १००-१२५ | ५००-७०० | ४० | ०.२ |
| खुर्सानी | लाही (Aphid), फड्के कीरा (Jassids), थ्रिप्स (Thrips) | १२५-२५० | ५००-७०० | ४० | ०.५ |
| ऊखु | धमिरा (Termites) | ३५० | १८७५ | ४५ | ०.२ |
| आँप | आँपको फड्के कीरा (Jassids) | २-४ मि.लि प्रति बिरुवा | १० लि प्रति बिरुवा | ४५ | ०.४ |

**प्रयोग गर्ने बिधि**

यो विषादीलाई ऊखु बालीमा सेट भिज्ने गरी खाल्टोमा छर्कन र माटोले पुरिदिने । विषादीको घोल बनाउँदा छर्कने ट्याकींको आधा मात्रासम्म पानी राखेर विषादीको मात्रा हाल्नुहोस् र राम्रोसँग घोल्नुहोस् । यसपछि पानी थपेर फेरि चलाउनुहोस्। तयार भएको विषादीको घोल तुरुन्त छर्कर्नुहोस् ।

**यो विषादी प्रयोग गर्दा देहायका सावधानी अपनाउनु पर्छ ।**

विषादी प्याकेट खोल्दा वा विषादी छर्कदा पञ्जा, रवर वुट, चश्मा ग्याँस मास्क तथा पुरा शरीर ढाक्ने सुरक्षात्मक पहिरनको प्रयोग गर्नुहोस् । घोल तयार गर्दा सुरक्षात्मक पोशाक जस्तै मास्क, पञ्जा, चस्मा, टोपी, एप्रोन आदी लगाउनुहोस् र विषादी छर्कदा छिटाहरु नाक मुखबाट भित्र प्रवेश गर्न दिनु हुदैन साथै मुख, आँखामा एवंम छालामा विषादीको सिधा सर्म्पक हुन नदिनुहोस् । विषादी शरिरमा पर्न दिनुहुदैन । बिषादी छरी सके पछि सर्म्पकमा आएका कपडाहरु राम्रोसगं धुनुहोस् र नुहाउनुहोस् । बिषादी छर्दा खाने, चपाउने, पिउने, धुम्रपान गर्नु हुदैन ।

**मानिसलाई यो विषादीको बिष लागेको अवस्थामा**

उदासीनता हुने, मांसपेशी सार्हो हुने, कम्पन हुने, सास फेर्न गाह्रा हुने, मांसपेशी बटारिने जस्ता लक्षण देखापर्दछ ।

**बिष लाग्दा अपनाउनुपर्ने प्राथमिक उपचार**

छालामा विषादीको सम्पर्क भएको अवस्थामा: विषादी सम्पर्क भएको भाग पर्याप्त सफा पानी र साबुनले राम्ररी धुनुहोस्। यदि रुखोपन रह्यो भने चिकित्सकलाई देखाउनुहोस् । आँखामा विषादीको सम्पर्क भएको अवस्थामा: कम्तीमा १५-२० मिनेटसम्म सफा पानीले आँखालाई धुनुहोस् । स्वासप्रस्वासमार्फत विषाप्तता भएमा पर्याप्त हावा खेल्ने ठाउँमा बिरामीलाई राख्नुहोस्। लक्षण गम्भीर भए चिकित्सकलाई तुरुन्त देखाउनुहोस् ।

**एण्टिडट**

बिशेष किसिमको एण्टिडट छैन । लक्षणको आधारमा उपचार गर्ने ।

**प्रयोग गरीएका भाँडाको बिसर्जन**

विषादी राखिएको प्याकेट कहिल्यै पुन: प्रयोग (पानी, खाना, तेल राख्न) नगर्नुहोस् । विषादीको खाली खोलहरु वा अन्य विषादीयुक्त सामग्रीहरू र विषादी सफा गरेको पानीको उचित व्यवस्थापन गर्नु विषादी उत्पादक, प्रयोगकर्ताहरुको कर्तव्य हुनेछ। वातावरणीय वा पानी प्रदूषण हुन नदिनका लागि खालि कन्टेनरहरू आवासीय क्षेत्रबाट टाढाँ १/२ मिटर गहिरो खाँडलमा सुरक्षित तरिकाले नष्ट गर्नुपर्नेछ ।

**भण्डारणको अवस्था**

विषादी भएका प्याकेजहरूलाई अन्य वस्तुहरू भण्डारण गर्न प्रयोग गरिने कोठा वा परिसरबाट टाढा छुट्टै कोठा वा परिसरमा भण्डारण गर्नुपर्छ वा विषादीको मात्रा र प्रकृति अनुसार छुट्टै दराजमा ताला र चाबी लगाई राख्नुपर्छ। विषादी भण्डारण गर्नको लागि बनाइएको कोठा ढलान गरेको, नसोस्ने, प्रयाप्त उज्यालो भएको, सुख्खा, हावा चल्ने हुनुपर्छ। आधिकारीक व्यक्तिहरूको मात्र पहुँच हुने गरी विषादीको प्याकेट रकन्टेनरहरू सुख्खा ठाउँमा भण्डारण गर्नुहोस् । विषादीलाई खाना, पेय पदार्थ, पशु आहारा, औषधि वा मलखादबाट टाढा राख्नुहोस् ।

**प्रयोग गर्नु पूर्व पर्चामा लेखिएको जीवनाशक बिषादी बारेमा संपूर्ण जानकारी पढनुहोस् र पालना गर्नुहोस् । सावधानी** बच्चाको पहुँचबाट टाढा राख्नुहोस



**सावधान, पहैंलो**
**(कृषि प्रयोजनका लागि मात्र)**

यो जीवनाशक बिषादीको बारेमा कुनै गुनासो भएमा प्लान्ट क्वारेन्टाइन तथा बिषादी व्यवस्थापन केन्द्रका सूचना अधिकृतलाई ०१-५०१०१११ नं. मा फोन गर्नुहोस् । वा info@npponepal.gov.np मा इमेल गर्नुहोस्।

विषादीको उत्पादक र वितरकको नाम ठेगाना: Indogulf Cropsciense Ltd., दिल्ली, भारत

पञ्जीकरणकर्ताको नाम ठेगाना र सम्पर्क नं.

उदय देव एग्रो फर्म, दोधारा चाँदनी नगरपालिका, कञ्चनपुर, नेपाल

सम्पर्क नं.९८४८७२७१३७, ichand921@gmail.com

उत्पादित देशको रजिष्टर नं. CIR-38629/(219)/2002-IMIDACLORPRID(SL)-125

नेपालमा पञ्जीकरण गरिएको नं.

0039-INS-SL-2026




**बिषादीको प्रयोग गर्नु पूर्व सूचकपत्र अध्ययन गर्नुहोस् ।**

**जीवनाशक विषादी बिष हो, औषधी होइन । अतः विषादीको प्रयोग पूर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस् ।**

क्लोरान्ट्रानिलिप्रोल १८.५ % एस. सी.

Chlorantraniliprole 18.5%SC

# इन्डोजेन एससी

दैहिक कीटनाशक विषादी

**सिफारिस**

| बाली | कीराहरुको सामान्य नाम | प्रति हेक्टर वा २० रोपनीका लागि सिफारिस मात्रा: यस विषादीको आवश्यक मात्रा (एम. एल.) | प्रति हेक्टर वा २० रोपनीका लागि सिफारिस मात्रा: विषादी घोल्न जम्मा चाहिने पानी (लि.) | विषादी छरेपछि फल टिप्नु वा काट्नु अघि पर्खने अवधि | एम. एल./प्रति लिटर पानीमा |
|---|---|---|---|---|---|
| अरहर | फलको गवारो (Borer), कोसाको फिङ्गा (Pod Fly) | १५० | ५००-७५० | २२ | ०.३ |
| कपास | गवारो कीरा (Borer) | १५० | ५०० | ९ | ०.३ |
| उखु | धमिरा(Termite), गवारो (Borer) | ५००-६२५ | १००० | २०८ | ०.५ |
| गोलभँडा | गवारो (Borer) | १५० | ५०० | ३ | ०.३ |
| धान | गवारो (Borer), पात बेरुवा (Leaf folder) | १५० | ५०० | ४७ | ०.३ |
| बन्दा | इटबुट्टे पुतली (Diamond back moth) | ५० | ५०० | ३ | ०.१ |
| खुर्सानी | गवारो (Borer) | १५० | ५०० | ३ | ०.३ |
| भाण्टा | गवारो (Borer) | २०० | ५००-७५० | ३ | ०.४ |
| सोयाबिन | फिङ्गा(Fly), पुतली (Moth) | १५० | ५००-७५० | २९ | ०.३ |

**प्रयोग गर्ने बिधि**

उखुको हकमा, धमिरा र गवारोको नियन्त्रणको लागि सेट ड्रेसिङ वा माटोमा भिजाउने। उखुमा गवारोको तेस्रो, चौथो र पाँचौं अवस्थाका वच्चाहरुको नियन्त्रणको लागि असार महिनामा माटो भिजाउने काम गर्नुपर्छ। धान, कपास बन्दा, गोलभेडा, खुर्सानी भटमास, भाण्टा आदि जस्ता अन्य बालीहरूमा पिठ्युँमा बोकी छर्कने उपकरण प्रयोग गरेर पातहरु भिज्ने गरि विषादी छर्कनु पर्दछ।

**यो विषादी प्रयोग गर्दा देहायका सावधानी अपनाउनु पर्छ ।**

विषादी प्याकेट खोल्दा वा विषादी छर्कदा पञ्जा, रवर वुट, चश्मा ग्याँस मास्क तथा पुरा शरीर ढाक्ने सुरक्षात्मक पहिरनको प्रयोग गर्नुहोस् । घोल तयार गर्दा सुरक्षात्मक पोशाक जस्तै मास्क, पञ्जा, चस्मा, टोपी, एप्रोन आदी लगाउनुहोस् र विषादी छर्कदा छिटाहरु नाक मुखबाट भित्र प्रवेश गर्न दिनु हुदैन साथै मुख, आँखामा एवंम छालामा विषादीको सिधा सर्म्पक हुन नदिनुहोस् । विषादी शरिरमा पर्न दिनुहुदैन । बिषादी छरी सके पछि सर्म्पकमा आएका कपडाहरु राम्रोसगं धुनुहोस् र नुहाउनुहोस् । बिषादी छर्दा खाने, चपाउने, पिउने, धुम्रपान गर्नु हुदैन ।

**मानिसलाई यो विषादीको बिष लागेको अवस्थामा**

आँखामा जलन, आँसु आउनु, धमिलो दृष्टि हुनु, नाकबाट तरल बग्नु जस्ता लक्षण देखापर्दछ ।

**बिष लाग्दा अपनाउनुपर्ने प्राथमिक उपचार**

विषादीको सम्पर्क भएको लुगा हटाउनुहोस् र छालालाई साबुन र पानीले राम्ररी धुनुहोस्। यदि आँखामा विषादी सम्पर्क भएमा आँखा खुला राख्नुहोस् र कम्तिमा १५ मिनेटसम्म सफा पानीले छम्कनुहोस् र तुरुन्त डाक्टरको सल्लाह लिनुहोस्।

**एण्टिडट**

बिशेष किसिमको एण्टिडट छैन । लक्षणको आधारमा उपचार गर्ने ।

For INDOGULF CROPSCIENCES LIMITED

Authorised Signatory

**प्रयोग गरीएका भाँडाको बिसर्जन**

विषादी राखिएको प्याकेट कहिल्यै पुनः प्रयोग (पानी, खाना, तेल राख्न) नगर्नुहोस् । विषादीको खाली खोलहरु वा अन्य विषादीयुक्त सामग्रीहरू र विषादी सफा गरेको पानीको उचित व्यवस्थापन गर्नु विषादी उत्पादक, प्रयोगकर्ताहरुको कर्तव्य हुनेछ। वातावरणीय वा पानी प्रदुषण हुन नदिनका लागि खालि कन्टेनरहरू आवासीय क्षेत्रबाट टाढाँ १/२ मिटर गहिरो खाँडलमा सुरक्षित तरिकाले नष्ट गर्नुपर्नेछ ।

**भण्डारणको अवस्था**

विषादी भएका प्याकेजहरूलाई अन्य वस्तुहरू भण्डारण गर्न प्रयोग गरिने कोठा वा परिसरबाट टाढा छुट्टै कोठा वा परिसरमा भण्डारण गर्नुपर्छ वा विषादीको मात्रा र प्रकृति अनुसार छुट्टै दराजमा ताला र चाबी लगाई राख्नुपर्छ। विषादी भण्डारण गर्नको लागि बनाइएको कोठा ढलान गरेको, नसोस्ने, प्रयाप्त उज्यालो भएको, सुख्खा, हावा चल्ने हुनुपर्छ। आधिकारीक व्यक्तिहरूको मात्र पहूँच हुने गरी विषादीको प्याकेट रकन्टेनरहरू सुख्खा ठाउँमा भण्डारण गर्नुहोस् । विषादीलाई खाना, पेय पदार्थ, पशु आहारा, औषधि वा मलखादबाट टाढा राख्नुहोस् ।

**प्रयोग गर्नु पुर्व पर्चामा लेखिएको जीवनाशक बिषादी बारेमा संपूर्ण जानकारी पढनुहोस् र पालना गर्नुहोस् ।**

**सावधानी** बच्चाको पहुँचबाट टाढा राख्नुहोस



**सावधान, हरियो**
**(कृषि प्रयोजनका लागि मात्र)**

यो जीवनाशक बिषादीको बारेमा कुनै गुनासो भएमा प्लान्ट क्वारेन्टाइन तथा बिषादी व्यवस्थापन केन्द्रका सूचना अधिकृतलाई ०१-५०१०१११ नं. मा फोन गर्नुहोस् । वा info@npponepal.gov.np मा इमेल गर्नुहोस्।

विषादीको उत्पादक र वितरकको नाम ठेगाना: Indogulf Cropsciense Ltd., दिल्ली, भारत

पञ्जीकरणकर्ताको नाम ठेगाना र सम्पर्क नं.

उदय देव एग्रो फर्म, दोधारा चाँदनी नगरपालिका, कञ्चनपुर, नेपाल
सम्पर्क नं.९८४८७२७१३७,
ichand921@gmail.com

उत्पादित देशको रजिष्टर नं. CIR-104904/2013-Chlorantraniliprole (SC)(335)-1

नेपालमा पञ्जीकरण गरिएको नं.

0040-INS-SC-2026




**बिषादीको प्रयोग गर्नु पूर्व सूचकपत्र अध्ययन गर्नुहोस् ।**

## जीवनाशक विषादी बिष हो, औषधी होइन। अत: विषादीको प्रयोग पूर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस्।

अमोनियम साल्ट आँफ ग्लाइफोसेट ७१% एस जी

Ammonium Salt Of Glyphosate 71% SG

# टावर ७१

सबै प्रकारको वनस्पती मार्ने (Non-selective), अंकुरण पश्चात(Post-emergence) छर्कनुपर्ने दैहिक झारपातनाशक विषादी

**सिफारिस**

| बाली | झारपातहरुको नाम | प्रति हेक्टर वा २० रोपनीका लागि सिफारिस मात्रा | | विषादी छरेपछि फल टिप्नु वा काट्नु अघि पर्खने अवधि | ग्राम / प्रति लिटर पानी मा |
|---|---|---|---|---|---|
| | | यस विषादीको आवश्यक मात्रा - के.जी.) | विषादी घोल्न जम्मा चाहिने पानी (लि.) | | |
| चिया र गैर बाली | चरचरी झार (*Acalyapha indica*), बनकलमी घाँस (*Ipomea digitara*),कासनी (*Cichorium intybus*), लुडे बन्सो प्रजाती (*Digitarai sangulnalis*), धान घाँस (*Paspalum conjugatum*), गन्धे झार (*Ageratum conyzodes*), दुबो (*Cynodon dactylon*), मोथे (*Cyperus routondus*) घोयो (*Eragrostis* spp) | ३ के.जी | ५०० | ७ दिन | ६ ग्राम |

**नोट:** झारहरुको नेपाली नाम स्थान विशेष अनुसार फरक हुनसक्छ। त्यसैले विज्ञहरुसंग सम्पर्क गरी यकिन गर्नुहोला।

**प्रयोग गर्ने बिधि**

विषादीको घोल बनाउँदा छर्कने ट्याकींको आधा मात्रासम्म पानी राखेर विषादीको मात्रा (६ ग्राम प्रति लिटर) हाल्नुहोस् र राम्रोसँग घोल्नुहोस्। यसपछि पानी थपेर फेरि चलाउनुहोस्। तयार भएको विषादीको घोल तुरुन्त छर्कनुहोस्। कम्तिमा ४-८ पातहरू भएका बाह्रमासी झारपातहरूलाई उमिसके पछिको अवस्थामा प्रयोग गर्नुहोस् ताकि बिरुवामा विषादी एकरुपले झारपातको बोटमा प्रवेश गर्न सकोस्। भर्खरै उम्रेको अवस्थामा विषादी छर्कदा झारपात नियन्त्रण कम हुन सक्छ।

**यो विषादी प्रयोग गर्दा देहायका सावधानी अपनाउनु पर्छ।**

विषादी प्याकेट खोल्दा वा विषादी छर्कदा पञ्जा, रवर बुट, चश्मा ग्याँस मास्क तथा पुरा शरीर ढाक्ने सुरक्षात्मक पहिरनको प्रयोग गर्नुहोस्। विषादी शरिरमा पर्न दिनुहुदैन। विषादी छरी सके पछि सर्म्पकमा आएका कपडाहरु राम्रोसगं धुनुहोस् र नुहाउनुहोस्। बिषादी छर्दा खाने, चपाउने, पिउने, धुम्रपान गर्नु हुदैन। तरकारी बालीको बोटमा विषादी नछर्कनुहोस्। खेती गरिएको बालीको पातमा विषादी पार्नु वा छर्कनु हुदैन।

**मानिसलाई यो विषादीको बिष लागेको अवस्थामा**

यो विषादीले प्राथमिक रुपमा छालामा, आखाँमा र श्वास प्रश्वास नलिमा चिलाउने तथा जलन जस्ता समस्याहरु देखिन्छन्।

**बिष लाग्दा अपनाउनुपर्ने प्राथमिक उपचार**

विषादीको सम्पर्क भएको लुगा हटाउनुहोस् र छालालाई साबुन र पानीले राम्ररी धुनुहोस्। यदि आँखामा विषादी सम्पर्क भएमा आँखा खुला राख्नुहोस् र कम्तिमा १५ मिनेटसम्म सफा पानीले छम्कनुहोस् र तुरुन्त डाक्टरको सल्लाह लिनुहोस्। यो विषादी निलेमा तत्कालै बान्ता गराउनुहोस्।

**एण्टिडट**

बिशेष किसिमको एण्टिडट छैन। लक्षणको आधारमा चिकित्सकबाट उपचार गर्ने (Gastric Lavage)।

**प्रयोग गरीएका भाँडाको बिसर्जन**

विषादी राखिएको प्याकेट कहिल्यै पुन: प्रयोग ( पानी, खाना, तेल जस्ता खानेकुरा राख्न) नगर्नुहोस्। विषादीको खाली खोलहरु वा अन्य विषादीयुक्त सामग्रीहरू र विषादी सफा गरेको पानीको उचित व्यवस्थापन गर्नु विषादी उत्पादक, प्रयोगकर्ताहरुको कर्तव्य हुनेछ। वातावरणीय वा पानी प्रदूषण हुन नदिनका लागि खालि कन्टेनरहरू आवासीय क्षेत्रबाट टाढा १/२ मिटर गहिरो खाँडलमा सुरक्षित तरिकाले नष्ट गर्नुपर्नेछ।

**भण्डारणको अवस्था**

विषादी भएका प्याकेजहरूलाई अन्य वस्तुहरू भण्डारण गर्न प्रयोग गरिने कोठा वा परिसरबाट टाढा छुट्टै कोठा वा परिसरमा भण्डारण गर्नुपर्छ वा विषादीको मात्रा र प्रकृति अनुसार छुट्टै दराजमा ताला र चाबी लगाई राख्नुपर्छ। विषादी भण्डारण गर्नको लागि बनाइएको कोठा ढलान गरेको, नसोस्ने, प्रयाप्त उज्यालो भएको, सुख्खा, हावा चल्ने हुनुपर्छ। आधिकारीक व्यक्तिहरूको मात्र पहुँच हुने गरी विषादीको प्याकेट र कन्टेनरहरू सुख्खा ठाउँमा भण्डारण गर्नुहोस्। विषादीलाई खाना, पेय पदार्थ, पशु आहारा, औषधि, वा मलखादबाट टाढा राख्नुहोस्।

**प्रयोग गर्नु पुर्व पर्चामा लेखिएको जीवनाशक बिषादी बारेमा संपूर्ण जानकारी पढनुहोस् र पालना गर्नुहोस्।**

**सावधानी** बच्चाको पहुँचबाट टाढा राख्नुहोस



**सावधान, निलो**

**(कृषि प्रयोजनका लागि मात्र)**

यो जीवनाशक बिषादीको बारेमा कुनै गुनासो भएमा प्लान्ट क्वारेन्टाइन तथा बिषादी व्यवस्थापन केन्द्रका सूचना अधिकृतलाई ०१-५०१०१११ नं. मा फोन गर्नुहोस्। वा info@npponepal.gov.np मा इमेल गर्नुहोस्।

**विषादीको उत्पादक र वितरकको नाम ठेगाना:** जय श्री रसायन उद्योग हरियाणा, भारत

**पञ्जीकरणकर्ताको नाम ठेगाना र सम्पर्क नं.** उदय देव एग्रो फर्म, दोधारा चाँदनी नगरपालिका, कञ्चनपुर, नेपाल सम्पर्क नं.९८४८७२७१३७, ichand921@gmail.com

उत्पादित देशको रजिष्टर नं. CIR-57,378/2007-Ammonium Salt of Glyphosate (SG)X(277)-454

नेपालमा पञ्जीकरण गरिएको नं.

0041-HER-SG-2026




**बिषादीको प्रयोग गर्नु पूर्व सूचकपत्र अध्ययन गर्नुहोस्।**

**जीवनाशक विषादी बिष हो, औषधी होइन । अतः विषादीको प्रयोग पूर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस् ।**

सल्फर ८०% डव्लु डी जी

Sulphur 80% WDG

# कारगिल डीएफ

सम्पर्क ढुशीनाशक विषादी

**सिफारिस**

| बाली | रोगहरुको सामान्य नाम | प्रति हेक्टर वा २० रोपनीका लागि सिफारिस मात्रा: यस विषादीको आवश्यक मात्रा - केजी) | प्रति हेक्टर वा २० रोपनीका लागि सिफारिस मात्रा: विषादी घोल्न जम्मा चाहिने पानी (लि.) | विषादी छरेपछि फल टिप्नु वा काट्नु अघि पर्खने अवधि | एम. एल./ प्रति लिटर पानीमा |
|---|---|---|---|---|---|
| अंगुर | सेते ढुशीरोग (Powdery mildew) | १.८७५-२.५० | ७५०-१००० | १४ | २.५ |
| स्याउ | सेते ढुशीरोग (Powdery mildew) | १.८७५-२.५० | ७५०-१००० | १४ | २.५ |
| सिमी, बोडी, केराउ | सेते ढुशीरोग (Powdery mildew) | १.८७५-२.५० | ७५०-१००० | १४ | २.५ |
| जीरा | सेते ढुशीरोग (Powdery mildew) | १.८७५-२.५० | ७५०-१००० | १४ | २.५ |
| आँप | सेते ढुशीरोग (Powdery mildew) | १.८७५-२.५० | ७५०-१००० | १४ | २.५ |

**प्रयोग गर्ने बिधि**

गन्धक (Sulphur) को प्रयोग गन्धक प्रति संवेदनशील ("सल्फर शाई") तरकारीहरू जस्तै कुकुर्बिटेसी (फर्सी वर्गका बालीहरू) तथा केही जातका स्याउ, नासपाती र अन्य फलफूल बालीहरूमा सिफारिस गरिएको छैन। उच्च तापक्रम (८५° फारेनहाइट वा ३०° सेल्सियस भन्दा माथि) रहेको अवस्थामा गन्धक प्रयोग गर्दा बालीमा विषाक्त असर (फाइटोटक्सिसिटी) देखिन सक्छ।यो विषादीलाई यी उपकरणहरू: न्यापस्याक स्प्रेयर, फुट स्प्रेयर, कम्प्रेसन न्यापस्याक स्प्रेयर (फ्ल्याट फ्यान/फ्लड जेट नोजल सहित) प्रयोग गर्न सिफारिस गरिन्छ।

**यो विषादी प्रयोग गर्दा देहायका सावधानी अपनाउनु पर्छ ।**

विषादी प्याकेट खोल्दा वा विषादी छर्कदा पञ्जा, रवर वुट, चश्मा ग्याँस मास्क तथा पुरा शरीर ढाक्ने सुरक्षात्मक पहिरनको प्रयोग गर्नुहोस् । घोल तयार गर्दा सुरक्षात्मक पोशाक जस्तै मास्क, पञ्जा, चस्मा, टोपी, एप्रोन आदी लगाउनुहोस् र विषादी छर्कदा छिटाहरु नाक मुखबाट भित्र प्रवेश गर्न दिनु हुदैन साथै मुख, आँखामा एवंम छालामा विषादीको सिधा सर्म्पक हुन नदिनुहोस् । विषादी शरिरमा पर्न दिनुहुदैन । बिषादी छरी सके पछि सर्म्पकमा आएका कपडाहरु राम्रोसगं धुनुहोस् र नुहाउनुहोस् । बिषादी छर्दा खाने, चपाउने, पिउने, धुम्रपान गर्नु हुदैन ।

**विषादीको विरुवामा हुने विषक्तता**

सिफारिस बाली अनुसार प्रयोग गर्दा उत्पादित विरुवाहरुमा विषाक्तता हुँदैन।

**मानिसलाई यो विषादीको बिष लागेको अवस्थामा**

वाकवाकी लाग्ने, बान्ता हुने, टाउको दुख्ने र श्वास नलि, आँखा र फोक्सोमा जलन हुने जस्ता लक्षण देखापर्दछ ।

**बिष लाग्दा अपनाउनुपर्ने प्राथमिक उपचार**

यदि विषादी निलेमा तुरुन्त मुखमा औलाको सहायताले पछाडिको भागमा चलाएर बान्ता गराउनुहोस । बिरामी बेहोस भएमा बान्ता गराउने काम नगर्नुहोस। विषादीको सम्पर्क भएको लुगा हटाउनुहोस् र छालालाई साबुन र पानीले राम्ररी धुनुहोस। यदि आँखामा विषादी सम्पर्क भएमा आँखा खुला राख्नुहोस् र कम्तिमा १५ मिनेटसम्म सफा पानीले छम्कनुहोस् र तुरुन्त डाक्टरको सल्लाह लिनुहोस। स्वासप्रस्वासमार्फत विषाप्तता भएमा पर्याप्त हावा खेल्ने ठाउँमा विरामीलाई राख्नुहोस् ।

**एण्टिडट**

बिशेष किसिमको एण्टिडट छैन । लक्षणको आधारमा उपचार गर्ने ।

**प्रयोग गरीएका भाँडाको बिसर्जन**

विषादी राखिएको प्याकेट कहिल्यै पुनः प्रयोग (पानी, खाना, तेल राख्न) नगर्नुहोस् । विषादीको खाली खोलहरु वा अन्य विषादीयुक्त सामग्रीहरू र विषादी सफा गरेको पानीको उचित व्यवस्थापन गर्नु विषादी उत्पादक, प्रयोगकर्ताहरुको कर्तव्य हुनेछ। वातावरणीय वा पानी प्रदूषण हुन नदिनका लागि खालि कन्टेनरहरू आवासीय क्षेत्रबाट टाढाँ १/२ मिटर गहिरो खाँडलमा सुरक्षित तरिकाले नष्ट गर्नुपर्नेछ ।

**भण्डारणको अवस्था**

विषादी भएका प्याकेजहरूलाई अन्य वस्तुहरू भण्डारण गर्न प्रयोग गरिने कोठा वा परिसरबाट टाढा छुट्टै कोठा वा परिसरमा भण्डारण गर्नुपर्छ वा विषादीको मात्रा र प्रकृति अनुसार छुट्टै दराजमा ताला र चाबी लगाई राख्नुपर्छ। विषादी भण्डारण गर्नको लागि बनाइएको कोठा ढलान गरेको, नसोस्ने, प्रयाप्त उज्यालो भएको, सुख्खा, हावा चल्ने हुनुपर्छ। आधिकारीक व्यक्तिहरूको मात्र पहुँच हुने गरी विषादीको प्याकेट रकन्टेनरहरू सुख्खा ठाउँमा भण्डारण गर्नुहोस् । विषादीलाई खाना, पेय पदार्थ, पशु आहारा, औषधि, सुर्तीजन्य पदार्थ वा मलखादबाट टाढा राख्नुहोस् ।

**प्रयोग गर्नु पूर्व पर्चामा लेखिएको जीवनाशक बिषादी बारेमा संपूर्ण जानकारी पढ्नुहोस् र पालना गर्नुहोस् । सावधानी** बच्चाको पहुँचबाट टाढा राख्नुहोस



**सावधान, हरियो**

**(कृषि प्रयोजनका लागि मात्र)**

यो जीवनाशक बिषादीको बारेमा कुनै गुनासो भएमा प्लान्ट क्वारेन्टाइन तथा बिषादी व्यवस्थापन केन्द्रका सूचना अधिकृतलाई ०१-५०१०१११ नं. मा फोन गर्नुहोस् । वा info@npponepal.gov.np मा इमेल गर्नुहोस्।

विषादीको उत्पादक र वितरकको नाम ठेगाना: Indogulf Cropsciense Ltd., दिल्ली, भारत

पञ्जीकरणकर्ताको नाम ठेगाना र सम्पर्क नं.

उदय देव एग्रो फर्म, दोधारा चाँदनी नगरपालिका, कञ्चनपुर, नेपाल

सम्पर्क नं.९८४८७२७१३७,

ichand921@gmail.com

उत्पादित देशको रजिष्टर नं. CIR-45,299/2003-SULPHUR (WDG)(237)-1139

नेपालमा पञ्जीकरण गरिएको नं.

0042-FUN-WDG-2026




**बिषादीको प्रयोग गर्नु पूर्व सूचकपत्र अध्ययन गर्नुहोस् ।**

**जीवनाशक विषादी बिष हो, औषधी होइन। अतः विषादीको प्रयोग पूर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस्।**

प्रेटीलाक्लोर ३७% ई डब्लू

Pretilachlor 37% EW

# ट्रैक सुपर

चयनात्मक तथा झारपात अंकुरन पूर्व छर्कने प्रकृतिको झारनाशक विषादी

**सिफारिस**

| बाली | झारहरुको नाम | प्रति हेक्टर वा २० रोपनीका लागि सिफारिस मात्रा: विषादीको आवश्यक मात्रा (मिलि) | प्रति हेक्टर वा २० रोपनीका लागि सिफारिस मात्रा: विषादी घोल्न जम्मा चाहिने पानी (लि.) | विषादी छरेपछि फल टिप्नु वा काट्नु अघि पर्खने अवधि | मिलि / प्रति लिटर पानीमा |
|---|---|---|---|---|---|
| रोपेको धान | सामा घासँ (Echinochloa colonum), सामा धान (Echinochloa crusgalli), एक वर्षिय जौंनार (Cyperus difformis), छाता मोथे (Cyperus iria), औंलाघाँस (Digitaria sanguinalis), धान खेतको मोथा (Frimbristylis miliacea), कालो भृङ्गराज (Eclipta alba), पानीको झाडी (Ludwigia pulviflora), निलो जलकुम्भी (Monochoria vaginalis) | १६०० - १८७५ | ५०० | ९० दिन | २-३ |

**नोटः** झारहरुको नेपाली नाम स्थान विशेस अनुसार फरक हुनसक्छ। त्यसैले विज्ञहरुसंग सम्पर्क गनुहोस्।

**प्रयोग गर्ने बिधि**

विषादीको घोल बनाउँदा छर्कने ट्याकींको आधा मात्रासम्म पानी राखेर विषादीको मात्रा हाल्नुहोस् र राम्रोसँग घोल्नुहोस्। यसपछि पानी थपेर फेरि चलाउनुहोस्। तयार भएको विषादीको घोल तुरुन्त छर्कर्नुहोस्। धान रोपेको ५ दिन भित्र यो विषादी छर्कर्नुहोस्।

**यो विषादी प्रयोग गर्दा देहायका सावधानी अपनाउनु पर्छ।**

विषादी प्याकेट खोल्दा, घोल तयार गर्दा वा विषादी छर्कदा पञ्जा, रवर वुट, चश्मा ग्याँस मास्क, टोपी तथा पुरा शरीर ढाक्ने सुरक्षात्मक पहिरनको प्रयोग गर्नुहोस्। विषादी छर्कदा छिटाहरु नाक मुखबाट भित्र प्रवेश गर्न दिनु हुदैन। साथै मुख, आँखामा एवंम छालामा विषादीको सिधा सर्म्पक हुन नदिनुहोस्। बिषादी छरी सके पछि सम्पर्कमा आएका कपडाहरु राम्रोसगं धुनुहोस् र नुहाउनुहोस्। बिषादी छर्दा खाने, चपाउने, पिउने, धुम्रपान गर्नु हुदैन।

**मानिसलाई यो विषादीको बिष लागेको अवस्थामा**

हालसम्म मानवमा विषाक्तताको कुनै पनि घटना अभिलेखमा रहेको छैन। प्रयोगशाला जनावरहरूमा गरिएको अध्ययनमा पखाला लाग्नु, स्वस्फूर्त चालचलनमा कमी आउनु, कम्पन (ट्रेमर), क्लोनिक ऐंठन (आकस्मिक मांसपेशी संकुचन) तथा रौं फुस्रो देखिनु जस्ता लक्षणहरू देखिएको छ।

**बिष लाग्दा अपनाउनुपर्ने प्राथमिक उपचार**

विषादीको सम्पर्क भएको लुगा हटाउनुहोस् र छालालाई साबुन र पानीले राम्ररी धुनुहोस्। यदि आँखामा विषादी सम्पर्क भएमा आँखा खुला राख्नुहोस् र कम्तिमा १५ मिनेटसम्म सफा पानीले छम्कनुहोस् र तुरुन्त डाक्टरको सल्लाह लिनुहोस्। मुखबाट विषादी निलेमा बान्ता गराउन हुदैन (फोक्सोमा पस्न सक्छ)। तुरुन्तै नजिकको अस्पताल वा स्वास्थ्य केन्द्रमा लैजानुहोस्।

**एण्टिडट**

विशेष किसिमको एण्टिडट छैन। लक्षणको आधारमा उपचार गर्नुपर्दछ।

**प्रयोग गरीएका भाँडाको बिसर्जन**

विषादी राखिएको प्याकेट कहिल्यै पुनः प्रयोग (पानी, खाना, तेल जस्ता खानेकुरा राख्न) नगर्नुहोस्। विषादीको खाली खोलहरु वा अन्य विषादीयुक्त सामग्रीहरू र विषादी सफा गरेको पानीको उचित व्यवस्थापन गर्नु विषादी उत्पादक, प्रयोगकर्ताहरुको कर्तव्य हुनेछ। वातावरणीय वा पानी प्रदुषण हुन नदिनका लागि खालि कन्टेनरहरू आवासीय क्षेत्रबाट टाढाँ १/२ मिटर गहिरो खाँडलमा सुरक्षित तरिकाले नष्ट गर्नुपर्नेछ।

**भण्डारणको अवस्था**

विषादी भएका प्याकेजहरूलाई अन्य वस्तुहरू भण्डारण गर्न प्रयोग गरिने कोठा वा परिसरबाट टाढा छुट्टै कोठा वा परिसरमा भण्डारण गर्नुपर्छ वा विषादीको मात्रा र प्रकृति अनुसार छुट्टै दराजमा ताला र चाबी लगाई राख्नुपर्छ। विषादी भण्डारण गर्नको लागि बनाइएको कोठा ढलान गरेको, नसोस्ने, प्रयाप्त उज्यालो भएको, सुख्खा, हावा चल्ने हुनुपर्छ। आधिकारीक व्यक्तिहरूको मात्र पहुँच हुने गरी विषादीको प्याकेट रकन्टेनरहरु सुख्खा ठाउँमा भण्डारण गर्नुहोस्। विषादीलाई खाना, पेय पदार्थ, पशु आहारा, औषधि, वा मलखादबाट टाढा राख्नुहोस्।

**थप विवरण का लागी**

**प्रयोग गर्नु पुर्व पर्चामा लेखिएको जीवनाशक बिषादी बारेमा संपूर्ण जानकारी पढनुहोस् र पालना गर्नुहोस्।**

**सावधानी**

बच्चाको पहुँचबाट टाढा राख्नुहोस



**सावधान, हरियो**

**(कृषि प्रयोजनका लागि मात्र)**

यो जीवनाशक बिषादीको बारेमा कुनै गुनासो भएमा प्लान्ट क्वारेन्टाइन तथा बिषादी व्यवस्थापन केन्द्रका सूचना अधिकृतलाई ०१-५०१०१११ नं. मा फोन गर्नुहोस्। वा info@npponepal.gov.np मा इमेल गर्नुहोस्।

विषादीको उत्पादक र वितरकको नाम ठेगाना: **ठाकर केमिकल्स लि.** करमपुरा कमर्सियल कम्प्लेक्स नया दिल्ली - ११००१५, भारत

पञ्जीकरणकर्ताको नाम ठेगाना र सम्पर्क नं. **एन एम एस एग्रो प्रा. लि.** हनुमान सेन्ट्रल, बिर्तामोड-४, झापा सम्पर्क नं.०२३ ५३१ ४७७, info@nmsagro.com.np

उत्पादित देशको रजिष्टर न. CIR-119434/2015-PRETILACHLOR(EW)(352)-165.

नेपालमा पञ्जीकरण गरिएको नं.

0043-HER-EW-2026




**बिषादीको प्रयोग गर्नु पूर्व सूचकपत्र अध्ययन गर्नुहोस्।**

**जीवनाशक विषादी बिष हो, औषधी होइन । अतः विषादीको प्रयोग पूर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस् ।**

पाइराजोसल्फूरोन इथाइल १०% डब्लू पी

Pyrazosulfuron Ethyl 10% WP

# टोपेक्स

चयनात्मक, आन्तरिक तथा झारपात अंकुरन पूर्व छर्कने प्रकृतिको झारनाशक विषादी

**सिफारिस**

| बाली | झारहरुको नाम | प्रति हेक्टर वा २० रोपनीका लागि सिफारिस मात्रा | | विषादी छरेपछि फल टिप्नु वा काट्नु अघि पर्खने अवधि | ग्रा / प्रति लिटर पानीमा |
|---|---|---|---|---|---|
| | | विषादीको आवश्यक मात्रा (ग्रा) | विषादी घोल्न जम्मा चाहिने पानी (लि.) | | |
| प्रत्यारोपित धान | मुथे झार (Cyperus Iria), मुथा प्रजाति (Cyperus), मुथा झार (Fimbristylis), बियाँपाते झार (Ludwigia), पानी झार (Monochorea) | १०० - १५० | ५०० - ६०० | ९५ दिन | ०.२-०.३ |

**नोटः** झारहरुको नेपाली नाम स्थान विशेस अनुसार फरक हुनसक्छ । त्यसैले विज्ञहरुसंग सम्पर्क गनुहोस् ।

**प्रयोग गर्ने बिधि**

विषादीको घोल बनाउँदा छर्कने ट्याकींको आधा मात्रासम्म पानी राखेर विषादीको मात्रा हाल्नुहोस् र राम्रोसँग घोल्नुहोस् । यसपछि पानी थपेर फेरि चलाउनुहोस्। तयार भएको विषादीको घोल तुरुन्त छर्कर्नुहोस् । धान रोपी सकेको ३ देखि ७ दिन पछि र झार अंकुरन हुनु पहिले यो विषादी छर्कर्नुहोस् ।

**यो विषादी प्रयोग गर्दा देहायका सावधानी अपनाउनु पर्छ ।**

विषादी प्याकेट खोल्दा, घोल तयार गर्दा वा विषादी छर्कदा पञ्जा, रवर वुट, चश्मा ग्याँस मास्क, टोपी तथा पुरा शरीर ढाक्ने सुरक्षात्मक पहिरनको प्रयोग गर्नुहोस् । विषादी छर्कदा छिटाहरु नाक मुखबाट भित्र प्रवेश गर्न दिनु हुदैन । साथै मुख, आँखामा एवंम छालामा विषादीको सिधा सर्म्पक हुन नदिनुहोस् । बिषादी छरी सके पछि सम्पर्कमा आएका कपडाहरु राम्रोसगं धुनुहोस् र नुहाउनुहोस् । बिषादी छर्दा खाने, चपाउने, पिउने, धुम्रपान गर्नु हुदैन ।

**मानिसलाई यो विषादीको बिष लागेको अवस्थामा**

यो विषादीले प्राथमिक रुपमा सास फेर्न गाह्रा हुने, कम्पन हुने, आँखामा जलन तथा असुविधा र धमिलो दृष्टि हुने जस्ता लक्षण देखापर्दछ ।

**बिष लाग्दा अपनाउनुपर्ने प्राथमिक उपचार**

विषादीको सम्पर्क भएको लुगा हटाउनुहोस् र छालालाई साबुन र पानीले राम्ररी धुनुहोस्। यदि आँखामा विषादी सम्पर्क भएमा आँखा खुला राख्नुहोस् र कम्तिमा १५ मिनेटसम्म सफा पानीले छम्कनुहोस् र तुरुन्त डाक्टरको सल्लाह लिनुहोस्। मुखबाट विषादी निलेमा बान्ता गराउन हुदैन (फोक्सोमा पस्न सक्छ) । तुरुन्तै नजिकको अस्पताल वा स्वास्थ्य केन्द्रमा लैजानुहोस् ।

**एण्टिडट**

विशेष किसिमको एण्टिडट छैन । लक्षणको आधारमा उपचार गर्नुपर्दछ ।

**प्रयोग गरीएका भाँडाको बिसर्जन**

विषादी राखिएको प्याकेट कहिल्यै पुनः प्रयोग (पानी, खाना, तेल जस्ता खानेकुरा राख्न) नगर्नुहोस् । विषादीको खाली खोलहरु वा अन्य विषादीयुक्त सामग्रीहरू र विषादी सफा गरेको पानीको उचित व्यवस्थापन गर्नु विषादी उत्पादक, प्रयोगकर्ताहरुको कर्तव्य हुनेछ। वातावरणीय वा पानी प्रदूषण हुन नदिनका लागि खालि कन्टेनरहरू आवासीय क्षेत्रबाट टाढाँ १/२ मिटर गहिरो खाँडलमा सुरक्षित तरिकाले नष्ट गर्नुपर्नेछ ।

**भण्डारणको अवस्था**

विषादी भएका प्याकेजहरूलाई अन्य वस्तुहरू भण्डारण गर्न प्रयोग गरिने कोठा वा परिसरबाट टाढा छुट्टै कोठा वा परिसरमा भण्डारण गर्नुपर्छ वा विषादीको मात्रा र प्रकृति अनुसार छुट्टै दराजमा ताला र चाबी लगाई राख्नुपर्छ। विषादी भण्डारण गर्नको लागि बनाइएको कोठा ढलान गरेको, नसोस्ने, प्रयाप्त उज्यालो भएको, सुख्खा, हावा चल्ने हुनुपर्छ। आधिकारीक व्यक्तिहरूको मात्र पहुँच हुने गरी विषादीको प्याकेट रकन्टेनरहरू सुख्खा ठाउँमा भण्डारण गर्नुहोस् । विषादीलाई खाना, पेय पदार्थ, पशु आहारा, औषधि, वा मलखादबाट टाढा राख्नुहोस् ।

**थप विवरण का लागी**

**प्रयोग गर्नु पुर्व पर्चामा लेखिएको जीवनाशक बिषादी बारेमा संपूर्ण जानकारी पढनुहोस् र पालना गर्नुहोस् ।**

**सावधानी**

बच्चाको पहुँचबाट टाढा राख्नुहोस



**सावधान, नीलो**

**(कृषि प्रयोजनका लागि मात्र)**

यो जीवनाशक बिषादीको बारेमा कुनै गुनासो भएमा प्लान्ट क्वारेन्टाइन तथा बिषादी व्यवस्थापन केन्द्रका सूचना अधिकृतलाई ०१-५०१०१११ नं. मा फोन गर्नुहोस् । वा info@npponepal.gov.np मा इमेल गर्नुहोस् ।

विषादीको उत्पादक र वितरकको नाम ठेगाना: **ठाकर केमिकल्स लि.**
करमपुरा कमर्सियल कम्प्लेक्स
नया दिल्ली - ११००१५, भारत

पञ्जीकरणकर्ताको नाम ठेगाना र सम्पर्क नं. **एन एम एस एग्रो प्रा. लि.** हनुमान सेन्ट्रल, बिर्तामोड-४, झापा
सम्पर्क नं.०२३ ५३१ ४७७,
info@nmsagro.com.np

उत्पादित देशको रजिष्टर न. CIR-191135/2021-PYRAZOSULFURON ETHYL(WP)(429)-87.

नेपालमा पञ्जीकरण गरिएको नं.

0044-HER-WP-2026




**बिषादीको प्रयोग गर्नु पूर्व सूचकपत्र अध्ययन गर्नुहोस् ।**

जीवनाशक विषादी बिष हो, औषधी होइन । अतः विषादीको प्रयोग पूर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस् ।

प्रेटीलाक्लोर ५०% ई सी

Pretilachlor 50% EC

# ट्रैक

अंकुरन पूर्व  प्रयोग गर्ने दुई दलिय झारनाशक विषादी (Selective pre-emergence broad spectrum herbicide)

**सिफारिस**

| बाली | झारहरुको नाम | प्रति हेक्टर वा २० रोपनीका लागि सिफारिस मात्रा | | विषादी छरेपछि फल टिप्नु वा काट्नु अघि पर्खने अवधि | मिलि / प्रति लिटर पानीमा |
|---|---|---|---|---|---|
| | | विषादीको आवश्यक मात्रा (मिलि) | विषादी घोल्न जम्मा चाहिने पानी (लि.) | | |
| रोपेको धान | सामा धान (Echinochloa Crusgalli), सामा घासँ (Echinochloa Colonum), एक वर्षिय जौंनार (Cyperus Difformis), छाता मोथे (Cyperus Iria), महाभृङ्गराज (Eclipte Alba), पानीको झाडी (Ludwigia Pulviflora), लेप्टोक्लोआ घाँस (Leptochloa Chinensis), निलो जलकुम्भी (Monochoria vVaginalis), भुइँ घाँस (Panicum Repens) | १००० - १५०० | ५०० - ७५० | ७५-९० दिन | २-३ |

**नोटः** झारहरुको नेपाली नाम स्थान विशेस अनुसार फरक हुनसक्छ । त्यसैले विज्ञहरुसंग सम्पर्क गनुहोस् ।

**प्रयोग गर्ने बिधि**

विषादीको घोल बनाउँदा छर्कने ट्याकींको आधा मात्रासम्म पानी राखेर विषादीको मात्रा हाल्नुहोस् र राम्रोसँग घोल्नुहोस् । यसपछि पानी थपेर फेरि चलाउनुहोस् । तयार भएको विषादीको घोल तुरुन्त छर्कर्नुहोस् । यो विषादीलाई धान रोपेको ५ दिन भित्रमा प्रयोग गरि सक्नु पर्दछ । यो विषादी विभिन्न प्रकारका विषादी छर्कने उपकरणबाट धान रोपेको क्षेत्रमा छर्न सकिन्छ ।

**यो विषादी प्रयोग गर्दा देहायका सावधानी अपनाउनु पर्छ ।**

विषादी प्याकेट खोल्दा, घोल तयार गर्दा  वा विषादी छर्कदा पञ्जा, रवर वुट, चश्मा ग्याँस मास्क, टोपी तथा पुरा शरीर ढाक्ने सुरक्षात्मक पहिरनको प्रयोग गर्नुहोस् । विषादी छर्कदा छिटाहरु नाक मुखबाट भित्र प्रवेश गर्न दिनु हुदैन । साथै मुख, आँखामा एवंम छालामा विषादीको सिधा सर्म्पक हुन नदिनुहोस् । बिषादी छरी सके पछि सम्पर्कमा आएका कपडाहरु राम्रोसगं धुनुहोस् र नुहाउनुहोस् । बिषादी छर्दा खाने, चपाउने, पिउने, धुम्रपान गर्नु हुदैन ।

**मानिसलाई यो विषादीको बिष लागेको अवस्थामा**

यो विषादीले प्राथमिक रुपमा टाउको दुख्ने, थकान, चक्कर लाग्ने (Giddiness), स्नायु अस्थिरता (Nervousness), वाकवाकी (Nausea), तथा उल्टी हुने (Vomitting) जस्ता लक्षण देखापर्दछ ।

**बिष लाग्दा अपनाउनुपर्ने प्राथमिक उपचार**

विषादीको सम्पर्क भएको लुगा हटाउनुहोस् र छालालाई साबुन र पानीले राम्ररी धुनुहोस्। यदि आँखामा विषादी सम्पर्क भएमा आँखा खुला राख्नुहोस् र कम्तिमा १५ मिनेटसम्म सफा पानीले छम्कनुहोस्  र तुरुन्त डाक्टरको सल्लाह लिनुहोस्। मुखबाट विषादी निलेमा बान्ता गराउन हुदैन (फोक्सोमा पस्न सक्छ) । तुरुन्तै नजिकको अस्पताल वा स्वास्थ्य केन्द्रमा लैजानुहोस् ।

**एण्टिडट**

बिशेष किसिमको एण्टिडट छैन । लक्षणको आधारमा उपचार गर्नुपर्दछ ।

**प्रयोग गरीएका भाँडाको बिसर्जन**

विषादी राखिएको प्याकेट कहिल्यै पुनः प्रयोग (पानी, खाना, तेल जस्ता खानेकुरा राख्न) नगर्नुहोस् । विषादीको खाली खोलहरु वा अन्य विषादीयुक्त सामग्रीहरू र विषादी सफा गरेको पानीको उचित व्यवस्थापन गर्नु विषादी उत्पादक, प्रयोगकर्ताहरुको कर्तव्य हुनेछ। वातावरणीय वा पानी प्रदूषण हुन नदिनका लागि खालि कन्टेनरहरू आवासीय क्षेत्रबाट टाढाँ १/२ मिटर गहिरो खाँडलमा सुरक्षित तरिकाले नष्ट गर्नुपर्नेछ ।

**भण्डारणको अवस्था**

विषादी भएका प्याकेजहरूलाई अन्य वस्तुहरू भण्डारण गर्न प्रयोग गरिने कोठा वा परिसरबाट टाढा छुट्टै कोठा वा परिसरमा भण्डारण गर्नुपर्छ वा विषादीको मात्रा र प्रकृति अनुसार छुट्टै दराजमा ताला र चाबी  लगाई राख्नुपर्छ। विषादी भण्डारण गर्नको लागि बनाइएको कोठा ढलान गरेको, नसोस्ने, प्रयाप्त उज्यालो भएको, सुख्खा, हावा चल्ने  हुनुपर्छ। आधिकारिक व्यक्तिहरूको मात्र पहुँच हुने गरी विषादीको प्याकेट रकन्टेनरहरू सुख्खा ठाउँमा भण्डारण गर्नुहोस् । विषादीलाई खाना, पेय पदार्थ, पशु आहारा, औषधि,  वा मलखादबाट टाढा राख्नुहोस् ।

**थप विवरण का लागी**

**प्रयोग गर्नु पुर्व पर्चामा लेखिएको जीवनाशक बिषादी बारेमा संपूर्ण जानकारी पढनुहोस् र पालना गर्नुहोस् ।**

**सावधानी**

बच्चाको पहुँचबाट टाढा राख्नुहोस



**सावधान, हरियो**

**(कृषि प्रयोजनका लागि मात्र)**

यो जीवनाशक बिषादीको बारेमा कुनै गुनासो भएमा प्लान्ट क्वारेन्टाइन तथा बिषादी ब्यवस्थापन केन्द्रका सूचना अधिकृतलाई ०१-५०१०१११ नं. मा फोन गर्नुहोस् । वा info@npponepal.gov.np मा इमेल गर्नुहोस् ।

विषादीको उत्पादक र वितरकको नाम ठेगानाः **ठाकर केमिकल्स लि.**
करमपुरा कमर्सियल कम्प्लेक्स
नया दिल्ली - ११००१५, भारत

पञ्जीकरणकर्ताको नाम ठेगाना र सम्पर्क नं. **एन एम एस एग्रो प्रा. लि.** हनुमान सेन्ट्रल, बिर्तामोड-४, झापा
सम्पर्क नं.०२३ ५३१ ४७७,
info@nmsagro.com.np

उत्पादित देशको रजिष्टर न. CIR-47,046/2003-PRETILACHLOR(EC)(241)-116.

नेपालमा पञ्जीकरण गरिएको नं.

0045-HER-EC-2026




**बिषादीको प्रयोग गर्नु पूर्व सूचकपत्र अध्ययन गर्नुहोस् ।**

**जीवनाशक विषादी बिष हो, औषधी होइन । अतः विषादीको प्रयोग पूर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस् ।**

**प्रोपिनेप ७०% डब्लु पी**

Propineb 70% WP

# एन्ट्राकोल

सम्पर्क ढुसिनासक

| सिफारिस | | | | | |
|---|---|---|---|---|---|
| बाली | रोगको सामान्य नाम | प्रति हेक्टर वा २० रोपनीका लागि सिफारिस मात्रा | | विषादी छरेपछि फल टिप्नु वा काट्नु अघि पर्खने अवधि | ग्राम / प्रति लिटर पानीमा |
| | | यस विषादीको आवश्यक मात्रा - ग्राम) | विषादी घोल्न जम्मा चाहिने पानी (लि.) | | |
| स्याउ | स्क्याब (Scab) | ३०० | १०० | ३० दिन | ०.३ |
| अनार | पात र फलको थोप्लो रोग (Leaf and Fruit Spot) | ३०० | १०० | १० दिन | ०.३ |
| आलु | अगौटे डढुवा (Early blight) | ३०० | १०० | १५ दिन | ०.३ |
| खुर्सानी | टुप्पो सुक्ने (Dieback) | ५०० | १०० | १० दिन | ०.५ |
| टमाटर | आखाँ सड्ने रोग (Buck eye rot) | ३५० | ५०० | १० दिन | ०.७ |
| अंगुर | डाउनी मिल्डु (Downy mildew) | ३०० | १०० | १० दिन | ०.३ |
| धान | खैरो थोप्लो रोग ( Brown and Narrow Leaf Spot) | १५००-२००० | ५०० | १५ दिन | ३-४ |
| कपास | पातको थोप्लो रोग (Alternaria Leaf Spot) | १२५०-१५०० | ५०० | २७ दिन | २.५-३ |

**प्रयोग गर्ने बिधि**

विषादीको घोल बनाउँदा छर्कने ट्याकींको आधा मात्रासम्म पानी राखेर विषादीको मात्रा हाल्नुहोस् र राम्रोसँग घोल्नुहोस् । यसपछि आवश्यक पर्ने पानीको मात्रा थपेर फेरि चलाउनुहोस् । तयार भएको विषादीको घोल तुरुन्त छर्कर्नुहोस् । विषादी सबै पातहरू भिज्ने गरि एकनासले छर्कनुहोस्।

**यो विषादी प्रयोग गर्दा देहायका सावधानी अपनाउनु पर्छ ।**

